॥ इति देव्या अर्गलास्तोत्रं सम्पूर्णम् ॥

जो मनुष्य यो स्तोत्रको पाठ गरेर सप्तशतीरूपी महास्तोत्र पाठ गर्दछ, त्यो सप्तशतीको जपसंख्याबाट प्राप्त हुने श्रेष्ठ फल पूरा पाउँदछ तथा उसले प्रचुर सम्पत्ति पनि प्राप्त गर्दछ ॥२५॥

॥ इति अर्गलास्तोत्रको टीका समाप्त भयो ॥

अथ कीलकम्

ॐ अस्य श्रीकीलकमन्त्रस्य शिव ऋषिः, अनुष्टुप् छन्दः, श्रीमहासरस्वती देवता, श्रीजगदम्बाप्रीत्यर्थं सप्तशतीपाठाङ्गत्वेन जपे विनियोगः ।।

ॐ नमश्चण्डिकायै ।। मार्कण्डेय उवाच ।।

ॐ विशुद्धज्ञानदेहाय त्रिवेदीदिव्यचक्षुषे ।
श्रेयःप्राप्तिनिमित्ताय नमः सोमार्धधारिणे ।।१।।

मार्कण्डेय मुनि भन्दछन्- विशुद्ध ज्ञान नै जसको देह छ, तीनै वेद जसको तीन नेत्र छन्, जो कल्याण प्राप्तिको हेतु छन् तथा आफ्नू मस्तकमा अर्धचन्द्रको मुकुट धारण गर्दछन्, ती भगवान् शिवलाई नमस्कार छ ।।१।।

सर्वमेतद् विजानीयान्मन्त्राणामभिकीलम् ।
सोऽपि क्षेममवाप्नोति सततं जाप्यतत्परः ।।२।।
सिद्ध्यन्त्युच्चाटनादीनि वस्तूनि सकलान्यपि।
एतेन स्तुवतां देवी स्तोत्रमात्रेण सिद्ध्यति ।।३।।

मन्त्रका सिद्धिमा विघ्न उपस्थित पार्ने शापरूपी कीलकलाई जो निवारण गर्दछन्, त्यो सप्तशती स्तोत्रलाई सम्पूर्णरूपले जान्नुपर्दछ, जानेर नै उसको उपासना गर्नुपर्दछ । यद्यपि सप्तशती-बाहेक अन्य मन्त्रको जपमा पनि जो निरन्तर लागिरहन्छ, त्यो पनि कल्याणभागी हुन्छ ।।२।। त्यसका पनि उच्चाटनादि कर्म सिद्ध हुन्छन् र त्यसलाई पनि दुर्लभ वस्तुको प्राप्ति हुन्छ तथापि अन्य मन्त्रको जप नगरेर जो केवल सप्तशती नामक स्तोत्रले नै देवीको स्तुति गर्दछन्, तिनलाई स्तुतिमात्रले पनि देवी सिद्ध हुन्छिन् ।।३।।

न मन्त्रो नौषधं तत्र न किञ्चिदपि विद्यते ।
विना जाप्येन सिद्ध्येत सर्वमुच्चाटनादिकम् ॥४॥
समग्राण्यपि सिद्ध्यन्ति लोकशङ्कामिमां हरः ।
कृत्वा निमन्त्रयामास सर्वमेवमिदं शुभम् ॥५॥

तिनलाई आफ्नू कार्यको सिद्धिका लागि मन्त्र, औषधि तथा अन्य कुनै पनि साधनको उपयोग गर्ने आवश्यकता पर्दैन । जप नगरेर नै तिनका उच्चाटनादि समस्त अभिचारिक कर्म सिद्ध हुन्छन् ॥४॥ त्यति मात्र होइन, तिनको अभीष्ट वस्तु पनि सिद्ध हुन्छन् । मनुष्यका मनमा शङ्का थियो-'जब केवल सप्तशतीको उपासनाले अथवा अन्य मन्त्रको उपासनाले सबै कार्य सिद्ध हुन्छन्, तब यिनमा श्रेष्ठ साधन कुन हो ?' यही शंका समाधानको लागि भगवान् शंकरले आफू कहाँ आएका जिज्ञासुहरूलाई बुझाउनुभयो- यो सप्तशती नामक स्तोत्र नै सर्वश्रेष्ठ र कल्याणमय छ ॥५॥

स्तोत्रं वै चण्डिकायास्तु तच्च गुप्तं चकार सः ।
समाप्तिर्न च पुण्यस्य तां यथावन्नियन्त्रणाम् ॥६॥
सोऽपि क्षेममवाप्नोति सर्वमेवं न संशयः ।
कृष्णायां वा चतुर्दश्यामष्टम्यां वा समाहितः ॥७॥

अनि चण्डिका देवीको सप्तशती नामक स्तोत्र शिवले गुप्त पारिदिनुभयो । सप्तशतीको पाठले जुन पुण्य प्राप्त हुन्छ, त्यसको समाप्ति कहिल्यै हुँदैन, तर अन्य मन्त्रको जपजन्य पुण्य समाप्त हुन्छ । अतः शिवजीले अरू मन्त्रको अपेक्षा सप्तशतीको नै श्रेष्ठताको निर्णय गर्नुभयो, त्यो यथार्थ जान्नू ॥६॥ अन्य मन्त्रको जप गर्ने व्यक्तिले पनि यदि सप्तशतीको जप र अनुष्ठान गर्दछ भने त्यो पनि पूर्णरूपले कल्याणको भागी हुन्छ । जो साधक कृष्णपक्षको चतुर्दशी वा अष्टमीमा एकाग्रचित्त भएर देवीको सेवामा आफ्नू सर्वस्व समर्पित गर्दछ र ॥७॥

दादाति प्रतिगृह्णाति नाऽन्यथैषा प्रसीदति ।
इत्थंरूपेण कीलेन महादेवेन कीलितम् ।।८।।
यो निष्कीलां विधायैनां नित्यं जपति संस्फुटम् ।
स सिद्धः स गणः सोऽपि गन्धर्वो जायते नरः ।।९।।

फेरि त्यही प्रसादरूपमा ग्रहण गर्दछ भने त्यसमाथि भगवती प्रसन्न हुन्छिन् । यस प्रकार सिद्धिको प्रतिबन्धकरूप कीलकद्वारा शिवजीले यस स्तोत्रलाई कीलित पारेका छन् ।।८।। जो पूर्वोक्त रीतिले निष्कीलन गरेर यस सप्तशती स्तोत्रको प्रतिदिन स्पष्ट उच्चारणपूर्वक पाठ गर्दछ, त्यो मनुष्य सिद्ध हुन्छ र त्यही नै पछि देवीको पार्षद र गन्धर्व पनि बन्दछ ।।९।।

न चैवाप्यटतस्तस्य भयं क्वापीह जायते ।
नापमृत्युवशं याति मृतो मोक्षमवाप्नुयात् ।।१०।।
ज्ञात्वा प्रारभ्य कुर्वीत न कुर्वाणो विनश्यति ।
ततो ज्ञात्वैव सम्पन्नमिदं प्रारभ्यते बुधैः ।।११।।

सबै ठाउँमा डुल्दै रहे पनि यस संसारमा उसलाई कहीं पनि डर-भय रहन्न । त्यो अपमृत्युमा पर्दैन र देह त्यागेपछि मोक्ष प्राप्त गर्दछ ।।१०।। अतः कीलन जानेर त्यसको परिहार गरेर नै सप्तशतीको पाठ आरम्भ गरोस् । जो त्यस्तो गर्दैन त्यसको नाश हुनेछ । यसै निम्ति कीलक र निष्कीलनको ज्ञान प्राप्त गरेपछि नै यो स्तोत्र निर्दोष बन्दछ र विद्वान् व्यक्ति निर्दोष स्तोत्रको नै पाठ गर्दछन् ।।११।।

सौभाग्यादि च यत्किञ्चिद् दृश्यते ललनाजने।
तत् सर्वं तत्प्रसादेन तेन जाप्यमिदं शुभम् ।।१२।।
शनैस्तु जप्यमानेऽस्मिन् स्तोत्रे सम्पत्तिरुच्चकैः ।
भवत्येव समग्राऽपि ततः प्रारभ्यमेव तत् ।।१३।।

नारीहरूमा जुन सौभाग्यादि देखिन्छन्- ती सबै देवीको प्रसादको नै फल हो, अतः यस कल्याणमय स्तोत्रको सधैं जप गर्नुपर्दछ ।।१२।। यस स्तोत्रको मन्दस्वरले पाठ गर्दा स्वल्प फल मिल्दछ, अतः उच्चस्वरले पाठ गरे पूर्ण सिद्धि मिल्दछ । त्यसै हुनाले यसको पाठ उच्चस्वरले नै आरम्भ गर्नुपर्दछ ।।१३।।

ऐश्वर्यं यत्प्रसादेन सौभाग्याऽऽरोग्यसम्पदः।
शत्रुहानिः परो मोक्षः स्तूयते सा न किं जनैःॐ।।१४।।
।। इति देव्याः कीलकस्तोत्रं सम्पूर्णम् ।।

जसको कृपा-प्रसादले ऐश्वर्य, सौभाग्य, आरोग्य, सम्पत्ति, शत्रुनाश र मोक्षको पनि सिद्धि हुन्छ, त्यो कल्याणमयी जगदम्बा किन स्तुति गरिन्नन् ।।१४।।

।। इति देवीको कीलकस्तोत्रको टीका समाप्त भयो ।।

सप्तशती-न्यास-विधिः

ॐ अस्य श्रीनवार्णमन्त्रस्य ब्रह्म-विष्णु-रुद्रा ऋषयः, गायत्र्युष्णिगनुष्टुप्-छन्दांसि, श्रीमहाकाली-महालक्ष्मी-महासरस्वत्यो देवताः, नन्दा-शाकम्भरी-भीमाः शक्तयः, रक्तदन्तिका-दुर्गा-भ्रामर्यो बीजानि, अग्निवायुसूर्यास्तत्त्वानि, श्रीमहाकाली-श्रीमहालक्ष्मी-श्रीमहासरस्वती-प्रीत्यर्थं जपे विनियोगः ।

ॐ ब्रह्म-विष्णु-रुद्र ऋषिभ्यो नमः, शिरसि । गायत्र्युष्णिगनुष्टुप्छन्दोभ्यो नमः, मुखे । श्रीमहाकाली-श्रीमहालक्ष्मी-श्रीसरस्वती देवताभ्यो नमः, हृदि । नन्दा-शाकम्भरी-भीमाशक्तिभ्यो नमः, दक्षिणस्तने । रक्तदन्तिकादुर्गाभ्रामरीबीजेभ्यो नमः, वामस्तने । ॐ अग्निवायुसूर्यास्तत्त्वेभ्यो नमः, नाभौ । इति ऋष्यादिन्यासः ।। मूलेन करौ संशोध्य ।

अथ एकादशन्यासः । तत्रादौ मातृकान्यासः । मन्त्रस्य सर्वत्राऽऽदौ प्रणवोच्चारः । ॐ अं नमो ललाटे, ॐ आं नमो मुखवृत्ते, ॐ इं नमो दक्षिणनेत्रे, ॐ ईं नमो वामनेत्रे, ॐ उं नमो दक्षिणकर्णे, ॐ ऊँ नमो वामकर्णे, ॐ ऋं नमो दक्षिणनासिकायाम्, ॐ ॠं नमो वामनासिकायाम्, ॐ ऌं नमो दक्षिणगण्डे, ॐ ॡं नमो वामगण्डे, ॐ एं नमो ऊर्ध्वोष्ठे, ॐ ऐं नमो अधरोष्ठे, ॐ ओं नमो ऊर्ध्वदन्तपंक्तौ, ॐ औं नमोऽधोदन्तपंक्तौ, ॐ अं नमः शिरसि, ॐ अः नमो मुखे।

ॐ कं नमो दक्षबाहुमूले, ॐ खं नमो दक्षकूर्परे, ॐ गं नमो दक्षमणिबन्धे, ॐ घं नमो दक्षाङ्गुलिमूले, ॐ ङं नमो दक्षाङ्गुल्यग्रे, ॐ चं नमो वामबाहुमूले, ॐ छं नमो वामकूर्परे, ॐ जं नमो वाममणिबन्धे, ॐ झं नमो वामाङ्गुलिमूले, ॐ ञं नमो वामाङ्गुल्यग्रे, ॐ टं नमो दक्षपादमूले, ॐ ठं नमो दक्षजानुनि, ॐ डं नमो दक्षगुल्फे, ॐ ढं नमो दक्षपादाङ्गुलिमूले, ॐ णं नमो दक्षपादाङ्गुल्यग्रे,

ॐ तं नमो वामपादमूले, ॐ थं नमो वामजानुनि, ॐ दं नमो वामगुल्फे, ॐ धं नमो वामपादाङ्गुलिमूले, ॐ नं नमो वामपादाङ्गुल्यग्रे, ॐ पं नमो दक्षपार्श्वे, ॐ फं नमो वामपार्श्वे, ॐ बं नमो पृष्ठे, ॐ भं नमो नाभौ, ॐ मं नमो जठरे, ॐ यं नमो हृदि, ॐ रं नमो दक्षांसे, ॐ लं नमः ककुदि, ॐ वं नमो वामांसे, ॐ शं नमो हृदयादि - दक्षहस्तान्ते, ॐ षं नमो हृदयादि - वामहस्तान्ते, ॐ सं नमो हृदयादि - दक्षपादान्ते, ॐ हं नमो हृदयादि - वामपादान्ते, ॐ क्षं नमो जठरे, ॐ त्रं नमो मुखे। इति मातृकान्यासो देवसारूप्यप्रदः प्रथमः ॥१॥

ॐ ऐं ह्रीं क्लीं नमः कनिष्ठयोः, ॐ ऐं ह्रीं क्लीं नमः अनामिकयोः, ॐ ऐं ह्रीं क्लीं नमो मध्यमयोः, ॐ ऐं ह्रीं क्लीं नमः तर्जन्योः, ॐ ऐं ह्रीं क्लीं नमः अङ्गुष्ठयोः, ॐ ऐं ह्रीं क्लीं नमः करमध्ये, ॐ ऐं ह्रीं क्लीं नमः करपृष्ठे, ॐ ऐं ह्रीं क्लीं नमो मणिबन्धयोः, ॐ ऐं ह्रीं क्लीं नमः कूर्परयोः, ॐ ऐं ह्रीं क्लीं

नमः हृदयाय नमः, ॐ ऐं ह्रीं क्लीं नमः शिरसे स्वाहा, ॐ ऐं ह्रीं क्लीं नमः शिखायै वषट्, ॐ ऐं ह्रीं क्लीं नमः कवचाय हुम्, ॐ ऐं ह्रीं क्लीं नमो नेत्रत्रयाय वौषट्, ॐ ऐं ह्रीं क्लीं नमोऽस्त्राय फट्। इति सारस्वतो जाड्यविनाशको द्वितीयः ॥२॥

ॐ ह्रीं ब्राह्मी पूर्वस्यां मा पातु। ॐ ह्रीं माहेश्वरी आग्नेय्यां मां पातु। ॐ ह्रीं कौमारी दक्षिणस्यां मां पातु। ॐ ह्रीं वैष्णवी नैर्ऋत्यां मां पातु। ॐ ह्रीं वाराही पश्चिमायां मां पातु। ॐ ह्रीं इन्द्राणी वायव्यां मां पातु। ॐ ह्रीं चामुण्डा उत्तरस्यां मां पातु। ॐ ह्रीं महालक्ष्मी ऐशान्यां मां पातु। ॐ ह्रीं व्योमेश्वरी ऊर्ध्वं मां पातु। ॐ ह्रीं सप्तद्वीपेश्वरी भूमौ मां पातु। ॐ ह्रीं कामेश्वरी पाताले मां पातु। इति मातृगणन्यासस्त्रैलोक्यविजयप्रदस्तृतीयः ॥३॥

ॐ कमलाङ्कुशमण्डिता नन्दजा पूर्वाङ्गं मे पातु । ॐ खड्गपात्रधरा रक्तदन्तिका दक्षिणाङ्गं मे पातु । ॐ पुष्पपल्लवसंयुक्ता शाकम्भरी पश्चिमाङ्गं मे पातु । ॐ धनुर्बाणधरा दुर्गा वामाङ्गं मे पातु । ॐ शिरः-पात्रकरा भीमा मस्तकाच्चरणावधि मां पातु । ॐ चित्रकान्तिभृद् भ्रामरी पादादिमस्तकान्तं मे पातु ।इति जरामृत्युहरी नन्दजादि न्यासश्चतुर्थः ।।४।।

ॐ पादादिनाभिपर्यन्तं ब्रह्मा मे पातु । ॐ नाभेर्विशुद्धिपर्यन्तं जनार्दनो मां पातु । विशुद्धेर्ब्रह्मरन्ध्रान्तं रुद्रो मां पातु । ॐ हंसः पदद्वयं मे पातु । ॐ वैनतेयः करद्वयं मे पातु । ॐ वृषभ - चक्षुषी मे पातु । ॐ गजाननः सर्वाङ्गं मे पातु । ॐआनन्दमयो हरिः पापपरौ देहखगौ मे पातु ।
इति सर्वकामदो ब्रह्मादिन्यासः पञ्चमः ।।५।।

ॐ अष्टादशभुजा लक्ष्मीर्मध्यभागं मे पातु । ॐ अष्टभुजा महासरस्वती ऊर्ध्वभागं मे पातु । ॐ दशभुजा महाकाली अधोभागं मे पातु । ॐ सिंहो हस्तद्वयं मे पातु । ॐ परमहंसोऽक्षियुगं मे पातु । ॐ महिषारूढो यमः पदद्वयं मे पातु । महेशश्चण्डिकायुक्तः सर्वाङ्गं मे पातु ।
इति महालक्ष्म्यादिन्यासः सद्गतिप्रदः षष्ठः ।।६।।

ॐ ऐं नमो ब्रह्मरन्ध्रे । ॐ ह्रीं नमो दक्षिणनेत्रे । ॐ क्लीं नमो वामनेत्रे। ॐ चं नमो दक्षिणकर्णे । ॐ मुं नमो वामकर्णे । ॐ डां नमो दक्षिणनासापुटे। ॐ यं नमो वामनासापुटे ।ॐ विं नमो मुखे । ॐ च्चें नमो गुह्ये ।
इति मूलाक्षारन्यासो रोगक्षयकरः सप्तमः ।।७।।

ॐ च्चें नमो गुह्ये । ॐ विं नमो मुखे । ॐ यैं नमो वामनासापुटे । ॐ डां नमो दक्षिणनासापुटे । ॐ मुं नमो वामकर्णे । ॐ चां नमो दक्षिणकर्णे। ॐ क्लीं नमो वामनेत्रे । ॐ ह्रीं नमो दक्षिणनेत्रे । ॐ ऐं नमो ब्रह्मरन्ध्रे । इति विलोमाक्षरन्यासः सर्वदुःखनाशकोऽष्टमः ॥८॥

मूलमुच्चार्य मस्तकाच्चरणान्तमष्टवारं व्यापकं कुर्यात् । तद्यथा- प्रथमं पुरतो मूलेन मस्तकाच्चरणावधि ॥१॥ मूलोच्चारेण - व्यापकं चरणान्मस्तकावधि ॥२॥ एवं दक्षिणतः पश्चाद्वामभागे चेति प्रतिदिग्भागे अनुलोम-विलोमतया द्विर्द्विरिति अष्टवारं व्यापकं भवति । इति देवताप्राप्तिकरो मूलव्यापको नवमः ॥९॥

ॐ हृदयाय नमः । एवं प्रत्यङ्गं सर्वत्रादौ मूलमुच्चार्य षडङ्गेषु न्यसेत्। इति मूलषडङ्गन्यासस्त्रैलोक्यवशकरो दशमः ॥१०॥

ॐ खड्गिनी शूलिनी घोरा गदिनी चक्रिणी तथा ।
शङ्खिनी चापिनी बाण-भुशुण्डी परिघाऽऽयुधा ॥१॥
सौम्यासौम्यतरा शेषसौम्येभ्यस्त्वति सुन्दरी ।
परापराणां परमा त्वमेव परमेश्वरी ॥२॥
यच्च किञ्चित् क्वचिद्वस्तु सदसद्वाखिलात्मिके ।
तस्य सर्वस्य या शक्तिः सा त्वं किं स्तूयसे मया ॥३॥
यया त्वया जगत्-स्त्रष्टा जगत्पात्त्यत्ति यो जगत् ।
सोऽपि निद्रावशं नीतः कस्त्वां स्तोतुमिहेश्वरः ॥४॥
विष्णुः शरीरग्रहणमहमीशान एव च ।

कारितास्ते यतोऽतस्त्वां कः स्तोतुं शक्तिमान् भवेत् ।।५।।

इति आद्यं वाग्बीजं कृष्णतरं ध्यात्वा सर्वाङ्गे विन्यसामीति सर्वांगे न्यसेत् ।

ॐ शूलेन पहि नो देवि पाहि खड्गेन चाम्बिके ।
घण्टास्वनेन नः पाहि चापज्यानिःस्वनेन च ।।१।।
प्राच्यां रक्ष प्रतीच्यां च चण्डिके रक्ष दक्षिणे ।
भ्रामणेनात्म - शूलस्य उत्तरस्यां तथेश्वरि ।।२।।
सौम्यानि यानि रूपाणि त्रैलोक्ये विचरन्ति ते ।
यानि चात्यन्त-घोराणि तैरक्षाऽमाँस्तथा भुवम् ।।३।।
खड्गशूल-गदादीनि यानि चाऽस्त्राणि तेऽम्बिके ।
करपल्लव-संगीनि तैरस्म्मान् रक्ष सर्वतः ।।४।।

इति द्वितीयं मायाबीजं सूर्यसदृशं ध्यात्वा सर्वाङ्गे विन्यसेत् ।

सर्व - स्वरूपे सर्वेशे सर्वशक्ति - समन्विते ।
भयेभ्यस्त्राहि नो देवि दुर्गे देवि नमोऽस्तु ते ।।१।।
एतत् ते वदनं सौम्यं लोचनत्रय-भूषितम् ।
पातु नः सर्वभूतेभ्यः कात्यायनि नमोऽस्तु ते ।।२।।
ज्वालाकरालमत्युग्र - मशेषासुर - सूदनम् ।
त्रिशूलं पातु नो भीतेर् भद्रकालि नमोऽस्तु ते ।।३।।
हिनस्ति दैत्यतेजांसि स्वनेनाऽऽपूर्य या जगत् ।
सा घण्टा पातु नो देवि पापेभ्योऽ नः सुतानिव ।।४।।
असुरासृग्वसापङ्क - चर्चितस्ते करोज्ज्वलः ।
शुभाय खड्गो भवतु चण्डिके त्वां नता वयम् ।।५।।

तृतीयं कामबीजं स्फटिकाभं ध्वात्वा सर्वाङ्गे विन्यसामि इति सर्वांगे विन्यसेत् । इति सूक्तादिबीजत्रयन्यासः पञ्चमः । सर्वाऽनिष्टहरः सर्वाऽभीष्टप्रदः, रक्षाकरश्चैकादशः ।।११।।

मूलषडङ्गन्यासः -ॐ ऐं अङ्गुष्ठाभ्यां नमः । ॐ ह्रीं तर्जनीभ्यां नमः । ॐ क्लीं मध्यमाभ्यां नमः । ॐ चामुण्डायै अनामिकाभ्यां नमः । ॐ विच्चे कनिष्ठकाभ्यां नमः । ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे करतलकरपृष्ठाभ्यां नमः। एवं हृदयादिन्यासः ।।

अक्षरन्यासः - ॐ ऐं नमः शिखायाम् । ॐ ह्रीं नमः दक्षनेत्रे । ॐ क्लीं नमः वामनेत्रे । ॐ चां नमः दक्षिणकर्णे । ॐ मुं नमः वामकर्णे । ॐ डां नमः दक्षिणनासायम् । ॐ यैं नमः वामनासायाम् । ॐ विं नमो मुखे । ॐ च्चें नमो गुह्ये । एवं विन्यस्याऽष्टवारं मूलेन व्यापकं कुर्यात् ।।

अङ्गन्यासः - ॐ ऐं प्राच्यै नमः । ॐ ऐं आग्नेय्यै नमः । ॐ ह्रीं दक्षिणायै नमः । ॐ ह्रीं नैर्ऋत्यै नमः । ॐ क्लीं प्रतीच्यै नमः । ॐ क्लीं वायव्यै नमः । ॐ चामुण्डायै उदीच्यै नमः । ॐ विच्चे ईशान्यै नमः । ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे भूम्यै नमः ।।

ध्यानम्- खड्गं चक्र-गदेषु-चापपरिघाञ्छूलं भुशुण्डीं शिरः
शङ्खं संदधतीं करैस्त्रिनयनां सर्वाङ्गभूषावृताम् ।
नीलाश्मद्युतिमास्यपाददशकां सेवे महाकालिकां
यामस्तौत् स्वपिते हरौ कमलजो हन्तुं मधुं कैटभम् ।।१।।

अक्षस्त्रक्परशुं गदेषु-कुलिशं पद्मं धनुःकुण्डिकां
दण्डं शक्तिमसिं च चर्म जलजं घण्टां सुराभाजनम् ।

शूलं पाशसुदर्शने च दधतीं हस्तैः प्रवालप्रभां ।
सेवे सैरिभमर्दिनीमिह महालक्ष्मीं सरोजस्थिताम् ।।२।।

घण्टाशूलहलानि शङ्खमुसले चक्रं धनुः सायकं
हस्ताब्जैर्दधतीं घनान्तविलसच्छीतांशुतुल्यप्रभाम् ।
गौरीदेहसमुद्भवां त्रिजगतामाधारभूतां महा-
पूर्वामत्र सरस्वतीमनुभजे शुम्भादिदैत्यार्दिनीम् ।।३।।

माला - प्रार्थना- ॐ मां माले महामाये सर्वशक्तिस्वरूपिणि
चतुर्वर्गस्त्वयि न्यस्तस्तस्मान्मे सिद्धिदा भव ।।
अविघ्नं कुरु माले त्वं गृह्णामि दक्षिणे करे
जपकाले च सिद्ध्यर्थं प्रसीद मम सिद्धये ।।

ॐ अक्षमालाधिपतये सुसिद्धिं देहि देहि सर्वमन्त्रार्थसाधिनि साधय साधय सर्वसिद्धिं परिकल्पय परिकल्पय मे स्वाहा ।।

इति मालां पार्थ्य नत्वा 'सिद्ध्यै नमः' इति वदेत् । मन्त्रार्थस्तु महाकाली-महालक्ष्मी - महासरस्वतीत्यादिरूपे चित्सदानन्दमये चण्डिके त्वां ब्रह्मविद्याप्राप्त्यर्थं वयम् सर्वदा ध्यायामः । इत्यर्थानुसन्धानपूर्वकं नवार्णमन्त्रम् अष्टोत्तरशतं जप्त्वा षडङ्गन्यासं कृत्वा रात्रिसूक्तं जपेत् ।

अथ वेदोक्तं रात्रिसूक्तम्

ॐ रात्रीत्याद्यष्टर्चस्य सूक्तस्य कुशिकः-सौभरो रात्रिर्वा भारद्वाज ऋषिः रात्रिर्देवता, गायत्री छन्दः, देवीमाहात्म्यपाठे विनियोगः ।

ॐ रात्री व्यख्यदायती पुरुत्रा देव्यक्षभिः । विश्वा अधि श्रियोऽधित ।।१।।
ओर्वप्रा अमर्त्यानिवतो देव्युद्वतः । ज्योतिषा बाधते तमः ।।२।।

निरु स्वसारमस्कृतोषसं देव्यायती । अपेदु हासते नमः ॥३॥
सा नो अद्य यस्या वयं नि ते यामन्नविक्ष्महि । वृक्षे न वसतिं वयः ॥४॥
नि ग्रामासो अविक्षत नि पद्वन्तो नि पक्षिणः । नि श्येनासश्चिदर्थिनः ॥५॥
यावया वृक्यं वृकं यवय स्तेनमूर्म्ये । अथा नः सुतरा भव ॥६॥
उप मा पेपिशत्तमः कृष्णं व्यक्तमस्थित । उष ऋणेव यातय ॥७॥
उप ते गा इवाकरं वृणीष्व दुहितर्दिवः । रात्रिस्तोमं न जिग्युषे ॥८॥

अथ तन्त्रोक्तं रात्रिसूक्तम्

ॐ विश्वेश्वरीं जगद्धात्रीं स्थितिसंहारकारिणीम् ।
निद्रां भगवतीं विष्णोरतुलां तेजसः प्रभुः ॥१॥
ब्रह्मोवाच- त्वं स्वाहा त्वं स्वधा त्वं हि वषट्कारः स्वरात्मिका ।
सुधा त्वमक्षरे नित्ये त्रिधा मात्रात्मिका स्थिता ॥२॥

अर्धमात्रास्थिता नित्या यानुच्चार्या विशेषतः ।
त्वमेव सन्ध्या सावित्री त्वं देवि जननी परा ॥३॥
त्वयैतद्धार्यते विश्वं त्वयैतत् सृज्यते जगत् ।
त्वयैतत् पाल्यते देवि त्वमत्स्यन्ते च सर्वदा ॥४॥
विसृष्टौ सृष्टिरूपा त्वं स्थितिरूपा च पालने ।
तथा संहृतिरूपान्ते जगतोऽस्य जगन्मये ॥५॥
महाविद्या महामाया महामेधा महास्मृतिः ।
महामोहा च भवती महादेवी महासुरी ॥६॥
प्रकृतिस्त्वं च सर्वस्य गुणत्रयविभाविनी ।
कालरात्रिर्महारात्रिर्मोहरात्रिश्च दारुणा ॥७॥

त्वं श्रीस्त्वमीश्वरी त्वं ह्रीस्त्वं बुद्धिर्बोधलक्षणा ।
लज्जा पुष्टिस्तथा तुष्टिस्त्वं शान्तिः क्षान्तिरेव च ॥८॥
खड्गिनी शूलिनी घोरा गदिनी चक्रिणी तथा ।
शङ्खिनी चापिनी बाण-भुशुण्डी -परिघाऽऽयुधा ॥९॥
सौम्या सौम्यतरा - शेषसौम्येभ्यस्त्वति - सुन्दरी ।
परापराणां परमा त्वमेव परमेश्वरी ॥१०॥
यच्च किञ्चित् क्वचिद्वस्तु सदसद्वाऽखिलात्मिके ।
तस्य सर्वस्य या शक्तिः सा त्वं किं स्तूयसे मया ॥११॥
यया त्वया जगत्स्रष्टा जगत् पात्यत्ति यो जगत् ।
सोऽपि निद्रावशं नीतः कस्त्वां स्तोतुमिहेश्वरः ॥१२॥

विष्णुः शरीरग्रहणमहमीशान एव च ।
कारितास्ते यतोऽतस्त्वां कः स्तोतुं शक्तिमान् भवेत् ॥१३॥
सा त्वमित्थं प्रभावैः स्वैरुदारैर्देवि संस्तुता ।
मोहयैतौ दुराधर्षावसुरौ मधुकैटभौ ॥१४॥
प्रबोधं च जगत्स्वामी नीयतामच्युतो लघु ।
बोधश्च क्रियतामस्य हन्तुमेतौ महासुरौ ॥१५॥

॥ इति रात्रिसूक्तम् ॥

अथ पल्लवयोजना - सम्पुटीकरण-पाठज्ञापकः। तत्-प्रकारो यथा–ॐ सर्वमङ्गल-माङ्गल्ये० इति प्रणवादि प्रतिसप्तशती-मन्त्रान्ते पल्लवमन्त्रं पठेदिति । योजनाप्रकारः–ॐ सर्वमङ्गल० मार्कण्डेय उवाच । इति सप्तशतीप्रतिमन्त्रादौ सप्रणवं योजनामन्त्रं पठेत् ।

सम्पुटीकरण-प्रकारः- ॐ शरणागतदीनार्त० मार्कण्डेय उवाच । शरणागत दीनार्त० एवं सप्तशती-प्रतिमन्त्रादौ प्रतिमन्त्रान्ते च सम्पुटमन्त्रं पठेत् । अयं तु शान्तिक-पौष्टिक-वशीकरणादिशुभकर्मसु ।।

शत्रुविद्रावणोच्चाटन-मारण-मोहनादि उग्रकर्मसु तु यथा-

'ॐ हुँ फट्' मार्कण्डेय उवाच 'फट् हुँ ॐ'। इति सप्तशती-प्रतिमन्त्रादौ विद्रावण बीजानि पठित्वा तान्येवान्ते विलोमानि पठेत् ।

विनियोगः- अस्य श्रीसप्तशती-स्तोत्र-मालामन्त्रस्य-ब्रह्मा-विष्णु-रुद्र ऋषयः, गायत्र्युष्णिगनुष्टुप्छन्दांसि, श्रीमहाकाली-श्रीमहालक्ष्मी-श्रीमहासरस्वत्यो देवताः, नन्दाशाकम्भरीभीमाः शक्तयः, रक्तदन्तिका-दुर्गाभ्रामर्यो बीजानि, अग्नि-वायु-सूर्यास्तत्त्वानि, ऋग्यजुः-सामवेदा ध्यानानि, मम सकल-कामनासिद्धये श्रीमहाकाली-श्रीमहालक्ष्मी-श्रीमहासरस्वती-प्रीत्यर्थे जपे विनियोगः । तत्रादौ न्यासः।

ॐ खड्गिनी शूलिनी घोरा गदिनी चक्रिणी तथा ।
शङ्खिनी चापिनी बाण-भुशुण्डी परिघाऽऽयुधा ।। ॐ अङ्गुष्ठाभ्यां नमः ।

ॐ शूलेन पाहि नो देवि पाहि खड्गेन चाम्बिके ।
घण्टास्वनेन नः पाहि चापज्यानिः स्वनेन च ।। ॐ तर्जनीभ्यां नमः ।

ॐ प्राच्यां रक्ष प्रतीच्यां च चण्डिके रक्ष दक्षिणे ।
भ्रामणेनात्मशूलस्य उत्तरस्यां तथेश्वरि ।। ॐ मध्यमाभ्यां नमः ।

ॐ सौम्यानि यानि रूपाणि त्रैलोक्ये विचरन्ति ते ।
यानि चात्यन्तघोराणि तैरक्षास्माँस्तथा भुवम् ।। ॐ अनामिकाभ्यां नमः ।

ॐ सर्वस्वरूपे सर्वेशे सर्वशक्तिसमन्विते ।
भयेभ्यस्त्राहि नो देवि दुर्गे देवि नमोऽस्तु ते ।। ॐ करतलकरपृष्ठाभ्यां नमः । एवं हृदयादि-।।

पञ्चाक्षरमन्त्र न्यासाः- ॐ ह्रीं हदयाय नमः । ॐ चं शिरसे स्वाहा । ॐ डिं शिखायै वौषट् । ॐ कां कवचाय हुम् । ॐ यैं नेत्रत्रयाय वौषट् । ॐ ह्रीं चण्डिकायै अस्त्राय फट् ॥

चक्रन्यासः-ॐ शम्भुतेजोज्वलज्ज्वाला-मालिनि पावके ह्रां नन्दायै अङ्गुष्ठाभ्यां नमः।
ॐ शम्भुतेजोज्वलज्वालामालिनि पावके ह्रीं रक्तदन्तिकायै तर्जनीभ्यां नमः ।
ॐ शम्भुतेजोज्वलज्वालामालिनि पावके ह्रूं, शाकम्भर्यै मध्यमाभ्यां नमः ।
ॐ शम्भुतेजोज्वलज्वालामालिनि पावके- ह्रैं दुर्गायै अनामिकाभ्यां नमः ।
ॐ शम्भुतेजोज्वलज्वालामालिनि पावके ह्रौं भीमायै कनिष्ठिकाभ्यां नमः ।
ॐ शम्भुतेजोज्वलज्वालामालिनि पावके ह्रः भ्रामर्यै करतलकरपृष्ठाभ्यां नमः।
एवं हृदयादि-षडङ्गन्यासः ॥

ध्यानम्- ॐ विद्युद्दामसमप्रभां मगृपतिस्कन्धस्थितां भीषणां
कन्याभिः करवालखेट -विलसद्धस्ताभिरासेविताम् ।
हस्तैश्चक्रगदासिखेट - विशिखाँश्चापं गुणं तर्जनीम्
बिभ्राणामनलात्मिकां शशिधरां दुर्गां त्रिनेत्रां भजे ॥१॥

आग्रहः-माधुर्यमक्षर-व्यक्तः पदच्छेदस्तु सुस्वरः ।
धैर्यं लयसमर्थं च षेडेते पाठका गुणाः ॥१॥
गीती शीघ्री शिरःकम्पी तथा लिखितपाठकः ।
अनर्थज्ञोऽल्पकण्ठश्च षडेते पाठकाऽधमाः ॥२॥
यावन्न पूर्यतेऽध्यायस्तावन्न विरमेत् पठन् ।
यदि प्रमादादध्याये विरामो भवति प्रिये ॥३॥

पुनरध्यायमारभ्य पठेत् सर्वं मुहुर्मुहुः ॥४॥
अज्ञानात् स्थापितो हस्ते पाठे ह्यर्धफलं ध्रुवम् ।
न मानसे पठेत् स्तोत्रं वाचिकं तु प्रशस्यते ॥५॥
उच्चैः पाठं निषिद्धं स्यात्, त्वरां च परिवर्जयेत् ।
शुद्धेनाचलचित्तेन पठितव्यं प्रयत्नतः ॥६॥
कण्ठस्थपाठाऽभावे तु पुस्तकोपरि वाचयेत् ।
न स्वयं लिखितं स्तोत्रं नाब्राह्मणलिपिं पठेत् ॥७॥
पुस्तके वाचनं शस्तं सहस्रादधिकं यदि ।
ततो न्यूनस्य तु भवेद्वाचनं पुस्तकं विना ॥८॥

दुर्गा साहित्य भण्डार, वाराणस

अर्थ–यसपछि प्रथम चरित्रको विनियोग र ध्यान गरेर–'मार्कण्डेय उवाच' यहाँदेखि पाठ थाल्नू । पाठ प्रेमपूर्वक भगवतीको ध्यान गर्दै गर्नुपर्दछ । मीठो स्वर, स्पष्ट उच्चारण, पदहरूको विभाग, उत्तम स्वर, धीरता र एक लयले बोल्नू । यी पाठकका गुण हुन् । जो पाठ गर्दा राग ढाल्दछ, उच्चारण छिटो-छिटो गर्दछ, टाउको हल्लाउँछ, आफ्नै हातले लेखेको पुस्तकमा पाठ गर्दछ, अर्थ बुझ्दैन र मन्त्र अधूरो कण्ठस्थ गर्दछ, त्यो पाठकर्तामा अधम गनिन्छ । जबसम्म अध्याय सकिन्न पाठ नथाम्नू । संयोग वा प्रमादवश अध्याय नपुग्दै पाठ रोकियो भने फेरि त्यो अध्याय पूरा पाठ गरोस् । अज्ञानवश पुस्तक हातमा लिएर पाठ गरेको फल आधा हुन्छ, स्तोत्रको पाठ मानसिक होइन, वाचिक हुनुपर्दछ । वाणीले स्पष्ट उच्चारण नै उत्तम मानिन्छ । चर्को स्वरले बोल्नु र हड़बड़ी देखाउनु वर्जित छ । यत्नपूर्वक शुद्ध एवं स्थिरचित्तले पाठ गर्नुपर्दछ । यदि पाठ कण्ठस्थ छैन भने पुस्तक हेरेर गर्नू । आफूले लेखेको र ब्राह्मणबाहेक अन्य जातले लेखेको स्तोत्र पाठ नगर्नू । यदि एक हजारभन्दा वर्ता श्लोकको ग्रन्थ भए पुस्तक हेरेरै पाठ गर्नू। त्योभन्दा थोरै भए राम्ररी कण्ठस्थ पारेर पुस्तक साक्षी मात्र राखी पाठ गर्न सकिन्छ । अध्याय सकिएपछि, 'इति' 'वध' 'अध्याय' र 'समाप्त' शब्दको उच्चारण गर्नु हुँदैन । अध्याय सकिएपछि यसरी भन्नुपर्दछ। 'श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये प्रथमः ॐ तत्सत् । 'यसै गरी 'द्वितीयः' 'तृतीयः ' भन्दै समाप्त पार्नुपर्दछ ।।

॥ श्रीदुर्गायै नमः ॥

अथ श्रीदुर्गासप्तशती

प्रथमोऽध्यायः

ध्यानम्-

ॐ खड्गं चक्रगदेषुचापपरिघाञ्छूलं भुशुण्डीं शिरः
शङ्खं संदधतीं करैस्त्रिनयनां सर्वाङ्गभूषावृताम् ।
नीलाश्मद्युतिमास्यपाददशकां सेवे महाकालिकाम्
यामस्तौत् स्वपिते हरौ कमलजो हन्तुं मधुं कैटभम् ॥

आफ्ना दश हातहरूले खड्ग, चक्र, गदा, बाण, धनुष, परिघ, शूल, भुशुण्डी, मस्तक (खोपड़ी) र शंख धारण गरेकी, सारा अङ्गप्रत्यङ्गमा गहनागुरियाले झरिझुट्ट भएकी, अनि तीन (दुई भौतिक र एक दिव्य) आँखा भएकी, अनि नीलमणिको जस्तो चमक भएकी, दश मुख र दश गोड़ा भएकी, जसलाई मधु र कैटभको हत्या गर्नका लागि ब्रह्माजीले सुतेका हरिलाई स्तुति गरे, त्यस्ती महाकालीलाई म सेवा गर्दछु ॥

विनियोगः- ॐ प्रथमचरित्रस्य ब्रह्मा ऋषिः, महाकाली देवता, गायत्री छन्दः, नन्दा शक्तिः, रक्तदन्तिका बीजम्, अग्निस्तत्त्वम्, ऋग्वेदः स्वरूपम्, श्रीमहाकाली प्रीत्यर्थे, प्रथमचरित्रजपे विनियोगः ।

ॐ नमश्चण्डिकायै । 'ॐ ऐं' मार्कण्डेय उवाच ॥१॥

सावर्णिः सूर्यतनयो यो मनुः कथ्यतेऽष्टमः ।
निशामय तदुत्पत्तिं विस्तराद् गदतो मम ॥२॥

चण्डिकालाई नमस्कार । मार्कण्डेय भन्दछन्- ॥१॥ सूर्यका छोरा सावर्णि जुन आठौं मनु कहिन्छन्, तिनको उत्पत्तिको कथा विस्तारपूर्वक म भन्दछु, सुन ॥२॥

महामायाऽनुभावेन यथा मन्वन्तराधिपः ।
स बभूव महाभागः सावर्णिस्तनयो रवेः ॥३॥
स्वारोचिषेऽन्तरे पूर्वं चैत्रवंशसमुद्‌भवः ।
सुरथो नाम राजाऽभूत् समस्ते क्षितिमण्डले ॥४॥

महाभाग सूर्य-कुमार सावर्णि भगवतीको अनुग्रहले जसरी मन्वन्तरका स्वामी भए, त्यही प्रसङ्ग भन्दछु॥३॥ पूर्वकालमा स्वारोचिष मन्वन्तरमा सुरथ नामका यौटा राजा थिए, ती चैत्रवंशमा उत्पन्न भएका थिए । तिनको समस्त भूमण्डलमा अधिकार थियो ॥४॥

तस्य पालयतः सम्यक् प्रजाः पुत्रानिवौरसान् ।
बभूवुः शत्रवो भूपाः कोलाविध्वंसिनस्तदा ॥५॥
तस्य तैरभवद् युद्धमतिप्रबलदण्डिनः ।
न्यूनैरपि स तैर्युद्धे कोलाविध्वंसिभिर्जितः ॥६॥

ती आफ्ना प्रजालाई आफ्नै सन्तान जस्तै गरी धर्मपूर्वक पालन गर्दथे, तापनि कोलाविध्वंसी नामका क्षत्रिय तिनका शत्रु भए ॥५॥ राजा सुरथको दण्डनीति निकै प्रबल थियो । तिनको शत्रुहरूसित संग्राम पऱ्यो । यद्यपि कोलाविध्वंसी थोरै थिए तापनि राजा सुरथ हारे र ॥६॥

ततः स्वपुरमायातो निजदेशाधिपोऽभवत् ।
आक्रान्तः स महाभागस्तैस्तदा प्रबलारिभिः ।।७।।
अमात्यैर्बलिभिर्दुष्टैर्दुर्बलस्य दुरात्मभिः ।
कोशो बलं चाऽपहृतं तत्रापि स्वपुरे ततः ।।८।।

आफ्नू नगरमा आए, अनि केवल एक नगरका मात्र राजा भएर बस्न लागे, तर त्यहाँ पनि तिनका प्रबल शत्रुले आक्रमण गरिदिए ।।७।। त्यहाँ पनि राजाको बल क्षीण भएको देखेर बलिया एवं दुरात्मा उनका मन्त्रीहरूले राज्यका सेना र खजानामा आफ्नू अधिकार जमाए ।।८।।

ततो मृगयाव्याजेन हृतस्वाम्यः स भूपतिः ।
एकाकी हयमारुह्य जगाम गहनं वनम् ।।९।।
स तत्राऽऽश्रममद्राक्षीद् द्विजवर्यस्य मेधसः ।
प्रशान्तश्वापदाकीर्णं मुनिशिष्योपशोभितम् ।।१०।।

तब अधिकार नष्ट भइसकेका ती शिकार खेल्ने निहुँले एक्लै बाक्लो जंगलमा गए ।।९।। त्यहाँ उनले मेधा ऋषिको आश्रम देखे जहाँ अनेक हिंसक जीव आफ्नो हिंसक प्रवृत्ति छाडेर रहन्थे । मुनिका अनेक शिष्य त्यस वनको शोभा बढाइरहेका थिए ।।१०।।

तस्थौ कंचित् स कालं च मुनिना तेन सत्कृतः।
इतश्चेतश्च विचरँस्तस्मिन् मुनिवराऽऽश्रमे ॥११॥
सोऽचिन्तयत् तदा तत्र ममत्वाऽऽकृष्टचेतनः ।
मत्पूर्वैः पालितं पूर्वं, मया हीनं पुरं हि तत् ॥१२॥

उहाँ पुगेपछि मुनिले स्वागत-सत्कार गरिएका उनी ती मुनिश्रेष्ठको आश्रममा यताउति टहल्दै केही समय (दिन) सम्म उहीं रहे ॥११॥ अनि मोहले आकृष्टचित्त भएर यस प्रकार चिन्ता गर्न लागे- पूर्वकालमा मेरा पूर्वजले पालन जसको गरेका थिए, त्यही नगर आज मदेखि रहित छ ॥१२॥

मद्भृत्यैस्तैरसद्वृत्तैर्धर्मतः पाल्यते न वा ।
न जाने स प्रधानो मे शूरो हस्ती सदामदः ॥१३॥
मम वैरिवशं यातः कान् भोगानुपलप्स्यते ।
ये ममाऽनुगता नित्यं प्रसादधनभोजनैः ॥१४॥

मेरा दुराचारी भृत्यगण त्यसको रक्षा धर्मपूर्वक गर्दै छन् वा छैनन्, थाहा छैन। जो सदा मदवर्षा गर्ने र शूरवीर ती मेरा हात्ती थिए ॥१३॥ अब शत्रुका अधीन परेर कुन-कुन कष्ट भोग्दै होलान्, थाहा छैन । जो व्यक्ति मेरो कृपा, धन र खान पाउनाले मेरै पछि-पछि हिंड्दथे ॥१४॥

अनुवृत्तिं ध्रुवं तेऽद्य कुर्वन्त्यन्यमहीभृताम् ।
असम्यग्व्ययशीलैस्तैः कुर्वद्भिः सततं व्ययम्॥१५॥
संचितः सोऽतिदुःखेन क्षयं कोशो गमिष्यति।
एतच्चान्यच्च सततं चिन्तयामास पार्थिवः ॥१६॥

ती निश्चय नै अब अन्य राजाको अनुसरण गर्दै होलान् । ती अपव्ययीहरूद्वारा सदा खर्च भइरहनाले ॥१५॥ अत्यन्त कष्टले जम्मा पारेको मेरो ढुकुटी रित्तियो होला, यो र अरू पनि अनेक कुरा राजा सुरथ निरन्तर सोचिरहन्थे ॥१६॥

तत्र विप्राऽऽश्रमाभ्याशे वैश्यमेकं ददर्श सः।
स पृष्टस्तेन कस्त्वं भो हेतुश्चा ऽऽगमनेऽत्र कः॥१७॥
सशोक इव कस्मात्त्वं दुर्मना इव लक्ष्यसे।
इत्याकर्ण्य वचस्तस्य भूपतेः प्रणयोदितम् ॥१८॥

एक दिन उनले त्यहाँ विप्रवर मेधाऋषिको आश्रम नगीचै यौटा वैश्यलाई देखे र सोधे – हे भाइ ! तिमी को हौ ? यहाँ किन आएका ?॥१७॥ तिमी किन शोकग्रस्त र मणिहराए-झैं देखिन्छौ? राजा सुरथले स्नेहपूर्वक सोधेको वचन सुनेर ॥१८॥

प्रत्युवाच स तं वैश्यः प्रश्रयावनतो नृपम् ॥१९॥

वैश्य उवाच ॥२०॥

समाधिर्नाम वैश्योऽहमुत्पन्नो धनिनां कुले ॥२१॥
पुत्रदारैर्निरस्तश्च धनलोभादसाधुभिः ।
विहीनश्च धनैर्दारैः पुत्रैरादाय मे धनम् ॥२२॥

वैश्यले विनीत भावले प्रणाम गरेर भने ॥१९॥ वैश्यले भने-॥२०॥ हे राजन् ! म धनीहरूको कुलमा उत्पन्न भएको यौटा वैश्य हुँ । मेरो नाम समाधि हो ॥२१॥ मेरा दुष्ट स्त्री-पुत्रले धनको लोभमा मलाई घरबाट निकालिदिए । म यस समय स्त्री -पुत्र-धनबाट वञ्चित छु ॥२२॥

वनमभ्यागतो दुःखी निरस्तश्चाऽऽप्तबन्धुभिः ।
सोऽहं न वेद्मि पुत्राणां कुशलाऽकुशलात्मिकाम् ॥२३॥
प्रवृत्तिं स्वजनानां च दाराणां चाऽत्र संस्थितः ।
किं नु तेषां गृहे क्षेममक्षेमं किं नु साम्प्रतम् ॥२४॥

मेरा विश्वसनीय बन्धुहरूले मेरो धन लिएर मलाई धपाइदिए, त्यसैले दुःखी भएर म वनमा आएँ । त्यस्तो म, यहाँ बसेर यो जान्न सकिरहेको छैन कि मेरा छोरा, स्त्री र स्वजनहरू कुशल छन् कि छैनन्,॥२३॥ यस बखत यहाँ रहेको म घरमा ती आफ्ना जनहरूको स्थिति कुशलपूर्वक छ वा तिनलाई कुनै कष्ट छ जानिरहेको छैन ॥२४॥

कथं ते किं नु सद्वृत्ता दुर्वृत्ताः किं नु मे सुताः ॥२५॥

राजोवाच ॥२६॥

यैर्निरस्तो भवाँल्लुब्धैः पुत्रदारादिभिर्धनैः ॥२७॥

तेषु किं भवतः स्नेहमनुबध्नाति मानसम् ॥२८॥

ती मेरा पुत्र कस्ता छन् ? ती सदाचारी छन् अथवा दुराचारी भइसके ? ॥२५॥ राजाले सोधे- ॥२६॥ जुन लोभी स्त्री-पुत्र आदिले धनको लोभमा लागेर तिमीलाई घरबाट निकालिदिए ॥२७॥ तिनको निम्ति तिम्रो चित्तमा यति बर्ता स्नेह किन छ? ॥२८॥

वैश्य उवाच ॥२९॥

एवमेतद्यथा प्राह भवानस्मद्गतं वचः ॥३०॥

किं करोमि न बध्नाति मम निष्ठुरतां मनः ।

यैः संत्यज्य पितृस्नेहं धनलुब्धैर्निराकृतः ॥३१॥

वैश्यले भने-॥२९॥ हजुरले मेरो विषयमा भन्नुभएको कुरा उचित हो ॥३०॥ तर के गरूँ, मेरो मन निष्ठुरता धारण गर्दैन । जसले धनको लोभमा परेर पिताप्रति स्नेह ॥३१॥

पतिस्वजनहार्दं च हार्दि तेष्वेव मे मनः ।
किमेतन्नाऽभिजानामि जानन्नपि महामते ॥३२॥
यत्प्रेमप्रवणं चित्तं विगुणेष्वपि बन्धुषु ।
तेषां कृते मे निःश्वासो दौर्मनस्यं च जायते ॥३३॥

पतिको प्रति प्रेम, र आत्मीय जनप्रति अनुरागलाई तिलाञ्जलि दिएर मलाई घरबाट धपाए, हे महामते ! तिनकै निम्ति मेरो हृदयमा यति बर्ता स्नेह किन छ ? त्यो म जानिरहेको छैन, जान्ने विद्वान् भएर पनि ॥३२॥ गुणहीन बन्धुहरूका निम्ति पनि मेरो चित्त यसरी प्रेममग्न भइरहेको छ, यो के हो ? किन म तिनको निम्ति लामो-लामो सास फेर्दै छु र मेरो हृदय अत्यन्त दुःखी भइरहेको छ ॥३३॥

करोमि किं यन्न मनस्तेष्वप्रीतिषु निष्ठुरम् ॥३४॥
मार्कण्डेय उवाच ॥३५॥
ततस्तौ सहितौ विप्र तं मुनिं समुपस्थितौ ॥३६॥
समाधिर्नाम वैश्योऽसौ स च पार्थिवसत्तमः ।

तिनीहरूमा प्रेमको सर्वथा अभाव छ तापनि मेरो मन निष्ठुर हुन सकिरहेको छैन । यसको निम्ति म के गरूँ?॥३४॥ मार्कण्डेय मुनि भन्दछन्॥३५॥ हे ब्रह्मन्! त्यसपछि सुरथ राजा र समाधि वैश्य सँगसँगै मेधा मुनिको सेवामा उपस्थित भए र ॥३६॥

कृत्वा तु तौ यथान्यायं यथार्हं तेन संविदम् ।।३७।।
उपविष्टौ कथाः काश्चिच्चक्रतुर्वैश्यपार्थिवौ ।।३८।।

राजोवाच ।।३९।।

भगवँस्त्वामहं प्रष्टुमिच्छाम्येकं वदस्व तत् ।।४०।।

उनीसित यथायोग्य न्यायानुकूल विनयपूर्वक व्यवहार गरेर।।३७।। बसे, अनि वैश्य र राजाले वार्तालाप आरम्भ गरे ।।३८।। राजाले भने-।।३९।। हे भगवन्! म यौटा कुरा हजुरसित सोध्न खोज्दै छु, त्यो आज्ञा हवस् ।।४०।।

दुःखाय यन्मे मनसः स्वचित्तायत्ततां विना ।
ममत्वं गतराज्यस्य राज्याङ्गेष्वखिलेष्वपि ।।४१।।
जानतोऽपि यथाऽज्ञस्य किमेतन्मुनिसत्तम ।
अयं च निकृतः पुत्रैर्दारैर्भृत्यैस्तथोज्झितः ।।४२।।

मेरो चित्त आफ्नो अधीन नहुनाले यो कुरा मेरो मनलाई बर्ता दुःख दिंदै छ । जुन राज्य मेरो हातबाट गयो, त्यसमा र त्यसको सबै अंगमा पनि मेरो मोह बनिरहेको छ ।।४१।। हे मुनिश्रेष्ठ ! अब त्यो मेरो छैन भन्ने जान्दाजान्दै पनि अज्ञानीलाई झैं मलाई त्यसको निम्ति दुःख हुन्छ, यो के हो ? यता यी वैश्य पनि घरबाट अपमानित भएर आएका रहेछन् । यिनका स्त्री- पुत्र र भृत्यले यिनलाई त्यागिदिएका छन् ।।४२।।

स्वजनेन च संत्यक्तस्तेषु हार्दी तथाप्यति ।
एवमेष तथाऽहं च द्वावप्यत्यन्तदुःखितौ ॥४३॥
दृष्टदोषेऽपि विषये ममत्वाऽऽकृष्टमानसौ ।
तत्किमेतन्महाभाग यन्मोहो ज्ञानिनोरपि ॥४४॥

स्वजनहरूले पनि यिनको परित्याग गरिदिए, तैपनि यी तिनकै प्रति अत्यन्त स्नेह राख्दछन् । यसरी यी र म दुवै साह्रै दुःखी छौं ॥४३॥ जसमा प्रत्यक्ष दोष देखिन्छ, त्यस विषयको निम्ति पनि हाम्रो मनमा मोहजनित आकर्षण भइरहेको छ । हे महाभाग ! हामी दुवै जानिरहेका छौं, तापनि मोहले ग्रसित छौं, यो के हो ? ॥४४॥

ममाऽस्य च भवत्येषा विवेकाऽन्धस्य मूढता॥४५॥
ऋषिरुवाच ॥४६॥
ज्ञानमस्ति समस्तस्य जन्तोर्विषयगोचरे ॥४७॥
विषयाश्च महाभाग यान्ति चैवं पृथक् पृथक् ।
दिवान्धाः प्राणिनः केचिद्रात्रावन्धास्तथाऽपरे ॥४८॥

विवेकशून्य पुरुष झैं हामी दुवैमा यो मूढता प्रत्यक्ष देखिइरहेछ ॥४५॥ ऋषिले भने- ॥४६॥ हे महाभाग ! विषयमार्गको ज्ञान सबै जीवलाई छ ॥४७॥ यसै गरी विषय पनि सबैलाई भिन्न-भिन्न छन् , केही प्राणी दिनमा

केचिद्दिवा तथा रात्रौ प्राणिनस्तुल्यदृष्टयः ।
ज्ञानिनो मनुजाः सत्यं किन्तु ते न हि केवलम् ।।४९।।
यतो हि ज्ञानिनः सर्वे पशुपक्षिमृगादयः ।
ज्ञानं च तन्मनुष्याणां यत्तेषां मृगपक्षिणाम् ।।५०।।

केही जीव यस्ता पनि छन् जो दिन र रातमा पनि समान नै देख्दछन् । मनुष्यमा बुद्धि हुन्छ, यो सत्य हो,तर केवल तिनै यस्ता हुँदैनन् ।।४९।। पशु-पक्षी र मृगादि सबै प्राणीमा ज्ञान हुन्छ । मनुष्यको ज्ञान पनि त्यस्तै नै हुन्छ, जस्तो मृग र पक्षीहरूको हुन्छ ।।५०।।

मनुष्याणां च यत्तेषां तुल्यमन्यत् तथोभयोः ।
ज्ञानेऽपि सति पश्यैतान् पतङ्गाञ्छावचञ्चुषु ।।५१।।
कणमोक्षादृतान् मोहात् पीड्यमानानपि क्षुधा।
मानुषा मनुजव्याघ्र साभिलाषाः सुतान् प्रति।।५२।।

जुन ज्ञान मनुष्यमा र ती पशु-पक्षीमा परस्परमा दुवैमा समान छ, तथापि ज्ञान भएर पनि हेर, यी चुच्चाम्प चारा बोकेका चराहरू हेर ।।५१।। ती सबै पक्षीहरू आफू भोको रहेर पनि मोहवश भै बच्चालाई आफ्ना मुखको दाना ख्वाउँछन्। हे नरश्रेष्ठ ! के तिमी देखिरहेका छैनौ- यी मनुष्य जान्दाजान्दै पनि लोभवश भै, छोरा प्रति उच्छुक छन् ।।५२।।

लोभात् प्रत्युपकाराय नन्वेतान् किं न पश्यसि।
तथापि ममताऽऽवर्त्ते मोहगर्ते निपातिताः ॥५३॥
महामायाप्रभावेण संसारस्थितिकारिणा।
तन्नाऽत्र विस्मयः कार्यो योगनिद्रा जगत्पतेः ॥५४॥

किनकि पछि प्रत्युपकारको लोभले तिनमा हिरिक्किएका देख्दैनौ ? ती चराका बच्चाले पछि बाबु आमालाई क्यै नगरे पनि ममताले भरिएको मोहरूपी खालडोमा जाकिएका छन् ॥५३॥ यद्यपि ती सबैमा ज्ञान नभएको होइन, तथापि ती संसारको स्थिति कायम राख्ने भगवती महामायाको प्रभावद्वारा मायाका खाडलमा जाकिएका छन् । अतः यसमा आश्चर्य मान्नुपर्दैन । भगवान् विष्णुकी योगमायारूपा जुन महामाया छन् ॥५४॥

महामाया हरेश्चैषा तया सम्मोह्यते जगत्।
ज्ञानिनामपि चेतांसि देवी भगवती हि सा ॥५५॥
बलादाकृष्य मोहाय महामाया प्रयच्छति।
तया विसृज्यते विश्वं जगदेतच्चराचरम् ॥५६॥

यिनै हरिकी महामाया जसले जगतैलाई मोह पारिन्छ । र यिनै महामाया भगवती देवी ज्ञानीहरूको चित्तलाई पनि ॥५५॥ बलपूर्वक तानेर मोहमा गाडिदिन्छिन् । उनै यो चराचर जगत्को सृष्टि गर्दछिन् र उनै प्रसन्न भएर मनुष्यलाई मुक्तिको वरदान पनि दिन्छिन् ॥५६॥

सैषा प्रसन्ना वरदा नृणां भवति मुक्तये ।
सा विद्या परमा मुक्तेर्हेतुभूता सनातनी ॥५७॥
संसारबन्धहेतुश्च सैव सर्वेश्वरेश्वरी ॥५८॥
राजोवाच ॥५९॥

उनै यी महामाया प्रसन्न भएमा मनुष्यहरूलाई मुक्ति वर दिने हुन्छिन् । उनै देवी परमा विद्या हुन् र मुक्तिको अविनाशी कारण भएकी पनि हुन् ॥५७॥ संसाररूपी बन्धन पनि उनै हुन्, उनै सनातनी देवी सारा ईश्वरका पनि अधीश्वरी छन् ॥५८॥ राजाले सोधे- ॥५९॥

भगवन् का हि सा देवी महामायेति यां भवान् ॥६०॥
ब्रवीति कथमुत्पन्ना सा कर्माऽस्याश्च किं द्विज ।
यत्प्रभावा च सा देवी यत्स्वरूपा यदुद्भवा ॥६१॥
तत्सर्वं श्रोतुमिच्छामि त्वत्तो ब्रह्मविदां वर ॥६२॥

हे भगवन् ! जसलाई हजुर महामाया भन्नुहुन्छ, ती देवी को हुन् ? ॥६०॥ हे ब्रह्मन्! तिनको उत्पत्ति कसरी भयो ? उनको चरित्र कुन कुन हो ? ब्रह्मवेत्ताहरूमा श्रेष्ठ हे महर्षे! ती देवीको जस्तो प्रभाव छ, जस्तो स्वरूप छ, जसरी प्रकट भइन् ॥६१॥ त्यो सब कुरो हजुरबाट सुन्न चाहन्छु ॥६२॥

ऋषिरुवाच ।।६३।।

नित्यैव सा जगन्मूर्तिस्तया सर्वमिदं ततम् ।।६४।।

तथापि तत्समुत्पत्तिर्बहुधा श्रूयतां मम।

देवानां कार्यसिद्ध्यर्थमाविर्भवति सा यदा ।।६५।।

ऋषिले भन्नुभयो ।।६३।। हे राजन् ! वास्तवमा ती देवी नित्यस्वरूपा नै छन्। सम्पूर्ण जगत् उनैको रूप हो र उनैले समस्त व्याप्त पारिराखेकी छन् ।।६४।। तापनि उनको प्राकट्य अनेक प्रकारले हुन्छ । त्यो मसित सुन- यद्यपि ती नित्य र अजन्मा छन् तापनि जब उनी देवताहरूको कार्य सिद्ध गर्न प्रकट हुन्छिन् ।।६५।।



उत्पन्नेति तदा लोके सा नित्याप्यभिधीयते।
योगनिद्रां यदा विष्णुर्जगत्येकार्णवीकृते ।।६६।।
आस्तीर्य शेषमभजत् कल्पान्ते भगवान् प्रभुः।
तदा द्वावसुरौ घोरौ विख्यातौ मधुकैटभौ ।।६७।।

नित्य पनि ती त्यस वेला लोकमा उत्पन्न भएकी कहिन्छिन् । समुद्रमय जगत्मा जब विष्णु योगनिद्राकन ।।६६।। आश्रय लिएर त्यस कल्पान्तमा भगवान् प्रभु जब शेषमा सुत्नुभएको थियो, तब त्यसै वेला दुई भयंकर असुर जुन मधु र कैटभ नामले प्रख्यात भएका ।।६७।।

विष्णुकर्णमलोद्भूतौ हन्तुं ब्रह्माणमुद्यतौ ।
स नाभिकमले विष्णोः स्थितो ब्रह्मा प्रजापतिः ।।६८।।
दृष्ट्वा तावसुरौ चोग्रौ प्रसुप्तं च जनार्दनम् ।
तुष्टाव योगनिद्रां तामेकाग्रहृदयस्थितः ।।६९।।

थिए र जो विष्णुका कानेगुजीबाट पैदा भएका थिए, एकाएक ब्रह्मालाई मार्न तम्से । भगवान् विष्णुको नाभि-कमलमा विराजमान ती प्रजापति ब्रह्माजीले जब ।।६८।। ती दुवै भयंकर असुरलाई आफ्नू नगीच आएका र विष्णुलाई सुतेका देखे, त ती योगनिद्राको एकाग्रचित्तले स्तुति गर्न आरम्भ गरे ।।६९।।

विबोधनार्थाय हरेर्हरिनेत्रकृताऽऽलयाम् ।
विश्वेश्वरीं जगद्धात्रीं स्थितिसंहारकारिणीम् ।।७०।।
निद्रां भगवतीं विष्णोरतुलां तेजसः प्रभुः ।।७१।।

किन ? हरिलाई बिउँझाउनका लागि । कस्ती भगवतीकन ? हरिको आँखामा हमेशा रहने, जो यस विश्वकी अधीश्वरी, जगत्लाई धारण गर्ने, पालन गर्ने र संहार गर्ने ।।७०।। तेजस्वरूप विष्णुकी अनुपम शक्ति हुन्, उनै भगवती निद्रादेवीको ब्रह्माजी स्तुति गर्न लागे ।।७१।।

ब्रह्मोवाच- ।।७२।।

त्वं स्वाहा त्वं स्वधा त्वं हि वषट्कारःस्वरात्मिका।।७३।।
सुधा त्वमक्षरे नित्ये त्रिधा मात्रात्मिका स्थिता।
अर्धमात्रास्थिता नित्या यानुच्यार्या विशेषतः ।।७४।।

ब्रह्माजीले स्तुतिमा भने-।।७२।। हे देवि! तिमी नै स्वाहा हौ, तिमी नै स्वधा र तिमी नै वषट्कार हौ । स्वर पनि तिम्रै स्वरूप हो ।।७३।। तिमी नै सुधा हौ । नित्य अक्षर प्रणवमा अ, उ, म्- यी मात्राको रूपमा तिमी नै स्थित छौ तथा यी - बाहेक जो बिन्दुरूपा अर्धमात्रा छन्, ती पनि तिमी नै हौ ।।७४।।

त्वमेव संध्या सावित्री त्वं देवि जननी परा।
त्वयैतद्धार्यते विश्वं त्वयैतत् सृज्यते जगत् ।।७५।।
त्वयैतत् पाल्यते देवि त्वमत्स्यन्ते च सर्वदा।
विसृष्टौ सृष्टिरूपा त्वं स्थितिरूपा च पालने ।।७६।।

देवि ! तिमी नै सन्ध्या, सावित्री र परम जननी हौ । तिमी नै यो ब्रह्माण्डलाई धार्ने हौ र तिमीद्वारा नै यो जगत्को सृष्टि हुन्छ ।।७५।। तिमीद्वारा नै सधैं पालन र कल्पान्तमा सबैलाई आफ्नू गाँस तुल्याउँछ्यौ । हे देवि ! जगत्को उत्पत्तिको समयमा तिमी नै सृष्टिरूपा हौ । त्यस्तै पालन कालमा स्थितिरूपा हौ ।।७६।।

तथा संहृतिरूपान्ते जगतोऽस्य जगन्मये ।
महाविद्या महामाया महामेधा महास्मृतिः ॥७७॥
महामोहा च भवती महादेवी महासुरी ।
प्रकृतिस्त्वं च सर्वस्य गुणत्रयविभाविनी ॥७८॥

हे जगत्मयी देवि, त्यस्तै यस जगत्को कल्पान्तमा संहाररूप धारण गर्दछ्यौ । तिमी नै महाविद्या, महामाया, महामेधा, महास्मृति हौ ॥७७॥ तपाईं नै मोहरूपा, महादेवी र महासुरी र महासुन्दरी हौ र तीनै गुणलाई उत्पन्न गर्ने सबको प्रकृति पनि हुनुहुन्छ ॥७८॥

कालरात्रिर्महारात्रिर्मोहरात्रिश्च दारुणा ।
त्वं श्रीस्त्वमीश्वरी त्वं ह्रीस्त्वं बुद्धिर्बोधलक्षणा ॥७९
लज्जा पुष्टिस्तथा तुष्टिस्त्वं शान्तिः क्षान्तिरेव च ।
खड्गिनी शूलिनी घोरा गदिनी चक्रिणी तथा ॥८०॥

तिमी नै डरलाग्दी कालरात्रि, महारात्रि, मोहरात्रि पनि हौ । तिमी नै श्री, तिमी नै ईश्वरी, तिमी नै ह्री, र तिमी नै बोधस्वरूपा हौ ॥७९॥ लज्जा, पुष्टि त्यस्तै तुष्टि र तिमी नै शान्ति र क्षमा पनि हौ । तिमी नै खड्गधारिणी, शूलधारिणी, घोररूपा र गदा, चक्र ॥८०॥

शङ्खिनी चापिनी बाणभुशुण्डीपरिघायुधा।
सौम्या सौम्यतराशेषसौम्येभ्यस्त्वतिसुन्दरी ॥८१॥
परापराणां परमा त्वमेव परमेश्वरी।
यच्च किंचित्क्वचिद्वस्तुसदसद्वाखिलात्मिके॥८२॥

शंख लिने, धनु लिने, बाण लिने, भुशुण्डी र परिघ अस्त्र लिने तिमी नै हौ। तिमी सौम्य र सौम्यतर छौ। सारा सौम्यभन्दा अति सौम्य (सुन्दर) तिमी नै हौ ॥८१॥ परको परभन्दा पनि पर रहने परमेश्वरी तिमी नै हौ। हे सर्वस्वरूपे देवि! सत्-असत् अखिल वस्तुमा विद्यमान नै जो कुछ छ ॥८२॥

तस्य सर्वस्य या शक्तिः सा त्वं किं स्तूयसे तदा।
यया त्वया जगत्स्रष्टा जगत् पात्यत्ति यो जगत् ॥८३॥
सोऽपि निद्रावशं नीतः कस्त्वां स्तोतुमिहेश्वरः।
विष्णुः शरीरग्रहणमहमीशान एव च॥८४॥

त्यो सबको जो शक्ति हो, त्यो शक्ति तिमी नै हौ, तब तिमी के स्तुति गरिन्छ्यौ। जुन तिमीले, जो जगत् सृष्टि गर्ने, पालन गर्ने र संहार गर्ने ॥८३॥ त्यस्तालाई पनि निद्राको अधीन पारिदिएकी छौ भने तिम्रो स्तुति गर्नमा को समर्थ होला ? म, शिव र विष्णुलाई पनि तिमीले नै शरीर धारण गराएकी हौ ॥८४॥

कारितास्ते यतोऽतस्त्वां कः स्तोतुं शक्तिमान् भवेत्।
सा त्वमित्थं प्रभावैः स्वैरुदारैर्देवि संस्तुता ।।८५।।
मोहयैतौ दुराधर्षावसुरौ मधुकैटभौ ।
प्रबोधं च जगत्स्वामी नीयतामच्युतो लघु ।।८६।।
बोधश्च क्रियतामस्य हन्तुमेतौ महासुरौ ।।८७।।

अतः तिम्रो स्तुति गर्न सक्ने शक्ति कसमा छ ? हे देवि! त्यस्ती तिमी आफ्ना उदार प्रभावले नै प्रशंसित छौ ।।८५।। अब यी दुर्धर्ष मधु र कैटभलाई मोहमा पारेर जगदीश्वर विष्णुलाई चाँडै जागा गराइदेऊ ।।८६।। र यी दुवैलाई मार्ने बुद्धि पनि भगवान्को चित्तमा उत्पन्न गरिदेऊ ।।८७।।

ऋषिरुवाच ।।८८।।
एवं स्तुता तदा देवी तामसी तत्र वेधसा ।।८९।।
विष्णोः प्रबोधनार्थाय निहन्तुं मधुकैटभौ ।
नेत्रास्यनासिका - बाहुहृदयेभ्यस्तथोरसः ।।९०।।

ऋषि भन्दछन् -।।८८।। हे राजन् ! यस्ता प्रकारले मधु-कैटभलाई मार्न विष्णुलाई बिउँझाउनका लागि त्यहाँ ब्रह्माजीले स्तुति गरिएकी तामसी देवी तब ।।८९।। ती भगवान्का नेत्र, मुख, नासिका, बाहु, हृदय र वक्षःस्थल बाट ।।९०।।

निर्गम्य दर्शने तस्थौ ब्रह्मणोऽव्यक्तजन्मनः ।
उत्तस्थौ च जगन्नाथस्तया मुक्तो जनार्दनः ॥९१॥
एकार्णवेऽहिशयनात् ततः स ददृशे च तौ ।
मधुकैटभौ दुरात्मानावतिवीर्यपराक्रमौ ॥९२॥

निस्केर अव्यक्तजन्म ब्रह्माजीको दृष्टिको सामु उभिइन् त योगनिद्राबाट मुक्त भएपछि जगन्नाथ जनार्दन ॥९१॥ एकार्णवको जलमा शेष शय्याबाट उठे र अनि ती दुवै असुरलाई देखे । ती दुवै मधु-कैटभ अत्यन्त दुष्ट, अत्यन्त बलिया र पराक्रमी थिए र ॥९२॥

क्रोधरक्तेक्षणावत्तुं ब्रह्माणं जनितोद्यमौ ।
समुत्थाय ततस्ताभ्यां युयुधे भगवान् हरिः ॥९३॥
पञ्चवर्षसहस्राणि बाहुप्रहरणो विभुः ।
तावप्यतिबलोन्मत्तौ महामायाविमोहितौ ॥९४॥

क्रोधले राता-राता आँखा भएका ती दुवैले ब्रह्माजीलाई खानका लागि उद्योग गर्न थाले । तब भगवान् हरि उठेर ती दुवैसँग लड्न थाल्नुभो ॥९३॥ ती सँग त्यसरी पाँच हजार वर्षसम्म केवल बाहुयुद्ध कुश्ताकुश्ती-मुक्कामुक्की प्रभुले गर्नुभो । महामायाले मोहमा पारिएका ती दुई पनि बर्ता बलले गर्दा उन्मत्त भइरहेका थिए र ॥९४॥

उक्तवन्तौ वरोऽस्मत्तो व्रियतामिति केशवम्॥९५॥

श्रीभगवानुवाच ॥९६॥

भवेतामद्य मे तुष्टौ मम वध्यावुभावपि ॥९७॥

किमन्येन वरेणाऽत्र एतावद्धि वृतं मया ॥९८॥

तिनले विष्णुलाई हामीसित वर माँग, यस्तो भन्दा भए ॥९५॥ भगवान्ले भन्नुभयो ॥९६॥ 'यदि तिमी दुवै मदेखि प्रसन्न छौ भने तिमी दुवै नै आज मेरा शिकार (मारिने) होओ ॥९७॥ बस, यत्ति नै मैले वर मागें। यहाँ अर्को दोस्रो वरले के प्रयोजन?' ॥९८॥

ऋषिरुवाच ॥९९॥

वञ्चिताभ्यामिति तदा सर्वमापोमयं जगत् ॥१००॥

विलोक्य ताभ्यां गदितो भगवान् कमलेक्षणः।

आवां जहि न यत्रोर्वी सलिलेन परिप्लुता ॥१०१॥

ऋषिरुवाच ॥१०२॥

ऋषि भन्दछन् ॥९९॥ 'ओः, हामी ठगियौं' यस्तो भनेर, तब सारा जगत् नै जलामय ॥१००॥ देखेर ती दुवैले कमलको कोस जस्ता आँखा भएका भगवान्लाई भने- । जहाँ पृथिवी पानीले डुबेको छैन,त्यहीं हामीलाई मार ॥१०१॥ ऋषिले भन्नुभयो–॥१०२॥

तथेत्युक्त्वा भगवता शङ्खचक्रगदाभृता ।
कृत्वा चक्रेण वै छिन्ने जघने शिरसी तयोः ॥१०३॥
एवमेषा समुत्पन्ना ब्रह्मणा संस्तुता स्वयम् ।
प्रभावमस्या देव्यास्तु भूयः शृणु वदामि ते ।ऐं ॐ॥१०४॥

श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये मधुकैटभवधो नाम प्रथमः॥१॥

उवाच १४, अर्धश्लोकाः २४, श्लोकाः ६६, एवमादितः ॥१०४॥

अनि 'ठीक छ' यस्तो भनेर शङ्ख चक्र र गदालिएका भगवान्‌ले ती दुवैको टाउका आफ्नू काखमा राखेर चक्रले काटिदिए ॥१०३॥ यस्ता प्रकारले ब्रह्माजीले स्तुति गरिएकी यी महामाया देवी आफै प्रकट भएकी थिइन् । अब म फेरि यी देवीको प्रभाव तिमीलाई कहन्छु, सुन ॥१०४॥

श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये नेपाली भाषा-टीकायां प्रथमः ॥१॥

अथ द्वितीयोऽध्यायः

ध्यानम्–

ॐ अक्षस्रक्परशुं गदेषुकुलिशं पद्मं धनुष्कुण्डिकां
दण्डं शक्तिमसिं च चर्म जलजं घण्टां सुराभाजनम् ।
शूलं पाशसुदर्शने च दधतीं हस्तैः प्रवालप्रभां
सेवे सैरिभमर्दिनीमिह महालक्ष्मीं सरोजस्थिताम् ॥

आफ्ना हातहरूले अक्षमाला, बञ्चरो, गदा, बाण, वज्र, पद्म, धनुप, कुण्डिका, दण्ड, शक्ति, खड्ग, ढाल, शङ्ख, घण्टा, मधु (मदिरा) पात्र, शूल, पाश र चक्र धारण गरेकी, कमलको आसनमा बसेकी, मुगाको जस्तो कान्ति (वर्ण) भएकी, यहाँ महिषासुरलाई मार्ने महालक्ष्मीकन म सेवा गर्दछु ॥

ॐ मध्यमचरितस्य विष्णुर्ऋषिः, महालक्ष्मीर्देवता, उष्णिक् छन्दः, शाकम्भरी शक्तिः, दुर्गा बीजम्, वायुस्तत्त्वम्, यजुर्वेदः स्वरूपम्, श्रीमहालक्ष्मी-प्रीत्यर्थे मध्यमचरित्रजपे विनियोगः ॥

'ॐ' ह्रीं ऋषिरुवाच ॥१॥

देवाऽसुरमभूद्युद्धं पूर्णमब्दशतं पुरा।
महिषेऽसुराणामधिपे देवानां च पुरन्दरे ॥२॥
तत्राऽसुरैर्महावीर्यैर्देवसैन्यं पराजितम्।
जित्वा च सकलान् देवानिन्द्रोऽभून्महिषासुरः॥३॥

मेधा ऋषि भन्दछन्- ॥१॥ पूर्वकालमा देवता र असुरहरूमा पूरा सय वर्षसम्म घोर संग्राम भयो । त्यसमा असुरहरूको स्वामी महिषासुर थियो र देवताहरूका नायक इन्द्र थिए ॥२॥ त्यस युद्धमा देवताका सेना असुरबाट पराजित भए । सम्पूर्ण देवताहरूलाई जितेर महिषासुर नै इन्द्र भएर बस्यो ॥३॥

ततः पराजिता देवाः पद्मयोनिं प्रजापतिम्।
पुरस्कृत्य गतास्तत्र यत्रेशगरुडध्वजौ ॥४॥
यथावृत्तं तयोस्तद्वन्महिषासुरचेष्टितम्।
त्रिदशाः कथयामासुर्देवाभिभवविस्तरम् ॥५॥

अनि पराजित देवता पद्मयोनि ब्रह्माजीलाई अगि लगाएर त्यस स्थानमा गए, जहाँ शङ्कर र विष्णु विराजमान थिए ॥४॥ देवगणले महिषासुरको पराक्रम र आफू देवताहरूको पराजयको वृत्तान्त ती दुईका सामु यथावत् विस्तारपूर्वक सुनाउँदा भए ॥५॥

सूर्येन्द्राग्न्यनिलेन्दूनां यमस्य वरुणस्य च।
अन्येषां चाऽधिकारान् स स्वयमेवाधितिष्ठति ।।६।।
स्वर्गान्निराकृताः सर्वे तेन देवगणा भुवि।
विचरन्ति यथा मर्त्या महिषेण दुरात्मना ।।७।।

हे भगवन् ! महिषासुर सूर्य, इन्द्र, अग्नि, वायु, चन्द्रमा, यम, वरुण र अन्य देवताहरूको पनि अधिकार खोसेर स्वयं सबैको अधिष्ठाता बनेर बसेको छ।।६।। त्यस दुष्ट महिषासुरले सबै देवतालाई स्वर्गबाट निकालिदियो । अब ती मनुष्य झैं पृथ्वीमा डुलिरहेका छन् ।।७।।

एतद्वः कथितं सर्वममरारिविचेष्टितम्।
शरणं वः प्रपन्नाः स्मो वधस्तस्य विचिन्त्यताम् ।।८।।
इत्थं निशम्य देवानां वचांसि मधुसूदनः।
चकार कोपं शम्भुश्च भ्रुकुटीकुटिलाननौ ।।९।।

दैत्यको यो उपद्रो हामीले सब बिन्ती चढायौं, हामी हजुरहरूको शरणमा परेका छौं, अब त्यसको वधको उपाय विचार्नुहवस् ।।८।। देवताहरूको यस्तो वचन सुनेर विष्णु र शिवले दैत्यहरूमाथि क्रोध गर्नुभयो । उनका आँखिभौं उचालिए, मुख बांगियो ।।९।।

ततोऽतिकोपपूर्णस्य चक्रिणो वदनात् ततः।
निश्चक्राम महत्तेजो ब्रह्मणः शंकरस्य च ॥१०॥
अन्येषां चैव देवानां शक्रादीनां शरीरतः।
निर्गतं सुमहत्तेजस्तच्चैक्यं समगच्छत ॥११॥

अनि कोपपूर्ण चक्रपाणिको मुखबाट यौटा डरलाग्दो तेज प्रकट भयो । त्यसै गरी ब्रह्माको मुखबाट एक महान् तेज निस्क्यो । अनि शंकर र ॥१०॥ अरू इन्द्र आदि देवताहरूको शरीरबाट पनि ठूलो तेज निस्कियो र सबै तेज मिसिएर एक थुप्रो भयो ॥११॥

अतीव तेजसः कूटं ज्वलन्तमिव पर्वतम्।
ददृशुस्ते सुरास्तत्र ज्वालाव्याप्तदिगन्तरम् ॥१२॥
अतुलं तत्र तत्तेजः सर्वदेवशरीरजम्।
एकस्थं तदभून्नारी व्याप्तलोकत्रयं त्विषा ॥१३॥

त्यो महान् तेजपुंज बल्दो ठूलो पर्वतकन देवताहरूले देखे-त्यहाँ त्यो तेजको ज्वाला सबै दिशाहरूमा व्याप्त भइरहेको थियो ॥१२॥ देवताहरूबाट निस्केको त्यस तेजको कहीं तुलना थिएन । त्यो तेज यौटी नारीको रूपमा परिणत भयो र आफ्नो प्रकाशले तीनै लोक व्याप्त पारेझैं देखियो ॥१३॥

यदभूच्छाम्भवं तेजस्तेनाऽजायत तन्मुखम् ।
याम्येन चाऽभवन् केशा बाहवो विष्णुतेजसा ॥१४॥
सौम्येन स्तनयोर्युग्मं मध्यं चैन्द्रेण चाऽभवत् ।
वारुणेन च जङ्घोरू नितम्बस्तेजसा भुवः ॥१५॥

शंकर भगवान्को तेजले देवीको मुख प्रकट भयो । यमराजको तेजले कपाल उम्रिए र विष्णुको तेजले उनका बाहुहरू उत्पन्न भए ॥१४॥ चन्द्रमाको तेजले दुवै स्तन र इन्द्रको तेजले कटिप्रदेश तथा वरुणको तेजले तिघ्रा र पिंडुला, अनि पृथ्वीको तेजले नितम्ब भाग प्रकट भयो ॥१५॥

ब्रह्मणस्तेजसा पादौ तदङ्गुल्योऽर्कतेजसा ।
वसूनां च कराङ्गुल्यः कौबेरेण च नासिका ॥१६॥
तस्यास्तु दन्ताः सम्भूताः प्राजापत्येन तेजसा ।
नयनत्रितयं जज्ञे तथा पावकतेजसा ॥१७॥

ब्रह्माको तेजले दुवै चरण र सूर्यको तेजले तिनका औंलाहरू भए । वसुहरूको तेजले हातका औंला र कुबेरको तेजले नाक उत्पन्न भयो ॥१६॥ तिनका दाँत प्रजापतिको तेजले र त्यस्तै तीन नेत्र अग्निको तेजले प्रकट भए ॥१७॥

भ्रुवौ च संध्ययोस्तेजः श्रवणावनिलस्य च ।
अन्येषां चैव देवानां सम्भवस्तेजसां शिवा ॥१८॥
ततः समस्तदेवानां तेजोराशिसमुद्‌भवाम् ।
तां विलोक्य मुदं प्रापुरमरा महिषार्दिताः ॥१९॥

तिनको आँखीभौं सन्ध्याको तेज र कान वायुको तेजले उत्पन्न भए । यसै गरी अन्यान्य देवताहरूको तेजले ती कल्याणमयी देवीको आविर्भाव भयो ॥१८॥ त्यसपछि समस्त देवताको तेजपुञ्जबाट प्रकट भएकी ती देवीलाई देखेर महिषासुरद्वारा पीडित देवताहरू प्रसन्न भए ॥१९॥

शूलं शूलाद्विनिष्कृष्य ददौ तस्यै पिनाकधृक् ।
चक्रं च दत्तवान् कृष्णः समुत्पाद्य स्वचक्रतः ॥२०॥
शङ्खं च वरुणः शक्तिं ददौ तस्यै हुताशनः ।
मारुतो दत्तवाँश्चापं बाणपूर्णे तथेषुधी ॥२१॥

पिनाकपाणि शंकरले आफ्नू शूलबाट निकालेर यौटा अर्को शूल झिकेर दिए, अनि विष्णुले आफ्नू चक्रबाट अर्को चक्र उत्पन्न गरेर ती देवीलाई दिए ॥२०॥ वरुणले शङ्ख र अग्निले शक्ति तथा वायुले धनुष र बाण भरिएको यौटा ठोक्रो उनलाई दिए ॥२१॥

वज्रमिन्द्रः समुत्पाद्य कुलिशादमराधिपः ।
ददौ तस्यै सहस्राक्षो घण्टामैरावताद् गजात् ।।२२।।
कालदण्डाद्यमो दण्डं पाशं चाऽम्बुपतिर्ददौ ।
प्रजापतिश्चाऽक्षमालां ददौ ब्रह्मा कमण्डलुम् ।।२३।।

सहस्रनेत्र इन्द्रले वज्रबाट निकालेर यौटा अर्को वज्र र अनि उनले हात्तीबाट निकालेर यौटा घण्टा पनि उनलाई दिए ।।२२।। यमराजले कालदण्डबाट यौटा दण्ड, वरुणले पाश, प्रजापतिले स्फटिकको माला तथा ब्रह्माले कमण्डलु दिए ।।२३।।

समस्तरोमकूपेषु निजरश्मीन् दिवाकरः ।
कालश्च दत्तवान् खड्गं तस्याश्चर्म च निर्मलम्।।२४
क्षीरोदश्चाऽमलं हारमजरे च तथाऽम्बरे ।
चूडामणिं तथा दिव्यं कुण्डले कटकानि च।।२५।।

सूर्यले देवीको समस्त रोमकूपमा आफ्नू किरणको तेज भरिदिए । कालले टल्कने ढाल र खुकुरी दिए ।।२४।। समुद्रले उज्ज्वल हार र कहिल्यै जीर्ण पुरानो नहुने दुई दिव्य वस्त्र दिए । अनि उनैले दिव्य चूडामणि, कानमा कुण्डल, हातमा कड़ा, अनि ।।२५।।

अर्धचन्द्रं तथा शुभ्रं केयूरान् सर्वबाहुषु ।
नूपुरौ विमलौ तद्वद् ग्रैवेयकमनुत्तमम् ॥२६॥
अङ्गुलीयकरत्नानि समस्तास्वङ्गुलीषु च ।
विश्वकर्मा ददौ तस्यै परशुं चाऽतिनिर्मलम् ॥२७॥

उज्ज्वल अर्धचन्द्र, सबै बाहुमा चूरा, पाउको निम्ति नुपूर, घाँटीको निम्ति सिक्री (हँसुली) ॥२६॥ सबै औंलामा लाउन रत्नजडित औंठीहरू दिए। विश्वकर्माले अत्यन्त निर्मल बञ्चरो पनि दिए ॥२७॥

अस्त्राण्यनेकरूपाणि तथाऽभेद्यं च दंशनम् ।
अम्लानपङ्कजां मालां शिरस्युरसि चाऽपराम् ॥२८॥
अददज्जलधिस्तस्यै पङ्कजं चाऽतिशोभनम् ।
हिमवान् वाहनं सिंहं रत्नानि विविधानि च ॥२९॥

अनि अरू पनि अनेक प्रकारका शस्त्रास्त्र र अभेद्य कवच पनि दिए । त्यो बाहेक मस्तक र वक्षःस्थलमा धारण गर्नका लागि कहिल्यै नओइलाउने माला पनि दिए ॥२८॥ अनि समुद्रले अति राम्रो कमलको फूल उनलाई दिए । हिमालयले अनेक रत्न र चढ्नका लागि सिंह दिए ॥२९॥

ददावशून्यं सुरया पानपात्रं धनाधिपः ।
शेषश्च सर्वनागेशो महामणिविभूषितम् ॥३०॥
नागहारं ददौ तस्यै धत्ते यः पृथिवीमिमाम् ।
अन्यैरपि सुरैर्देवी भूषणैरायुधैस्तथा ॥३१॥

धनाध्यक्ष कुबेरले मधु भरिएको कहिल्यै खाली नहुने पानपात्र र नागराज शेषले जो यस पृथ्वीलाई धारण गर्दछन्- ठूलो मणिजड़ित ॥३०॥ नागहार दिए । यसै गरी अन्य देवताहरूले पनि गहना र अस्त्र-शस्त्र दिएर देवीको सम्मान गरे ॥३१॥

सम्मानिता ननादोच्चैः साट्टहासं मुहुर्मुहुः ।
तस्या नादेन घोरेण कृत्स्नमापूरितं नभः ॥३२॥
अमायतातिमहता प्रतिशब्दो महानभूत् ।
चुक्षुभुः सकला लोकाः समुद्राश्च चकम्पिरे ॥३३॥

अनि त्यसरी सम्मान गरिएकी उनले बारम्बार अट्टहासपूर्वक उच्चस्वरले गर्जना गरिन् । त्यो स्वरले सम्पूर्ण आकाश गुञ्जायमान भयो ॥३२॥ देवीको त्यो चर्को सिंहनाद कहीं अटाउन सकेन, आकाश, पाताल त्यसको सामु साना प्रतीत हुन लागे । त्यसको ठूलो प्रतिध्वनि भयो, त्यसले सम्पूर्ण विश्व थर्कियो र समुद्र कम्पित भए ॥३३॥

चचाल वसुधा चेलुः सकलाश्च महीधराः ।
जयेति देवाश्च मुदा तामूचुः सिंहवाहिनीम् ॥३४॥
तुष्टुवुर्मुनयश्चैनां भक्तिनम्रात्ममूर्तयः ।
दृष्ट्वा समस्तं संक्षुब्धं त्रैलोक्यममराऽरयः ॥३५॥

पृथ्वी हल्लन लागिन् र समस्त पर्वत थर्कन लागे । त्यसले प्रसन्न भएका देवताहरूले सिंहवाहिनी देवीसित भने- 'हे देवि ! तिम्रो जय होस्' ॥३४॥ महर्षिहरूले भक्तिपूर्वक उनको स्तुति गरे । तीनै लोकलाई क्षुभित भएको देखेर दैत्यगण ॥३५॥

सन्नद्धाऽखिलसैन्यास्ते समुत्तस्थुरुदायुधाः ।
आः किमेतदिति क्रोधादाभाष्य महिषासुरः ॥३६॥
अभ्यधावत तं शब्दमशेषैरसुरैर्वृतः ।
स ददर्श ततो देवीं व्याप्तलोकत्रयां त्विषा ॥३७॥

आफ्ना सेनालाई कवचादिले सुसज्जित पारी हातमा हतियार लिई जन्याक जुरुक्क उठे । उसै बेला महिषासुरले क्रोधित भएर भन्यो- "आः यो के भइरहेको छ ?" भन्दै ॥३६॥ अनि त्यो असुरगणले घेरिएर सिंहनाद भएको दिशातिर दगुर्‍यो र अलि पर गएर देवीलाई देख्यो- जो आफ्नू प्रभाले तीनै लोक प्रकाशित पारिरहेकी थिइन् ॥३७॥

पादाक्रान्त्या नतभुवं किरीटोल्लिखिताम्बराम्।
क्षोभिताऽशेषपातालां धनुर्ज्यानिःस्वेनन ताम्॥३८॥
दिशो भुजसहस्रेण समन्ताद् व्याप्य संस्थिताम्।
ततः प्रववृते युद्धं तया देव्या सुरद्विषाम्॥३९॥

जो पाउको भारले पृथ्वी थिचिरहेकी थिइन्, शिरको मुकुटले आकाशमा रेखा झैं पारिरहेको थियो, ती आफ्ना धनुषको टङ्कारले सारा पाताल क्षुब्ध पारिरहेकी थिइन् ॥३८॥ देवी आफ्ना हजारौं बाहुले सबै दिशालाई आच्छादित पारेर उभिएकी थिइन् । अनि ती देवीसित दैत्यहरूको संग्राम आरम्भ भयो ॥३९॥

शस्त्राऽस्त्रैर्बहुधा मुक्तैरादीपितदिगन्तरम्।
महिषासुरसेनानीश्चिक्षुराख्यो महासुरः॥४०॥
युयुधे चामरश्चान्यैश्चतुरङ्गबलान्वितः।
रथानामयुतैः षड्भिरुदग्राख्यो महासुरः॥४१॥

अनेक थरिका शस्त्रास्त्रको प्रहारले सम्पूर्ण दिशा प्रकाशित हुन लागे । महिषासुरको सेनानायक चिक्षुर नामको असुर थियो ॥४०॥ त्यो देवीसित लडाइँ गर्न लाग्यो। अरू दैत्यसेना साथमा लिएर चामर पनि युद्ध गर्न लाग्यो। साठी हजार रथीहरू सहित उदग्र नामको महादैत्य पनि युद्धमा आयो ॥४१॥

अयुध्यताऽयुतानां च सहस्त्रेण महाहनुः ।
पञ्चाशद्भिश्च नियुतैरसिलोमा महासुरः ।।४२।।
अयुतानां शतैः षड्भिर्बाष्कलो युयुधे रणे ।
गजवाजिसहस्त्रौघैरनेकैः परिवारितः ।।४३।।

एक करोड़ रथीहरू लिई महाहनु पनि संग्राममा आइपुग्यो । जसका रौं तरबार जस्ता थिए, त्यो असिलोमा नामको महादैत्य पाँच करोड़ रथीहरू लिएर युद्धभूमिमा आइपुग्यो ।।४२।। साठी लाख रथीहरूले घेरिएको बाष्कल दैत्य पनि देवीसित लड्न लाग्यो । परिवारित नामको राक्षस हात्ती र घोड़ा चढेका अनेक दल ःर ।।४३।।

वृतो रथानां कोट्या च युद्धे तस्मिन्नयुध्यत ।
बिडालाख्योऽयुतानां च पञ्चाशद्भिरथाऽयुतैः ।।४४।।
युयुधे संयुगे तत्र रथानां परिवारितः ।
अन्ये च तत्राऽ युतशो रथनागहयैर्वृताः ।।४५।।

एक करोड़ रथीहरूको सेना लिई संग्राममा लड्न तम्सियो । विडाल नामक दैत्य पाँच अरब रथीहरूले घेरिएर ।।४४।। युद्ध गर्न लाग्यो । यी बाहेक हजारौं दैत्य रथ, हात्ती र घोड़ाका सेना लिएर देवीसित लडाइँ गर्न लागे ।।४५।।

युयुधुः संयुगे देव्या सह तत्र महासुराः।
कोटिकोटिसहस्रैस्तु रथानां दन्तिनां तथा ।।४६।।
हयानां च वृतो युद्धे तत्राऽभून्महिषासुरः।
तोमरैर्भिन्दिपालैश्च शक्तिभिर्मुसलैस्तथा ।।४७।।

यस्ता प्रकारले ठूला-ठूला दैत्यहरू त्यस लड़ाईंमा देवीका साथ लड़े अर्थात् युद्ध गरे । त्यस लड़ाईंमा हजारौं कडोरन् दैत्यहरूका साथ, त्यस्तै रथ र हात्तीहरूका साथ ।।४६।।अनि घोड़ाहरूका साथ तिनीहरूले घेरिएको स्वयं महिषासुर पनि त्यस लड़ाईंमा उपस्थित थियो । त्यहाँ तोमर, भिन्दिपाल, शक्ति, त्यस्तै मुसल ।।४७।।

युयुधुः संयुगे देव्या खड्गैः परशुपट्टिशैः।
केचिच्च चिक्षिपुः शक्तीः केचित् पाशाँस्तथाऽपरे।।४८।।
देवीं खड्गप्रहारैस्तु ते तां हन्तुं प्रचक्रमुः।
साऽपि देवी ततस्तानि शस्त्राण्यस्त्राणिचण्डिका।।४९।।

खड्ग, परशु र पट्टिश आदि शस्त्रास्त्र प्रहार गर्दै कैयौं दैत्य युद्ध गरिरहेका थिए । कसैले देवीमाथि शक्ति छाडे त कसैले पाश फ्याँके ।।४८।। ती दैत्यले खड्ग प्रहार गरेर ती देवीलाई मार्ने उद्योग गरे । ती देवी चण्डिकाले पनि तब ती शस्त्र-अस्त्रहरूलाई ।।४९।।

लीलयैव प्रचिच्छेद निजशस्त्रास्त्रवर्षिणी ।
अनायस्ताननना देवी स्तूयमाना सुरर्षिभिः ॥५०॥
मुमोचाऽसुरदेहेषु शस्त्राण्यस्त्राणि चेश्वरी ।
सोऽपि क्रुद्धो धुतसटो देव्या वाहनकेसरी ॥५१॥

ख्याल-ख्यालमै आफ्ना शस्त्रास्त्र वर्षा गरेर दैत्यका ती सबै शस्त्रास्त्र काटि-दिइन्, तर उनको अनुहारमा थकाईको चिह्न देखिएन र ऋषिहरूले उनी स्तुति गरिइन् ॥५०॥ ती परमेश्वरीले दैत्यमाथि शश्त्रास्त्र वर्षा गर्दी भइन् । देवीको वाहन त्यो सिंह पनि रिसाई गर्दनको याल हल्लाउँदै ॥५१॥

चचाराऽसुरसैन्येषु वनेष्विव हुताशनः ।
निःश्वासान् मुमुचे याँश्च युध्यमाना रणेऽम्बिका ॥५२॥
त एव सद्यः सम्भूता गणाः शतसहस्त्रशः ।
युयुधुस्ते परशुभिर्भिन्दिपालासिपट्टिशैः ॥५३॥

असुर-सैन्यमा, वनमा दावानल फैलिएझैं डुल्न लाग्यो । रणमा लड्दा अम्बिकाले जो निःश्वास छोडिन् ॥५२॥ ती सबै निःश्वास तत्काल हजारौं गणका रूपमा प्रकट भए र परशु, भिन्दिपाल,खड्ग र पट्टिश आदि अस्त्रद्वारा असुरका साथ लड़े ॥५३॥

नाशयन्तोऽसुरगणान् देवीशक्त्युपबृंहिताः ।
अवादयन्त पटहान् गणाः शङ्खाँस्तथाऽपरे ॥५४॥
मृदङ्गाँश्च तथैवाऽन्ये तस्मिन् युद्धमहोत्सवे ।
ततो देवी त्रिशूलेन गदया शक्तिवृष्टिभिः ॥५५॥

देवीको शक्तिले उर्लेका ती देवीका गण असुर-समूहहरूको संहार गर्दै ती देवीका गण थरि-थरिका बाजा (ढोल), त्यस्तै कतिले शंख बजाउन लागे ॥५४॥ त्यस्तै त्यस युद्ध-भूमिमा कैयन्‌ले मृदङ्ग (मादल) बजाइरहेका थिए। त्यसपछि देवीले त्रिशूल, गदा, शक्तिका वृष्टिले ॥५५॥

खड्गादिभिश्च शतशो निजघान महासुरान् ।
पातयामास चैवाऽन्यान् घण्टास्वनविमोहितान् ॥५६॥
असुरान् भुवि पाशेन बद्ध्वा चाऽन्यानकर्षयत् ।
केचिद् द्विधा कृतास्तीक्ष्णैःखड्गपातैस्तथापरे॥५७॥

र खड्ग आदिले अनेक महादैत्यहरूको संहार गरिन् । कतिलाई त घण्टाको भयंकर नादले मूर्च्छित पारेर मारिन् ॥५६॥ अनेक दैत्यलाई पाशले बाँधेर पृथ्वीमा घिस्याइन् । अनेक दैत्य लाग्ने तरबारको प्रहारले दुइ-दुइ टुक्रा भए ॥५७॥

विपोथिता निपातेन गदया भुवि शेरते।
वेमुश्च केचिद्रुधिरं मुसलेन भृशं हताः ॥५८॥
केचिन्निपतिता भूमौ भिन्नाः शूलेन वक्षसि।
निरन्तराः शरौघेण कृताः केचिद्रणाजिरे ॥५९॥

अनेक दैत्य गदाको चोटले घायल भएर भूमिमा ढले । कति मुसलको कड़ा चोटले घायल भएर रगत छाद्न लागे ॥५८॥ कति दैत्य शूलले छाती फुटेर पृथ्वीमा लडे । त्यस युद्धभूमिमा बाणको अविच्छिन्न वृष्टिले अनेक दैत्यको कम्मर भाँचियो ॥५९॥

श्येनाऽनुकारिणः प्राणान् मुमुचुस्त्रिदशार्दनाः।
केषांचिद् बाहवश्छिन्नाश्छिन्नग्रीवास्तथाऽपरे ॥६०॥
शिरांसि पेतुरन्येषामन्ये मध्ये विदारिताः।
विच्छिन्नजङ्घास्त्वपरे पेतुरुर्व्यां महासुराः ॥६१॥

बाज चराले झैं झम्टिने ती देवशत्रु दानवहरूले प्राण नै त्यागे । कतिका हात काटिए, अरू कतिको मस्तक काटिए र ॥६०॥ अरू कतिका टाउका नै ठुन्किए, अरू कतिका मध्यभाग (कम्मर) नै विदीर्ण भयो (भाँचियो) । कति दैत्य त तिघ्रा काटिएर मरे, कति दैत्यहरू त काटिएर भूइँमा भकाभक लड़े ॥६१॥

एकबाह्वक्षिचरणाः केचिद्देव्या द्विधा कृताः ।
छिन्नेऽपि चाऽन्ये शिरसि पतिताः पुनरुत्थिताः ॥६२॥
कबन्धा युयुधुर्देव्या गृहीतपरमायुधाः ।
ननृतुश्चाऽपरे तत्र युद्धे तूर्यलयाश्रिताः ॥६३॥

कतिलाई देवीले यौटा हात, एक खुट्टा र एकाक्षि पारेर दुइ फ्याँक पारिए। कति दैत्य टाउको काटिए पनि फेरि उठेर गिंडले नै हतियार लिएर देवीसित युद्ध गर्न लाग्दथे ॥६२॥ कति मुर्कट्टाहरू ठूला-ठूला हतियार लिएका छँदा देवीका साथ लड्थे । कति मुर्कट्टाहरू त्यस युद्धमा बाजाको आधारमा नाच्तथे ॥६३॥

कबन्धाश्छिन्नशिरसः खड्गशक्त्यृष्टिपाणयः ।
तिष्ठ तिष्ठेति भाषन्तो देवीमन्ये महासुराः ॥६४॥
पातितै रथनागाश्वैरसुरैश्च वसुन्धरा ।
अगम्या साऽभवत् तत्र यत्राऽभूत् स महारणः ॥६५॥

कति शिर नभएका धड़हरू हातमा खड्ग, शक्ति र ऋष्टि लिएका अरू कति ठूला असुरहरू देवीलाई पर्खी भन्दै लल्कार्थे ॥६४॥ जहाँ त्यो भयङ्कर युद्ध भएको थियो, त्यहाँ काटेर लडाइएका ती रथ-हात्ती-घोड़ा-दानवका रगतले त्यो भूमि हिडि नसक्नुको भएको थियो ॥६५॥

शोणितौघा महानद्यः सद्यस्तत्र प्रसुस्रुवुः।
मध्ये चाऽसुरसैन्यस्य वारणाऽसुरवाजिनाम् ॥६६॥
क्षणेन तन्महासैन्यमसुराणां तथाऽम्बिका।
निन्ये क्षयं यथा वह्निस्तृणदारुमहाचयम् ॥६७॥

त्यस युद्धभूमिको बीचमा असुर-सेनाका काटिएका हात्तीहरूको र दैत्यका काटिएका घोड़ाहरूको रगतका भलले तुरुन्तै ठूला-ठूला नदीको रूप लियो ॥६६॥ जगदम्बाले असुरहरूको विशाल त्यो सेनालाई एकैछिनमा नष्ट पारिदिइन्- जसरी सुकेका घाँस-पात र काठलाई अग्निले एकक्षणमै भस्म पार्दछ ॥६७॥

स च सिंहो महानादमुत्सृजन् धुतकेसरः।
शरीरेभ्योऽमरारीणामसूनिव विचिन्वति ॥६८॥
देव्या गणैश्च तैस्तत्र कृतं युद्धं महासुरैः।
यथैषां तुतुषुर्देवाः पुष्पवृष्टिमुचो दिवि ॐ ॥६९॥

श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये महिषासुरसैन्यवधो नाम द्वितीयः ॥२॥

उवाच १, श्लोकाः ६८, एवम् ६९, एवमादितः ॥१७३॥

त्यो सिंह पनि याल हल्लाउँदै र ठूलो गर्जाइ गर्जदै दैत्यका देहबाट मानों प्राण थुतेझैं गर्दथ्यो ॥६८॥ त्यसरी त्यहाँ देवीका गणहरूले पनि ती महासुर दैत्यहरूसित यस्तो युद्ध गरे कि जसले गर्दा आकाशमा रहेका देवगणहरू प्रसन्न भएर पुष्पवर्षा गर्न लागे ॥६९॥

॥दोस्रो अध्यायको टीका सकियो ॥२॥

अथ तृतीयोऽध्यायः

ध्यानम्-

ॐ उद्यद्भानुसहस्रकान्तिमरुणक्षौमां शिरोमालिकां
रक्तालिप्तपयोधरां जपवटीं विद्यामभीतिं वरम्।
हस्ताब्जैर्दधतीं त्रिनेत्रविलसद्वक्त्रारविन्दश्रियं
देवीं बद्धहिमांशुरत्नमुकुटां वन्देऽरविन्दस्थिताम्॥

उदयकालका सूर्यका सहस्र कान्ति जस्तो कान्ति भएको रातो सारी पहिरेकी, गलामा खप्परको मुण्ड माला लगाएकी, दुवै स्तनमा रातो चन्दन लेपेकी, आफ्ना करकमलले जपमाला-विद्या-अभय तथा वर नामक मुद्रा लिएकी, तीन नेत्र भएको मुखारविन्दले शोभिएकी, अर्धचन्द्र र रत्नले जड़िएको मुकुट लाएकी, कमलको आसनमा बसेकी देवीलाई म प्रणाम गर्दछु॥

'ॐ' ऋषिरुवाच॥१॥

निहन्यमानं तत्सैन्यमवलोक्य महासुरः।
सेनानीश्चिक्षुरःकोपाद्ययौ योद्धुमथाम्बिकाम्॥२॥
स देवीं शरवर्षेण ववर्ष समरेऽसुरः।
यथा मेरुगिरेःशृङ्गं तोयवर्षेण तोयदः॥३॥

ऋषिले भन्नुभयो - ॥१॥ दैत्यसेनाको विनाश भएको देखेर सेनापति चिक्षुर साह्रै रिसाई स्वयं अम्बिका देवीसित युद्ध गर्न गयो॥२॥ मेरु पर्वतमा मेघले जल-वर्षा गरेजस्तै गरी त्यस असुरले समरमा बाण-वर्षा गर्न लाग्यो॥३॥

तस्यच्छित्त्वा ततो देवी लीलयैव शरोत्करान् ।
जघान तुरगान् बाणैर्यन्तारं चैव वाजिनाम् ॥४॥
चिच्छेद च धनुः सद्यो ध्वजं चाऽतिसमुच्छ्रितम् ।
विव्याध चैव गात्रेषु छिन्नधन्वानमाशुगैः ॥५॥

अनि देवीले आफ्ना बाणले त्यसका बाणसमूह सहजै काटेर त्यसका घोडा र सारथि पनि मारिदिइन् ॥४॥ त्यसको धनुष र अग्लो ध्वजा पनि तत्काल काटिदिइन् । धनुष काटिएपछि पर्राका पर्रा बाण वर्षाले त्यसको अङ्ग छिया-छिया पारिदिइन् ॥५॥

स छिन्नधन्वा विरथो हताश्वो हतसारथिः ।
अभ्यधावत तां देवीं खड्गचर्मधरोऽसुरः ॥६॥
सिंहमाहत्य खड्गेन तीक्ष्णधारेण मूर्धनि ।
आजघान भुजे सव्ये देवीमप्यतिवेगवान् ॥७॥

धनुष, रथ, घोडा र सारथि नष्ट भएको त्यो विरथी असुर तब ढाल-तरबार लिएर ती देवीलाई मार्न तीतिर दौडियो ॥६॥ तीक्ष्ण तीखो धार भएको खड्गले सिंहको शिरमा प्रहार गरी, तत्काल देवीको बायाँ बाहुमा पनि बड़ो वेगले हान्दो भयो ॥७॥

तस्याः खड्गो भुजं प्राप्य पफाल नृपनन्दन ।
ततो जग्राह शूलं स कोपादरुणलोचनः ॥८॥
चिक्षेप च ततस्तत् तु भद्रकाल्यां महासुरः ।
जाज्वल्यमानं तेजोभी रविबिम्बमिवाम्बरात् ॥९॥

हे राजन्, दैत्यको खड्ग देवीको बाहुमा लाग्नासाथ टुक्रा-टुक्रा भएर भूमिमा खस्यो, अनि त्यो झन् रिसाएर राता-राता आँखा पारी हातमा शूल लियो ॥८॥ अनि भद्रकालीमाथि त्यो शूल त्यस डरलाग्दो असुरले प्रहार गरिदियो । त्यो शूल आकाशबाट झर्ने सूर्यमण्डल जस्तै आफ्नू तेजले प्रज्वलित हुँदो भयो ॥९॥

दृष्ट्वा तदापतच्छूलं देवी शूलममुञ्चत ।
तच्छूलं शतधा तेन नीतं स च महासुरः ॥१०॥
हते तस्मिन् महावीर्ये महिषस्य चमूपतौ ।
आजगाम गजारूढश्चामरस्त्रिदशार्दनः ॥११॥

त्यो शूल आफूतिर आउन लागेको देखेर देवीले पनि शूल प्रहार गरिन् । त्यस शूलले दैत्यको त्यो शूल सयकडौं टुक्रा भएर पृथ्वीमा खस्यो, साथै, महादैत्य चिक्षुर पनि मरेर भूमिमा ढल्यो ॥१०॥ महिषको त्यो सेनापति मरेपछि देवता-हरूलाई पीडा दिने चामर हात्तीमा चढेर आयो र ॥११॥

सोऽपि शक्तिं मुमोचाऽथ देव्यास्तामम्बिका द्रुतम् ।
हुंकाराभिहतां भूमौ पातयामास निष्प्रभाम् ॥१२॥
भग्नां शक्तिं निपतितां दृष्ट्वा क्रोधसमन्वितः ।
चिक्षेप चामरः शूलं बाणैस्तदपि साऽच्छिनत् ॥१३॥

अनि उसले पनि देवीका उपर शक्ति छोड्यो, तब त्यस शक्तिलाई अम्बिकाले तुरन्तै हुङ्कारले फट्कारी शक्तिहीन पारी भुइँमा गिराइदिइन् ॥१२॥ चामरले आफ्नू शक्ति विफल भएर गिरेको देखेर रिसाई देवीमाथि शूल प्रहार गऱ्यो, तर देवीले त्यसलाई पनि आफ्नू बाणले काटिदिइन् ॥१३॥

ततः सिंहः समुत्पत्य गजकुम्भान्तरे स्थितः ।
बाहुयुद्धेन युयुधे तेनोच्चैस्त्रिदशारिणा ॥१४॥
युद्ध्यमानौ ततस्तौ तु तस्मान्नागान्महीं गतौ ।
युयुधातेऽतिसंरब्धौ प्रहारैरतिदारुणैः ॥१५॥

त्यसपछि देवीको वाहन सिंह उफ्रेर हात्तीको मस्तकमा रह्यो र दैत्यसित बलपूर्वक बाहुयुद्ध गर्न लाग्यो ॥१४॥ ती दुवै लड्दा - लड्दै हात्तीबाट तल आए । अनि अत्यन्त क्रोधपूर्वक यौटाले आर्कोमाथि भयङ्कर प्रहार गर्न लागे ॥१५॥

ततो वेगात् खमुत्पत्य निपत्य च मृगारिणा ।
करप्रहारेण शिरश्चामरस्य पृथक्कृतम् ॥१६॥
उदग्रश्च रणे देव्या शिलावृक्षादिभिर्हतः ।
दन्तमुष्टितलैश्चैव करालश्च निपातितः ॥१७॥

अनि सिंह वेगपूर्वक आकाशतिर उफ्रियो र तल झरेर एक थप्पड़ चामरको थाप्लामा हानेको थियो, चामरको शिर घडबाट छुट्टियो ॥१६॥ त्यसै प्रकारले उदग्र पनि शिला र मूढ़ाको वृक्षादिको चोटले देवीद्वारा मारियो, कराल पनि दाँत र मुड्की र थप्पडले धराशायी भयो ॥१७॥

देवी क्रुद्धा गदापातैश्चूर्णयामास चोद्धतम् ।
वाष्कलं भिन्दिपालेन बाणैस्ताम्रं तथाऽन्धकम् ॥१८॥
उग्रास्यमुग्रवीर्यं च तथैव च महाहनुम् ।
त्रिनेत्रा च त्रिशूलेन जघान परमेश्वरी ॥१९॥

त्यसपछि उद्धत नामको दानव आयो । क्रोधित भएकी देवीले त्यसलाई गदाले हिर्काएर चकनाचूर पारिन् । भिन्दिपालले बाष्कललाई र बाणले ताम्रलाई र अन्धकलाई मारिन् ॥१८॥ अनि तीन नेत्र हुने ईश्वरीले उग्रास्य, उग्रवीर्य र महाहनुलाई त्रिशूलले मारिदिइन् ॥१९॥

बिडालस्याऽसिना कायात्पातयामास वै शिरः।
दुर्धरं दुर्मुखं चोभौ शरैर्निन्ये यमक्षयम् ॥२०॥
एवं संक्षीयमाणे तु स्वसैन्ये महिषासुरः।
माहिषेण स्वरूपेण त्रासयामास तान् गणान् ॥२१॥

तब तरवारले बिडालको शिर काटिन् र दुर्धर, दुर्मुख-यी दुवैलाई आफ्ना बाणले यमलोक पठाइदिइन् ॥२०॥ त्यसरी आफ्ना सेनाको संहार भएको देखेर महिषासुरले महिषको रूप धारण गरी देवीका ती गणहरूलाई त्रास (डर) दिन लाग्यो ॥२१॥

काँश्चित् तुण्डप्रहारेण खुरक्षेपैस्तथाऽपरान्।
लाङ्गूलताडिताँश्चाऽन्याञ्छृङ्गाभ्यां च विदारितान्॥२२॥
वेगेन काँश्चिदपरान्नादेन भ्रमणेन च।
निःश्वासपवनेनाऽन्यान् पातयामास भूतले ॥२३॥

कसैलाई थुतुनोको प्रहारले, कसैलाई खुरले हिर्काएर, र कसैलाई पुछरले तथा कतिलाई सींगले ॥२२॥ कति गणलाई आफ्नू वेगले, कतिलाई सिंह-नादले, कतिलाई फनफनी घुमाएर, कतिलाई निःश्वास वायुको वेगले उडाएर भूतलमा गिराइदियो मारिदियो ॥२३॥

निपात्य प्रमथानीकमभ्यधावत सोऽसुरः ।
सिंहं हन्तुं महादेव्याः कोपं चक्रे ततोऽम्बिका ॥२४॥
सोऽपि कोपान्महावीर्यः खुरक्षुण्णमहीतलः ।
शृङ्गाभ्यां पर्वतानुच्चाँश्चिक्षेप च ननाद च ॥२५॥

यसप्रकार गणहरूलाई ढलाएर त्यो असुर देवीको सिंहलाई मार्न झोक्कियो। त्यो देखेर अम्बिकालाई रिस उठ्यो ॥२४॥ उता पराक्रमी महिषासुर पनि रिसाएर खुरले भूमि खोस्रदै आफ्ना सींगले ठूला-ठूला पर्वत उचालेर फ्याँक्दै गर्जन लाग्यो ॥२५॥

वेगभ्रमणविक्षुण्णा मही तस्य व्यशीर्यत ।
लाङ्गूलेनाहतश्चाब्धिः प्लावयामास सर्वतः ॥२६॥
धुतशृङ्गविभिन्नाश्च खण्डं खण्डं ययुर्घनाः ।
श्वासाऽनिलास्ताः शतशो निपेतुर्नभसोऽचलाः ॥२७॥

त्यसले खुरले खोस्रदा पृथ्वी फाटिन् । त्यसको पुच्छरको ताडनाले समुद्र छचल्किई सबै लोक डुबाउन लाग्यो ॥२६॥ हान्ने सींगको आघातले बादल पनि टुक्रा - टुक्रा भएर छरिए । त्यसको श्वासको प्रचण्ड वेगले अनेक पर्वतहरू आकाशमा उडी आकाशबाट भूमिमा पछारिन लागे ॥२७॥

इति क्रोधसमाध्मातमापतन्तं महासुरम् ।
दृष्ट्वा सा चण्डिका कोपं तद्वधाय तदाऽकरोत् ॥२८॥
सा क्षिप्त्वा तस्य वै पाशं तं बबन्ध महासुरम् ।
तत्याज माहिषं रूपं सोऽपि बद्धो महामृधे ॥२९॥

त्यसरी रिसाएको दैत्यलाई आफूतिर आउन लागेको देखी-चण्डिकाले त्यसलाई मार्नको निम्ति तब अत्यन्त क्रोध गरिन् ॥२८॥ उनले पाश फ्याँकेर त्यस महा असुरलाई बाँधिन् । त्यसरी बाँधिएपछि उस दैत्यले भैंसीको रूप त्यागिदियो ॥२९॥

ततः सिंहोऽभवत् सद्यो यावत्तस्याऽम्बिका शिरः ।
छिनत्ति तावत् पुरुषः खड्गपाणिरदृश्यत ॥३०॥
तत एवाऽऽशु पुरुषं देवी चिच्छेद सायकैः ।
तं खड्गचर्मणा सार्धं ततः सोऽभून्महागजः ॥३१॥

तब तत्काल सिंहको रूपमा प्रकट भयो, त्यस अवस्थामा जगदम्बा जब त्यसलाई मार्न उद्यत भइन् तब तत्काल त्यो खड्गधारी पुरुषको रूपमा देखिन लाग्यो ॥३०॥ अनि देवीले तुरुन्त बाण वर्षा गरेर ढाल-तरबार - सहित त्यस पुरुषलाई मार्न आँटिन् । त त्यतिमै त्यो गजराजको रूपमा खड्ग र ढाल - साथै परिणत भयो ॥३१॥

करेण च महासिंहं तं चकर्ष जगर्ज च।
कर्षतस्तु करं देवी खड्गेन निरकृन्तत ॥३२॥
ततो महासुरो भूयो माहिषं वपुरास्थितः।
तथैव क्षोभयामास त्रैलोक्यं सचराचरम् ॥३३॥

अनि आफ्नू सूँढले देवीको विशाल सिंहलाई तान्न र गर्जन थाल्यो । देवीले तत्काल त्यसको तान्ने सूँढ खड्गले काटिदिइन् ॥३२॥ फेरि त्यस दैत्यले पहिलेको जस्तै महिष-रूप धारण गऱ्यो र पहिलेको जस्तै गरी तीनै लोकलाई व्याकुल पार्न लाग्यो ॥३३॥

ततः क्रुद्धा जगन्माता चण्डिका पानमुत्तमम्।
पपौ पुनः पुनश्चैव जहासाऽरुणलोचना ॥३४॥
ननर्द चाऽसुरः सोऽपि बलवीर्यमदोद्धतः।
विषाणाभ्यां च चिक्षेप चण्डिकां प्रति भूधरान् ॥३५॥

अनि रिसले आगो झैं भएकी चण्डिका देवी बारम्बार उत्तम मधु-पान गर्न लागिन् र राता-राता आँखा पारेर हाँस्न लागिन् ॥३४॥ उता त्यो बल र पराक्रमले उन्मत्त भएको राक्षस पनि गर्जन लाग्यो । आफ्ना सींगले चण्डिका-माथि पर्वत फ्याँक्न लाग्यो ॥३५॥

सा च तान् प्रहिताँस्तेन चूर्णयन्ती शरोत्करैः ।
उवाच तं मदोद्धूतमुखरागाऽऽकुलाक्षरम् ।।३६।।

देव्युवाच ।।३७।।

गर्ज गर्ज क्षणं मूढ मधु यावत् पिबाम्यहम् ।
मया त्वयि हतेऽत्रैव गर्जिष्यन्त्याशु देवताः ।।३८।।

उसद्वारा फ्याँकिएका पर्वतका थुम्काहरूलाई आफ्ना वाणले धूलो पार्दै मदिरापानले उन्मत्त भएको, चेहरा रातिएको, बोली लटपटिएको उसलाई भनिन् ।।३६।। देवीले भनिन्-- ।।३७।। हे मूढ ! म जबसम्म मधुपान गर्दछु, तबसम्म तँ खूब गर्जी । मेरो हातबाट यहीं तेरो मृत्यु भएपछि देवताहरू पनि चाँडै गर्जनेछन् ।।३८।।

ऋषिरुवाच ।।३९।।

एवमुक्त्वा समुत्पत्य साऽऽरूढा तं महासुरम् ।
पादेनाऽऽक्रम्य कण्ठे च शूलेनैनमताडयत् ।।४०।।
ततः सोऽपि पदाऽऽक्रान्तस्तया निजमुखात्ततः ।
अर्धनिष्क्रान्त एवासीद् देव्या वीर्येण संवृतः ।।४१।।

मेधा ऋषि भन्दछन् ।।३९।। यति भनेर देवी उफ्रिई त्यस महादैत्यमाथि सवार भै त्यसलाई आफ्ना पाउले थिची शूलले त्यसको कण्ठमा प्रहार गरिन् ।।४०।। देवीको पाउले थिचिए पनि महिषासुर आफ्नू मुखबाट (अर्को रूपमा निस्कन लाग्यो) आधा शरीर मात्र बाहिर निस्कन पाएको थियो, देवीले आफ्नू प्रभाव- द्वारा रोकिदिइन ।।४१।।

अर्धनिष्क्रान्त एवाऽसौ युध्यमानो महासुरः ।
तया महासिना देव्या शिरश्छित्त्वा निपातितः ।।४२।।
ततो हाहाकृतं सर्वं दैत्यसैन्यं ननाश तत् ।
प्रहर्षं च परं जग्मुः सकला देवतागणाः ।।४३।।

आधा नै निस्केको भए पनि त्यो असुर देवीसित युद्ध गर्न लाग्यो (अनि देवीले ठूलो तरबार लीई त्यसको मस्तक काटी पृथ्वीमा खसालिन् ।।४२।। तब महिषासुर मरेपछि सारा दैत्यसेना हाहाकार गर्दै त्यहाँबाट भागे । अनि सम्पूर्ण देवता खूब खुशी भए ।।४३।।

तुष्टुवुस्तां सुरा देवीं सह दिव्यैर्महर्षिभिः ।
जगुर्गन्धर्वपतयो ननृतुश्चाऽप्सरोगणाःॐ ।।४४।।

श्रीमार्कण्डेयपुराणेसावर्णिकेमन्वन्तरे देवीमाहात्म्येमहिषासुरवधोनाम तृतीयः ।।३।।

उवाच ३, श्लोकाः ४१, एवम् ४४, एवमादितः २१७ ।।

देवताहरूले दिव्य महर्षिहरू सहित भएर देवीको स्तुति गरे । गन्धर्वराज गाउन थाले र अप्सरा नाच्न लागे ।।४४।।

श्रीमार्कण्डेय पुराणमा सावर्णिक मन्वन्तरको कथा अन्तरगत देवी माहात्म्यमा महिषासुर वध नामक तेस्रो अध्याय सकियो ।।३।।

अथ चतुर्थोऽध्यायः

ध्यानम्–

ॐ कालाभ्राभां कटाक्षैररिकुलभयदां मौलिबद्धेन्दुरेखां
शङ्खं चक्रं कृपाणं त्रिशिखमपि करैरुद्वहन्तीं त्रिनेत्राम् ।
सिंहस्कन्धाधिरूढां त्रिभुवनमखिलं तेजसा पूरयन्तीं
ध्यायेद् दुर्गां जयाख्यां त्रिदशपरिवृतां सेवितां सिद्धिकामैः।।

कालो मेघको समान श्याम वर्ण भएकी, आफ्ना कटाक्षले शत्रु-समूहलाई भय दिने, शिरमा अर्धचन्द्रमाको रेखाले शोभिएकी, हातहरूले शंख-चक्र-कृपाण (तरवार)-त्रिशूल पनि लिएकी, तीन आँखाले शोभिएकी, सिंहको काँधमा चढ़ेकी, सारा तीनै लोकलाई आफ्ना तेजले ढाकेकी, देवताहरूले घेरिएकी, सिद्धि चाहनेहरूले सेवा गरिएकी, 'जया' नाम भएकी दुर्गा देवीकन सबैले ध्यान गर्नुपर्छ ।।

'ॐ' ऋषिरुवाच ।।१।।

शक्रादयः सुरगणा निहतेऽतिवीर्ये
तस्मिन् दुरात्मनि सुरारिबले च देव्या।
तां तुष्टुवुः प्रणतिनम्रशिरोधरांसा
वाग्भिः प्रहर्षपुलकोद्गमचारुदेहाः ।।२।।

मेधा ऋषि भन्दछन्- ।।१।। अत्यन्त पराक्रमी त्यो दुरात्मा महिषासुर र त्यसका समस्त सेना देवीद्वारा मारिएपछि हर्षले उठेका रोमाञ्चले सुन्दर शरीर भएका इन्द्रादि देवताहरूले शिर-सहित काँध निहुराई अर्थात् भक्तिपूर्वक झुकेर देवी दुर्गाको उत्तम वचनद्वारा स्तुति गर्न लागे ।।२।।

देव्या यया ततमिदं जगदात्मशक्त्या
निश्शेष- देवगण –शक्ति– समूहमूर्त्या ।
तामम्बिकामखिल–देव–महर्षि –पूज्यां
भक्त्या नताः स्म विदधातु शुभानि सा नः ।।३।।

देवता भन्दछन्- सम्पूर्ण देवताका तेजको समूह नै जसको स्वरूप छ तथा जुन देवीले आफ्नू शक्तिद्वारा सारा यो जगत् व्याप्त पारिराखेको छ, समस्त देवता र महर्षिहरूकी पूज्या ती जगदम्बालाई हामी भक्तिपूर्वक नमस्कार गर्दछौं । ती हाम्रो कल्याण गरून् ।।३।।

यस्याः प्रभावमतुलं भगवाननन्तो
ब्रह्मा हरश्च न हि वक्तुमलं बलं च ।
सा चण्डिकाऽखिलजगत्परिपालनाय
नाशाय चाऽशुभभयस्य मतिं करोतु ।।४।।

जसको अनुपम प्रभाव र बलको वर्णन गर्न भगवान् विष्णु, ब्रह्मा र शिवजी पनि बोल्दा थाक्तछन्, ती भगवती चण्डिका सम्पूर्ण जगत्को पालन गर्न र अशुभ भयको नाश गर्ने बुद्धि गरून् ।।४।।

या श्रीः स्वयं सुकृतिनां भवनेष्वलक्ष्मीः
पापात्मनां कृतधियां हृदयेषु बुद्धिः ।
श्रद्धा सतां कुलजनप्रभवस्य लज्जा
तां त्वां नताः स्म परिपालय देवि विश्वम् ।।५।।

जुन देवी पुण्यात्माहरूको घरमा लक्ष्मीरूपले र पापीहरूका घरमा दरिद्ररूपले तथा शुद्ध अन्तःकरण हुने व्यक्तिको हृदयमा बुद्धिरूपले, सत्पुरुषमा श्रद्धारूपले र कुलीन मनुष्यमा लज्जारूपले निवास गर्नुहुन्छ, त्यस्ती हजुरलाई हामी नमस्कार गर्दछौं । हे देवि! हजुर सम्पूर्ण विश्वको पालन गर्नुहवस् ।।५।।

किं वर्णयाम तव रूपमचिन्त्यमेतत्
किं चाऽतिवीर्यमसुरक्षयकारि भूरि ।
किं चाऽऽहवेषु चरितानि तवाऽद्भुतानि
सर्वेषु देव्यसुरदेवगणादिकेषु ।।६।।

हे दुर्गे ! हजुरको यो अचिन्त्य रूप र असुरहरूको क्षय गर्ने ठूलो पराक्रम तथा देवता र सारा दैत्यगणका साथ भएको युद्धमा तपाईंले प्रकट गरिएका अद्भुत चरित्रहरूकन हामी कसरी वर्णन गर्न सक्तछौं ? अर्थात् सक्तैनौं ।।६।।

हेतुः समस्तजगतां त्रिगुणाऽपि दोषै-
र्न ज्ञायसे हरिहरादिभिरप्यपारा।
सर्वाऽऽश्रयाऽखिलमिदं जगदंशभूत-
मव्याकृता हि परमा प्रकृतिस्त्वमाद्या ॥७॥

सृष्टिको उत्पत्तिमा तपाईं नै कारणस्वरूप हुनुहुन्छ, हजुरमा सत्त्व, रज, तम तीनै गुण छन् तापनि ती दोषसित तपाईंको कुनै संसर्ग हुन्न । ब्रह्मा, विष्णु र शिव पनि हजुरको महिमा जान्न सक्तैनन्, किनभने यो चराऽचर जगत् हजुरको अंशभूत छ, प्राणिमात्रका लागि आधारभूत छ, किनकि तपाईं नै एकमात्र सबको मूलभूत अव्याकृता परा प्रकृति हुनुहुन्छ ॥७॥

यस्याः समस्तसुरता समुदीरणेन
तृप्तिं प्रयाति सकलेषु मखेषु देवि।
स्वाहाऽसि वै पितृगणस्य च तृप्तिहेतु-
रुच्चार्यसे त्वमत एव जनैः स्वधा च ॥८॥

हे देवि! यज्ञादिमा जसको उच्चारणले देवता-परितृप्त हुन्छन्, ती स्वाहा तपाईं नै हुनुहुन्छ । यसबाहेक तपाईं पितृहरूलाई पनि तृप्ति दिनुहुन्छ । यसैले सबै जन तपाईंलाई स्वधाको नामले अभिहित गर्दछन् ॥८॥

या मुक्तिहेतुरविचिन्त्यमहाव्रता त्व-
मभ्यस्यसे सुनियतेन्द्रियतत्त्वसारैः।
मोक्षार्थिभिर्मुनिभिरस्तसमस्तदोषै-
र्विद्याऽसि सा भगवती परमा हि देवि ॥९॥

हे देवि ! जो मोक्ष-प्राप्तिको साधन छ, अचिन्त्य महाव्रत स्वरूपा छ, समस्त दोषरहित, जितेन्द्रिय, तत्त्वलाई नै सार वस्तु मान्ने एवं मोक्षको अभिलाषा राख्ने मुनिजन जसको अभ्यास गर्दछन्, ती भगवती परा विद्या हजुर नै हुनुहुन्छ ॥९॥

शब्दात्मिका सुविमलर्ग्यजुषां निधान-
मुद्गीथरम्यपदपाठवतां च साम्नाम्।
देवी त्रयी भगवती भवभावनाय
वार्ता च सर्वजगतां परमार्तिहन्त्री ॥१०॥

हजुर शब्दस्वरूपा तथा अत्यन्त निर्मल ऋग्वेद, यजुर्वेद र उद्गीथका मनोहर पद-पाठले युक्त सामवेदको आधार पनि हजुर नै हुनुहुन्छ। हे देवि, तपाईं नै त्रयी (तिनै वेद) र भगवती (षडैश्वर्यले युक्त) हुनुहुन्छ। यस विश्वको उत्पत्ति र पालनको निम्ति वार्ता (कृषि र आजीविका) को रूपमा प्रकट भएकी हजुर जगत्को पीडा नाश गर्ने हुनुहुन्छ ॥१०॥

मेधाऽसि देवि विदिताऽखिलशास्त्रसारा
दुर्गाऽसि दुर्गभवसागर - नौरसङ्गा ।
श्रीः कैटभारि - हृदयैक – कृताधिवासा
गौरी त्वमेव शशिमौलिकृतप्रतिष्ठा ॥११॥

हे देवि! जसले समस्त शास्त्रको सार ज्ञान हुन्छ, त्यो मेधाशक्ति हजुर नै हुनुहुन्छ । दुर्गम भवसागरबाट पारि तार्ने नौकारूप दुर्गादेवी पनि हजुर नै हुनुहुन्छ । तपाईं आसक्तिरहित हुनुहुन्छ । मधुकैटभका शत्रु विष्णु भगवान्को हृदयमा निवास गर्ने भगवती लक्ष्मी र चन्द्रशेखरद्वारा सम्मानित गौरी पनि हजुर नै हुनुहुन्छ ॥११॥

ईषत् सहासममलं परिपूर्णचन्द्र-
बिम्बाऽनुकारि कनकोत्तमकान्तिकान्तम् ।
अत्यद्भुतं प्रहृतमात्तरुषा तथापि
वक्त्रं विलोक्य सहसा महिषासुरेण ॥१२॥

हजुरको मुख मन्दहास्य युक्त, निर्मल, पूर्णचन्द्रबिम्बको अनुकरण गर्ने औ मनोहर सुनको कान्ति जस्तो कान्ति देखेर पनि महिषासुर मोहित नभई रिसाएर प्रहार गर्‍यो, यो निकै आश्चर्यको कुरो हो ॥१२॥

दृष्ट्वा तु देवि कुपितं भ्रुकुटीकराल-
मुद्यच्छशाङ्कसदृशच्छवि यन्न सद्यः।
प्राणान् मुमोच महिषस्तदतीव चित्रं
कैर्जीव्यते हि कुपितान्तकदर्शनेन ॥१३॥

हे देवि! त्यही मुख जब क्रोधयुक्त भएर उदय कालका चन्द्रमा झैं रातो र आँखीभौं बांगिई विकराल भयो, तब त्यो रूप देख्नासाथ महिषासुरको प्राण निस्केन, यो झन् आश्चर्यको कुरो हो किनकि रिसाएका यमराजलाई देखेर को जीवित रहन सक्ला ॥१३॥

देवि प्रसीद परमा भवती भवाय
सद्यो विनाशयसि कोपवती कुलानि।
विज्ञातमेतदधुनैव यदस्तमेत-
न्नीतं बलं सुविपुलं महिषासुरस्य ॥१४॥

हे देवि! तपाईं खुशी हुनुहोस् । परमात्मस्वरूप तपाईं प्रसन्न हुँदा जगत्को अभ्युदय हुन्छ र तपाईं रिसाउँदा तत्काल नै कैयौं कुलको सर्वनाश हुन्छ, यो सबै हामीहरूले अहिले अनुभव गर्‍यौं, किनकि महिषासुरका विशाल सेना

ते सम्मता जनपदेषु धनानि तेषां
तेषां यशांसि न च सीदति धर्मवर्गः।
धन्यास्त एव निभृतात्मजभृत्यदारा
येषां सदाऽभ्युदयदा भवती प्रसन्ना ॥१५॥

सदा अभ्युदय प्रदान गर्ने हजुर तपाईं जसमाथि प्रसन्न रहनुहुन्छ, ती नै देशमा सम्मानित हुन्छन् र तिनैलाई धन एवं कीर्ति प्राप्त हुन्छ, तिनैको धर्म कहिल्यै क्षीण हुँदैन र तिनै आफ्ना स्त्री-पुत्र र भृत्य (चाकर) सहित धन्य मानिन्छन् ॥१५॥

धर्म्याणि देवि सकलानि सदैव कर्मा-
ण्यत्यादृतः प्रतिदिनं सुकृती करोति।
स्वर्गं प्रयाति च ततो भवतीप्रसादा-
ल्लोकत्रयेऽपि फलदा ननु देवि तेन ॥१६॥

हे देवि ! हजुरकै कृपाले पुण्यात्मा पुरुष प्रतिदिन अत्यन्त श्रद्धापूर्वक सबै प्रकारका धर्मानुकूल कर्म गर्दछन् र त्यसकै प्रभावले स्वर्गमा पुग्दछन्, अतः हजुर तीनै लोकमा निश्चित नै इच्छित फल दिनेवाली हुनुहुन्छ ॥१६॥

दुर्गे स्मृता हरसि भीतिमशेषजन्तोः
स्वस्थैः स्मृता मतिमतीव शुभां ददासि।
दारिद्र्यदुःखभयहारिणि का त्वदन्या
सर्वोपकार – करणाय सदाऽर्द्रचित्ता ।।१७।।

हे दुर्गे ! हजुरको स्मरण गर्नासाथ सबै प्राणीको भय हजुर हरिदिनुहुन्छ र स्वस्थ पुरुषद्वारा चिन्तन गरिएपछि तिनलाई कल्याणमयी बुद्धि दिनुहुन्छ । दु:ख, दरिद्रता र भय हरण गर्नेवाली हे देवि ! हजुरबाहेक अरू को छ, जसको चित्त सबैको उपकार गर्नका लागि सदा दयार्द्र रहन्छ ।।१७।।

एभिर्हतैर्जगदुपैति सुखं तथैते
कुर्वन्तु नाम नरकाय चिराय पापम् ।
संग्राममृत्युमधिगम्य दिवं प्रयान्तु
मत्वेति नूनमहितान् विनिहंसि देवि ।।१८।।

हे देवि ! यी राक्षस मारिनाले संसारलाई सुख मिलोस् र यी राक्षस चिरकालसम्म नरकमा बस्नुपर्ने पाप भलै गरून्, यस बखत संग्राममा मरेर स्वर्ग जाऊन् भन्ने ध्येयले निश्चय नै हजुरले यही विचार गरेर शत्रुको वध गर्नुहुन्छ ।।१८।।

दृष्ट्वैव किं न भवती प्रकरोति भस्म
सर्वाऽसुरानरिषु यत् प्रहिणोषि शस्त्रम् ।
लोकान् प्रयान्तु रिपवोऽपि हि शस्त्रपूता
इत्थं मतिर्भवति तेष्वपि तेऽतिसाध्वी ॥१९॥

हजुर शत्रुमाथि शस्त्र प्रहार किन गर्नुहुन्छ ? सबै असुरलाई दृष्टिपातमात्रले नै भस्म किन पारिदिनुहुन्न ? यसमा यौटा रहस्य छ । ती शत्रु पनि मेरा शस्त्रले पवित्र भएर उत्तम लोकमा जाऊन् भनेर हो- यसरी शत्रुप्रति पनि हजुरको विचार उत्तम रहन्छ ॥१९॥

खड्गप्रभानिकर – विस्फुरणैस्तथोग्रैः
शूलाग्रकान्तिनिवहेन दृशोऽसुराणाम् ।
यन्नागता विलयमंशुमदिन्दुखण्ड-
योग्याननं तव विलोकयतां तदेतत् ॥२०॥

े देवि ! हजुरको शूल र खड्गको उग्र तेजले असुरहरूको आँखा नफुटेको ानि कारण के छ भने हजुरको निधारमा तिनीहरू हेरिरहन्छन्, जसमा अमृत - किरणयुक्त चन्द्रमा विराजमान रहन्छन् ॥२०॥

दुर्वृत्त - वृत्तशमनं तव देवि शीलं
रूपं तथैतदविचिन्त्यमतुल्यमन्यैः ।
वीर्यं च हन्तृ हृतदेवपराक्रमाणां
वैरिष्वपि प्रकटितैव दया त्वयेत्थम् ॥२१॥

हे देवि ! हजुरको शीलले अनुचित व्यवहारलाई नष्ट पार्दछ । फेरि यो रूप यस्तो छ कि जो कहिल्यै चिन्तनमा पनि आउन सक्तैन र जसको कसैसित तुलना हुन पनि सक्तैन, फेरि हजुरको बल र पराक्रम ती दैत्यलाई पनि नाश गर्दछ । जसले अहिले देवगणको पराक्रमलाई पनि नष्ट पारिसकेका थिए । यसरी हजुरले शत्रुमाथि पनि आफ्नू दया नै प्रकट गर्नुभयो ॥२१॥

केनोपमा भवतु तेऽस्य पराक्रमस्य
रूपं च शत्रुभयकार्यतिहारि कुत्र ।
चित्ते कृपा समर - निष्ठुरता च दृष्टा
त्वय्येव देवि वरदे भुवनत्रयेऽपि ॥२२॥

हे वरदायिनी देवी ! हजुरको यस पराक्रमको तुलना कोसित हुन सक्तछ ? शत्रुलाई भय दिने अत्यन्त मनोहर रूप पनि हजुर बाहेक अन्त कहाँ छ ? हृदयमा कृपा र युद्धमा निष्ठुरता - यी दुवै कुरा तीनै लोकमा हजुरमै मात्र देखिन्छ ॥२२॥

त्रैलोक्यमेतदखिलं रिपुनाशनेन
त्रातं त्वया समरमूर्धनि तेऽपि हत्वा ।
नीता दिवं रिपुगणा भयमप्यपास्त-
मस्माकमुन्मदसुरारिभवं नमस्ते ।।२३।।

मातः ! हजुरले शत्रु-संहार गरेर त्रैलोक्यको नै रक्षा गर्नुभयो । ती शत्रुलाई पनि संग्राममा मारेर स्वर्ग पठाउनुभयो, ती उन्मत्त दैत्यबाट प्राप्त हुने हाम्रो भय पनि निवारण गरिदिनुभो, यस्ती हजुरलाई नमस्कार छ ।।२३।।

शूलेन पाहि नो देवि पाहि खड्गेन चाऽम्बिके ।
घण्टास्वनेन नः पाहि चापज्यानिःस्वनेन च ।।२४।।
प्राच्यां रक्ष प्रतीच्यां च चण्डिके रक्ष दक्षिणे ।
भ्रामणेनाऽऽत्मशूलस्य उत्तरस्यां तथेश्वरि ।।२५।।

हे देवि ! हजुर शूलले हाम्रो रक्षा गर्नुहओस् । हे अम्बिके ! खड्गले, घण्टाको ध्वनि र धनुषको टंकारले पनि हामीहरूको रक्षा गर्नुहवस् ।।२४।। हे चण्डिके! पूर्व, पश्चिम र दक्षिण दिशामा हाम्रो रक्षा गर्नुहवस्, हे ईश्वरी ! आफ्नु त्रिशूल घुमाएर हजुर उत्तर दिशामा पनि हाम्रो रक्षा गर्नुहवस् ।।२५।।

यानि यानि रूपाणि त्रैलोक्ये विचरन्तिते।
ने चात्यर्थघोराणि तै रक्षाऽस्माँस्तथा भुवम् ॥२६॥
ड्गशूलगदादीनि यानि चाऽस्त्राणि तेऽम्बिके।
पल्लवसङ्गीनि तैरस्मान् रक्ष सर्वतः ॥२७॥

लोकमा हजुरका राम्रा र भयङ्कर रूप डुलिरहन्छन्, तीद्वारा पनि हजुर र भूलोकको रक्षा गर्नुहवस् ॥२६॥ हे अम्बिके ! हजुरका करपल्लवहरूमा ा पाउने खड्ग, शूल र गदा आदि जुन-जुन अस्त्र छन्, ती सबैद्वारा सबैतिरबाट हामीहरूको रक्षा गर्नुहओस् ॥२७॥

ऋषिरुवाच ॥२८॥
वं स्तुता सुरैर्दिव्यैः कुसुमैर्नन्दनोद्भवैः।
र्चिता जगतां धात्री तथा गन्धाऽनुलेपनैः ॥२९॥
क्त्या समस्तैस्त्रिदशैर्दिव्यैर्धूपैस्तु धूपिता।
ह प्रसादसुमुखी समस्तान् प्रणतान् सुरान् ॥३०॥

भन्दछन्- ॥२८॥ यसरी जब देवताहरूले दुर्गादेवीको स्तुति गर्दै नन्दन को दिव्य पुष्प र गन्ध - चन्दनादिद्वारा जगत्की धात्री (धारण गर्नेवाली) इन् ॥२९॥ तथा सबै मिलेर दिव्य धूपादि भक्तिपूर्वक निवेदन गरे तब ले प्रसन्न भएर प्रणाम गरिरहेका देवताहरूलाई भनिन् ॥३०॥

देव्युवाच ॥३१॥

व्रियतांत्रिदशाः सर्वे यदस्मत्तोऽभिवाञ्छितम् ॥३२॥

देवा ऊचुः ॥३३॥

भगवत्या कृतं सर्वं न किंचिदवशिष्यते ॥३४॥

देवी बोलिन् - ॥३१॥ हे देवताहो ! मनमा जे इच्छा छ, त्यो माग ॥३२॥ देवताहरूले भने- ॥३३॥भगवती देवीले हाम्रो सबै इच्छा पूर्ण गरिदिनुभयो, अब केही शेष छैन ॥३४॥

यदयं निहतः शत्रुरस्माकं महिषासुरः ।

यदि चापि वरो देयस्त्वयाऽस्माकं महेश्वरि ॥३५॥

संस्मृता संस्मृता त्वं नो हिंसेथाः परमापदः ।

यश्च मर्त्यः स्तवैरेभिस्त्वां स्तोष्यत्यमलानने ॥३६॥

किनकि हाम्रो यो प्रबल शत्रु महिषासुर मारियो । हे महेश्वरि ! यदि हजुर हामीलाई वर दिने इच्छा गर्नुहुन्छ भने ॥३५॥ हामी जब जब हजुरको सम्झना गर्नेछौं, तब-तब दर्शन दिएर कष्ट निवारण गर्नुहवस् । हे अम्बिके ! सुन्दर मुखवाली ! जो मनुष्य यी स्तोत्रले हजुरको स्तुति गर्दछन ॥३६॥

तस्य वित्तर्द्धिविभवैर्धनदारादिसम्पदाम् ।
वृद्धयेऽस्मत्प्रसन्ना त्वं भवेथाः सर्वदाम्बिके ।।३७।।

ऋषिरुवाच ।।३८।।

इति प्रसादिता देवैर्जगतोऽर्थे तथाऽऽत्मनः ।
तथेत्युक्त्वा भद्रकाली बभूवाऽन्तर्हिता नृप ।।३९।।

उनलाई धन, समृद्धि दिनुका साथै तिनको धन स्त्री आदि सम्पत्ति बढाउन सदा हामीमाथि प्रसन्न रहनोस् ।।३७।। ऋषि भन्दछन्—।।३८।। हे राजन् ! देवताहरूले जब आफ्नू र जगत्को कल्याणका निम्ति भद्रकाली देवीलाई यसरी प्रसन्न पारेपछि देवी 'तथास्तु' भनेर अन्तर्धान भइन् ।।३९।।

इत्येतत् कथितं भूप सम्भूता सा यथा पुरा ।
देवी देवशरीरेभ्यो जगत्त्रयहितैषिणी ।।४०।।
पुनश्च गौरीदेहात् सा समुद्भूता यथाऽभवत् ।
वधाय दुष्टदैत्यानां तथा शुम्भनिशुम्भयोः ।।४१।।

हे भूपाल ! यसरी पूर्वकालमा तीनै लोकको हित गर्ने देवी जसरी देवताका तेजबाट प्रकट भएकी थिइन् त्यो वृत्तान्त मैले सुनाएँ ।।४०।। अब फेरि देवगणको उपकार गर्ने ती देवी सबै लोकको रक्षार्थ गौरी देवीको शरीरबाट शुम्भ-निशुम्भको वध गर्न प्रकट भइन् ।।४१।।

रक्षणाय च लोकानां देवानामुपकारिणी ।
तच्छृणुष्व मयाऽऽख्यातं यथावत् कथयामि ते ह्लीं ॐ ॥४२॥

श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये शक्रादिस्तुतिर्नाम चतुर्थोऽध्यायः ॥४॥

उवाच ५, अर्धश्लोकौ २, श्लोकाः ३५,एवम् ४२, एवमादितः २५९ ॥

त्यो र द्यौताहरूको उपकार गर्न तथा तीनै लोकको रक्षा गर्न फेरि जसरी उत्पन्न भइन् त्यो कुरो अब म यथावत् वर्णन गर्दछु, सुन ॥४२॥

यसरी श्रीमार्कण्डेय पुराणमा सावर्णिक मन्वन्तरको कथा अन्तरगत देवीमाहात्म्यमा शक्रादिस्तुति नामक चौथो अध्याय सकियो ॥४॥

❋

अथ पञ्चमोऽध्यायः

ध्यानम्-

ॐ घण्टाशूलहलानि शङ्खमुसले चक्रं धनुः सायकं
हस्ताब्जैर्दधतीं घनान्तविलसच्छीतांशुतुल्यप्रभाम् ।
गौरीदेहसमुद्भवां त्रिजगतामाधारभूतां महा-
पूर्वामत्र सरस्वतीमनुभजे शुम्भादिदैत्यार्दिनीम् ॥

आफ्ना करकमल (हात) हरूले घण्टा-शूल-हलो -शंख-मुसल-चक्र-धनुष-बाण धारण गरेकी, शरद् ऋतुको शोभासम्पन्न चन्द्रमाको कान्तिसमान कान्ति भएकी, गौरीको देहबाट निस्केकी, तीनै लोकको आधारभूत भएकी, शुम्भ आदि दैत्यहरूलाई चपाउने, महा पूर्वमा हुने सरस्वतीलाई अर्थात् महासरस्वतीलाई म यहाँ निरन्तर भजन गर्दछु ॥

ॐ अस्य श्रीउत्तरचरित्रस्य रुद्र ऋषिः, महासरस्वती देवता, अनुष्टुप् छन्दः, भीमा शक्तिः, भ्रामरी बीजम्, सूर्यस्तत्त्वम्, सामवेदः स्वरूपम्, महासरस्वतीप्रीत्यर्थे उत्तरचरित्रपाठे विनियोगः ॥

'ॐ क्लीं' ऋषिरुवाच ॥१॥

पुरा शुम्भनिशुम्भाभ्यामसुराभ्यां शचीपतेः ।
त्रैलोक्यं यज्ञभागाश्च हृता मदबलाश्रयात् ॥२॥

ऋषि भन्दछन्-॥१॥ पूर्वकालमा शुम्भ र निशुम्भ नामका असुरले आफ्नू बलको अहङ्कारले शचीपति इन्द्रको हातबाट त्रैलोक्यको राज्य र यज्ञभाग खोसे ॥२॥

तावेव सूर्यतां तद्वदधिकारं तथैन्दवम् ।
कौबेरमथ याम्यं च चक्राते वरुणस्य च ॥३॥
तावेव पवनर्द्धिं च चक्रतुर्वह्निकर्म च ।
ततो देवा विनिर्धूता भ्रष्टराज्याः पराजिताः ॥४॥

ती दुवै सूर्य, चन्द्रमा, कुबेर, अनि यम र वरुणको अधिकार उपयोग गर्न लागे ॥३॥ वायुको अग्निको काम पनि उनै गर्न लागे । ती दुवैले सबै देवतालाई अपमानित, राज्यभ्रष्ट, पराजित र ॥४॥

हृताधिकारास्त्रिदशास्ताभ्यां सर्वे निराकृताः ।
महासुराभ्यां तां देवीं संस्मरन्त्यपराजिताम् ।।५।।
तयाऽस्माकं वरो दत्तो यथाऽऽपत्सु स्मृताखिलाः ।
भवतां नाशयिष्यामि तत्क्षणात् परमापदः ।।६।।

अधिकार - हीन पारेर स्वर्गबाट धपाइदिए । ती दुवै महान् असुरबाट तिरस्कृत देवगणले ती अपराजिता देवीको स्मरण गरे ।।५।। 'ती अपराजिता जगदम्बाले वर दिएकी थिइन्-कि आपत्ति कालमा स्मरण गर्‍यौ भने तिम्रो आपत्ति तुरन्त नाश गरिदिनेछु' ।।६।।

इति कृत्वा मतिं देवा हिमवन्तं नगेश्वरम् ।
जग्मुस्तत्र ततो देवीं विष्णुमायां प्रतुष्टुवुः ।।७।।

देवा ऊचुः ।।८।।

नमो देव्यै महादेव्यै शिवायै सततं नमः ।
नमः प्रकृत्यै भद्रायै नियताः प्रणताः स्म ताम् ।।९।।

यति विचार गरेर सबै देवता गिरिराज हिमालयमा गएर त्यहीं ती भगवती विष्णुमायाको स्तुति गर्न लागे ।।७।। देवता भन्दछन्-।।८।। देवीलाई नमस्कार छ, महादेवी शिवालाई नमस्कार छ । प्रकृति र भद्रालाई प्रणाम छ । हामीहरू तनमनपूर्वक जगदम्बालाई नमस्कार गर्दछौं ।।९।।

रौद्रायै नमो नित्यायै गौर्यै धात्र्यै नमो नमः ।
ज्योत्स्नायै चेन्दुरूपिण्यै सुखायै सततं नमः ॥१०॥
कल्याण्यै प्रणतां वृद्ध्यै सिद्ध्यै कुर्म्यै नमो नमः।
निर्ऋत्यै भूभृतां लक्ष्म्यै शर्वाण्यै ते नमो नमः ॥११॥

रौद्रालाई नमस्कार, नित्या, गौरी र धात्रीलाई बारम्बार नमस्कार छ । ज्योत्स्नालाई, इन्दुरूपिणी एवं सुखस्वरूपा देवीलाई नमस्कार छ ॥१०॥ शरणागतलाई कल्याण गर्ने वृद्धि र सिद्धिरूपा देवीलाई नमस्कार । नैर्ऋती (राक्षसहरूकी लक्ष्मी), राजाहरूकी लक्ष्मी, शर्वाणी (शिवपत्नी) स्वरूपा जगदम्बालाई नमस्कार छ ॥११॥

दुर्गायै दुर्गपारायै सारायै सर्वकारिण्यै।
ख्यात्यै तथैव कृष्णायै धूम्रायै सततं नमः ॥१२॥
अतिसौम्यातिरौद्रायै नतास्तस्यै नमो नमः ।
नमो जगत्प्रतिष्ठायै देव्यै कृत्यै नमो नमः ॥१३॥

दुर्गा, दुर्गपारा, सारा (सबैकी सारभूता), सर्वकारिणी, ख्याति, कृष्णा र धूम्रा देवीलाई नमस्कार छ ॥१२॥ अत्यन्त सौम्य तथा अत्यन्त रौद्ररूपा देवीलाई हाम्रो नम्रतापूर्वक नमस्कार छ । जगत्की आधारभूता कृति देवीलाई बरम्बार नमस्कार छ ॥१३॥

या देवी सर्वभूतेषु विष्णुमायेति शब्दिता ।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥१४॥
या० नमस्तस्यै० ॥१५॥ या० नमस्तस्यै नमो नमः ॥१६॥
या देवी सर्वभूतेषु चेतनेत्यभिधीयते ।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥१७॥
या० नमस्तस्यै० ॥१८॥ या० नमस्तस्यै नमो नमः ॥१९॥

जुन देवी सबै प्राणीहरूमा विष्णुमाया नामले कहिन्छिन्, उनलाई नमस्कार नमस्कार उनलाई नमस्कार ॥१४-१६॥ जो देवी सबै प्राणीमा चेतना कहिन्छिन् उनलाई नमस्कार छ, नमस्कार, नमस्कार छ ॥१७-१९॥

या देवी सर्वभूतेषु बुद्धिरूपेण संस्थिता ।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥२०॥
या० नमस्तस्यै० ॥२१॥ या० नमस्तस्यै नमो नमः ॥२२॥

जो देवी सबै प्राणीहरूमा बुद्धिरूपले स्थित छन्, उनलाई बारम्बार नमस्कार छ, नमस्कार छ, नमस्कार छ ॥२०-२२॥

१. सूचनाः- कोष्ठकभित्रको (नमस्तस्यै नमस्तस्यै) लाई भन्नुपर्दैन । किनकि यी तीन पाउका मन्त्र हुन्छन् । एक पाउमा सिङ्गा आठ अक्षर हुन्छन्, नकि चार । यस अध्यायको अन्त्यमा लेखिएको छ (त्रिपान्मन्त्राः ६६ =२२x३) यसैले ३/३ पल्ट भन्नुपर्छ । –यो निर्णय, निर्णयसागर प्रेसको हो ॥

या देवी सर्वभूतेषु निद्रारूपेण संस्थिता।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥२३॥
या० नमस्तस्यै० ॥२४॥ या० नमस्तस्यै नमो नमः ॥२५॥
या देवी सर्वभूतेषु क्षुधारूपेण संस्थिता।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥२६॥
या० नमस्तस्यै० ॥२७॥ या० नमस्तस्यै नमो नमः ॥२८॥

जो देवी सबै प्राणीहरूमा निद्रारूपले स्थित छन्, उनलाई नमस्कार छ ॥२३-२५॥ जो देवी सबै प्राणीहरूमा क्षुधारूपले स्थित छिन्, उनलाई नमस्कार, नमस्कार, नमस्कार छ (३)॥२६-२८॥

या देवी सर्वभूतेषु छायारूपेण संस्थिता।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥२९॥
या० नमस्तस्यै० ॥३०॥ या० नमस्तस्यै नमो नमः ॥३१॥
या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥३२॥
या० नमस्तस्यै० ॥३३॥ या० नमस्तस्यै नमो नमः ॥३४॥

जुन देवी सबै प्राणीहरूमा छायारूपले स्थित छिन्, उनलाई नमस्कार, नमस्कार छ बारम्बार नमस्कार ॥२९-३१॥ जुन देवी सबै प्राणीमा शक्तिरूपले स्थित छिन्, उनलाई नमस्कार छ, नमस्कार, नमस्कार छ (३)॥३२-३४॥

या देवी सर्वभूतेषु तृष्णारूपेण संस्थिता ।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥३५॥
या० नमस्तस्यै० ॥३६॥ या० नमस्तस्यै नमो नमः ॥३७॥
या देवी सर्वभूतेषु क्षान्तिरूपेण संस्थिता ।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥३८॥
या० नमस्तस्यै० ॥३९॥ या० नमस्तस्यै नमो नमः ॥४०॥

जुन देवी सबै प्राणीमा तृष्णारूपले विराजमान छिन्, तिनलाई नमस्कार,नमस्कार छ, नमस्कार छ (३)॥३५-३७॥ जुन देवी सबै प्राणीमा (क्षान्ति - क्षमा) रूपले विद्यमान छिन्, उनलाई नमस्कार छ, नमस्कार छ, नमस्कार छ (३) ॥ ३८-४०॥

या देवी सर्वभूतेषु जातिरूपेण संस्थिता ।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥४१॥
या० नमस्तस्यै० ॥४२॥ या० नमस्तस्यै नमो नमः ॥४३॥
या देवी सर्वभूतेषु लज्जारूपेण संस्थिता ।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥४४॥
या० नमस्तस्यै० ॥४५॥ या० नमस्तस्यै नमो नमः ॥४६॥

जुन देवी सबै प्राणीमा जातिरूपले स्थित छन्, तिनलाई नमस्कार छ, नमस्कार छ, नमस्कार(३)॥४१-४३॥ जुन देवी सबै प्राणीमा लज्जारूपले विराजमान छिन्, उनलाई नमस्कार, उनलाई नमस्कार छ, उनलाई नमस्कार छ (३) ॥४४-४६॥

या देवी सर्वभूतेषु शान्तिरूपेण संस्थिता।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥४७॥
या० नमस्तस्यै० ॥४८॥ या० नमस्तस्यै नमो नमः ॥४९॥
या देवी सर्वभूतेषु श्रद्धारूपेण संस्थिता।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥५०॥
या० नमस्तस्यै० ॥५१॥ या० नमस्तस्यै नमो नमः ॥५२॥

जुन देवी सबै प्राणीमा शान्तिरूपले विद्यमान छिन्, तिनलाई बारम्बार नमस्कार छ, नमस्कार छ, नमस्कार छ (३)॥४७-४९॥ जुन देवी सबै प्राणीमा श्रद्धारूपले स्थित छिन्, उनलाई नमस्कार छ, नमस्कार छ, उनलाई नमस्कार छ (३)॥५०-५२॥

या देवी सर्वभूतेषु कान्तिरूपेण संस्थिता ।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥५३॥
या० नमस्तस्यै० ॥५४॥ या० नमस्तस्यै नमो नमः ॥५५॥
या देवी सर्वभूतेषु लक्ष्मीरूपेण संस्थिता ।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥५६॥
या० नमस्तस्यै० ॥५७॥ या० नमस्तस्यै नमो नमः ॥५८॥

जुन देवी सबै प्राणीमा कान्तिरूपले विराजमान छिन्, तिनलाई नमस्कार छ, नमस्कार छ, नमस्कार छ(३)॥५३-५५॥ जो देवी सबै प्राणीमा लक्ष्मीरूपले स्थित छिन्, उनलाई बारम्बार प्रणाम, प्रणाम छ, प्रणाम छ (३)॥५६-५८॥

या देवी सर्वभूतेष वृत्तिरूपेण संस्थिता ।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥५९॥
या० नमस्तस्यै० ॥६०॥ या० नमस्तस्यै नमो नमः ॥६१॥
या देवी सर्वभूतेषु स्मृतिरूपेण संस्थिता ।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥६२॥
या० नमस्तस्यै० ॥६३॥ या० नमस्तस्यै नमो नमः ॥६४॥

जो देवी सबै प्राणीमा वृत्तिरूपले रहन्छिन्, तिनलाई नमस्कार छ, नमस्कार छ, नमस्कार छ (३)॥५९-६१॥ जुन देवी सबै प्राणीमा स्मृतिरूपले विराजमान छिन्, उनलाई वारम्वार नमस्कार छ, नमस्कार छ, नमस्कार छ(३)॥६२-६४॥

या देवी सर्वभूतेषु दयारूपेण संस्थिता ।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥६५॥
या० नमस्तस्यै० ॥६६॥ या० नमस्तस्यै नमो नमः ॥६७॥
या देवी सर्वभूतेषु तुष्टिरूपेण संस्थिता ।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥६८॥
या० नमस्तस्यै० ॥६९॥ या० नमस्तस्यै नमो नमः ॥७०॥

जो देवी सबै प्राणीमा दयारूपले स्थित छिन्, तिनलाई नमस्कार, तिनलाई नमस्कार, तिनलाई नमस्कार (३) ॥६५-६७॥ जुन देवी सबै प्राणीमा तुष्टिरूपले स्थित छिन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई नमस्कार (३) ॥६८-७०॥

या देवी सर्वभूतेषु मातृरूपेण संस्थिता ।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥७१॥
या० नमस्तस्यै० ॥७२॥ या० नमस्तस्यै नमो नमः ॥७३॥
या देवी सर्वभूतेषु भ्रान्तिरूपेण संस्थिता ।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥७४॥
या० नमस्तस्यै० ॥७५॥ या० नमस्तस्यै नमो नमः ॥७६॥

जो देवी सबै प्राणीमा मातारूपले स्थित छिन्, उनलाई बारम्बार नमस्कार, उनलाई नमस्कार, उनलाई नमस्कार (३) ॥७१-७३॥ जुन देवी सबै प्राणीमा भ्रान्तिरूपले विद्यमान छिन्, उनलाई नमस्कार,उनलाई नमस्कार,उनलाई नमस्कार छ(३)॥७४-७६॥

इन्द्रियाणामधिष्ठात्री भूतानां चाऽखिलेषु या ।
भूतेषु सततं तस्यै व्याप्त्यै देव्यै नमो नमः ॥७७॥
चितिरूपेण या कृत्स्नमेतद् व्याप्य स्थिता जगत् ।
(नमस्तस्यै नमस्तस्यै) नमस्तस्यै नमो नमः ॥७८॥
चि० नमस्तस्यै० ॥७९॥ चि० नमस्तस्यै नमो नमः ॥८०॥

जुन जीवका इन्द्रियवर्गकी अधिष्ठात्री देवी र सबै प्राणीमा सदैव व्याप्त रहन्छिन्, ती व्याप्ति देवीलाई बारम्बार नमस्कार छ ॥७७॥ जो देवी चैत्यन्यरूपले सम्पूर्ण जगत् व्याप्त गरेर स्थित छिन्, उनलाई नमस्कार, उनलाई नमस्कार, उनलाई नमस्कार छ (३)॥७८-८०॥

स्तुता सुरैः पूर्वमभीष्टसंश्रयात्
तथा सुरेन्द्रेण दिनेषु सेविता।
करोतु सा नः शुभहेतुरीश्वरी
शुभानि भद्राण्यभिहन्तु चाऽऽपदः ॥८१॥

पूर्वकालमा आफ्नू अभीष्ट प्राप्ति भएपछि देवगणले जसको स्तुति र देवराज इन्द्रले धेरै दिनसम्म जसको सेवा गरे, ती कल्याणभूता ईश्वरी हाम्रो कल्याण र मङ्गल गरून् अनि सारा विपत्ति नाश पारून् ॥८१॥

या साम्प्रतं चोद्धतदैत्यतापितै-
रस्माभिरीशा च सुरैर्नमस्यते।
या च स्मृता तत्क्षणमेव हन्ति नः
सर्वाऽऽपदो भक्तिविनम्रमूर्तिभिः ॥८२॥

ऋषिरुवाच ॥८३॥

उद्दण्ड दैत्यहरूद्वारा सताइएका हामी सबै देवता जुन परमेश्वरीलाई नमस्कार गर्दछौं र जो भक्तिले विनम्र पुरुषद्वारा स्मरण गर्दा तत्काल सम्पूर्ण विपत्ति नाश गरिदिन्छिन्, ती जगदम्बा हाम्रो संकट निवारण गरून् ॥८२॥ ऋषिले भने-॥८३॥

एवं स्तवादियुक्तानां देवानां तत्र पार्वती।
स्नातुमभ्याययौ तोये जाह्नव्या नृपनन्दन ॥८४॥
साऽब्रवीत् तान् सुरान् सुभ्रूर्भवद्भिः स्तूयतेऽत्र का।
शरीरकोशतश्चाऽस्याः समुद्भूताऽब्रवीच्छिवा॥८५॥

हे राजन्, यसरी जब देवता स्तुति गर्दै थिए, उसै वेला पार्वती देवी गङ्गाजीमा स्नान गर्न त्यहीं आइन् ॥८४॥ ती राम्रा आँखीभौं हुने भगवतीले देवगणसित सोधिन्–'तपाईंहरू यहाँ कसको स्तुति गर्दै हुनुहुन्छ ?' अनि उनकै शरीरकोशबाट प्रकट भएकी शिवा बोलिन् ॥८५॥

स्तोत्रं ममैतत् क्रियते शुम्भदैत्यनिराकृतैः।
देवैः समेतैः समरे निशुम्भेन पराजितैः ॥८६॥
शरीरकोशाद्यत्तस्याः पार्वत्या निःसृताऽम्बिका।
कौशिकीति समस्तेषु ततो लोकेषु गीयते॥८७॥

'शुम्भ दैत्यद्वारा तिरस्कृत र संग्राममा निशुम्भसित पराजित भएर यहाँ एकत्र भएका देवता मेरै स्तुति गरिरहेका छन्' ॥८६॥ पार्वतीको शरीरकोशबाट अम्बिकाको प्रादुर्भाव भएको थियो, अतः ती समस्त लोकमा 'कौशिकी' कहिन्छिन् ॥८७॥

तस्यां विनिर्गतायां तु कृष्णाऽभूत् साऽपि पार्वती ।
कालिकेति समाख्याता हिमाचलकृताऽऽश्रया ।।८८।।
ततोऽम्बिकां परं रूपं बिभ्राणां सुमनोहरम् ।
ददर्श चण्डो मुण्डश्च भृत्यौ शुम्भनिशुम्भयोः ।।८९।।

कौशिकी प्रकट भएपछि पार्वतीको शरीर कालो भयो, अतः ती हिमालयमा निवास गर्ने 'कालिका' नामले प्रख्यात भइन् ।।८८।। अनि शुम्भ-निशुम्भका सेवक त्यहाँ आएर परम मनोहर रूप धारण गर्ने अम्बिका देवीलाई देखे ।।८९।।

ताभ्यां शुम्भाय चाऽऽख्याता अतीव सुमनोहरा ।
काप्यास्ते स्त्री महाराज भासयन्ती हिमाचलम् ।।९०।।
नैव तादृक् क्वचिद्रूपं दृष्टं केनचिदुत्तमम् ।
ज्ञायतां काप्यसौ देवी गृह्यतां चाऽसुरेश्वर ।।९१।।

अनि शुम्भकहाँ गएर ती भन्न लागे–'महाराज ! यौटी अत्यन्त मनोहर कोही स्त्री छ, जो आफ्नू दिव्य कान्तिले हिमालयलाई प्रकाशित पारिरहेकी छ ।।९०।। त्यस्तो उत्तम रूप कहीं कसैले पनि देखेको नहोला । हे असुरेश्वर ! ती देवी को हुन् ? पत्तो लगाएर ग्रहण गर्नुहवस् ।।९१।।

स्त्रीरत्नमतिचार्वङ्गी द्योतयन्ती दिशस्त्विषा ।
सा तु तिष्ठति दैत्येन्द्र तां भवान् द्रष्टुमर्हति ॥९२॥
यानि रत्नानि मणयो गजाश्वादीनि वै प्रभो ।
त्रैलोक्ये तु समस्तानि साम्प्रतं भान्ति ते गृहे ॥९३॥

स्त्रीहरूमा त्यो रत्न छे, उसको प्रत्येक अङ्ग साह्रै राम्रो छ, त्यो सम्पूर्ण दिशाहरूमा प्रकाश फैलाइरहेकी छ । दैत्यराज ! अहिले त्यो हिमालयमै बसेकी छ । हजुरले नजर गर्नलायक छ, अतः गएर हेर्नुहवस् ॥९२॥ हे प्रभो! त्रैलोक्यमा मणि, हात्ती, घोड़ा आदि जति रत्न छन् , ती सबै यस बखत हजुरको महलमा शोभा पाइरहेका छन् ॥९३॥

ऐरावतः समानीतो गजरत्नं पुरन्दरात् ।
पारिजाततरुश्चाऽयं तथैवोच्चैःश्रवा हयः ॥९४॥
विमानं हंससंयुक्तमेतत् तिष्ठति तेऽङ्गणे ।
रत्नभूतमिहानीतं यदासीद् वेधसोऽद्भुतम् ॥९५॥

हात्तीहरूमा रत्नभूत ऐरावत, यो पारिजातको वृक्ष, उच्चैःश्रवा घोडा- यो सबै हजुरले इन्द्रसित ल्याउनुभयो ॥९४॥ हंस वाहन हुने यो विमान पनि हजुरको आँगनमा सुशोभित छ । यो अद्भुत विमान, जो पहिले ब्रह्माजीसित थियो, अब यहाँ हजुरकहाँ ल्याइएको छ ॥९५॥

निधिरेष महापद्मः समानीतो धनेश्वरात् ।
किञ्जल्किनीं ददौ चाऽब्धिर्मालामम्लानपङ्कजाम् ॥९६॥
छत्रं ते वारुणं गेहे काञ्चनस्रावि तिष्ठति ।
तथाऽऽयं स्यन्दनवरो यःपुराऽऽसीत् प्रजापतेः ॥९७॥

यो महापद्म नामक निधि हजुरले कुबेरसित खोसेर ल्याउनुभयो । समुद्रले पनि हजुरलाई किञ्जल्किनी नामको माला दिए, जुन केसरले सुशोभित छ र जसको कमल कहिल्यै ओइलाउन्न ॥९६॥ सुवर्णको वर्षा गर्ने वरुणको छत्र पनि हजुरको महलमा शोभायमान छ, अनि यो श्रेष्ठ रथ, जुन प्रजापतिको अधीन थियो, अब हजुरसित छ ॥९७॥

मृत्योरुत्क्रान्तिदा नाम शक्तिरीश त्वया हृता ।
पाशः सलिलराजस्य भ्रातुस्तव परिग्रहे ॥९८॥
निशुम्भस्याऽब्धिजाताश्च समस्ता रत्नजातयः ।
वह्निरपि ददौ तुभ्यमग्निशौचे च वाससी ॥९९॥

हे दैत्येश्वर ! मृत्युको उत्क्रान्तिदा नामको शक्ति पनि हजुरले खोस्नुभयो तथा वरुणको पाश र समुद्रमा हुने सबै प्रकारका रत्नहरू हजुरका भाइ निशुम्भको अधिकारमा छन् । अग्निले पनि स्वतः सिद्ध पारेका दुइ वस्त्र हजुरलाई अर्पित गरेका छन् ॥९८-९९॥

एवं दैत्येन्द्र रत्नानि समस्तान्याहृतानि ते।
स्त्रीरत्नमेषा कल्याणी त्वया कस्मान्न गृह्यते ॥१००॥

ऋषिरुवाच ॥१०१॥

हे दैत्यराज ! यसरी सबै रत्न हजुरले एकत्र पार्नुभएको छ भने, अनि यी जुन स्त्रीहरूमा रत्नरूप कल्याणमयी देवी छन्, यिनलाई हजुर किन आफ्नू अधीनमा पार्नुहुन्न ? ॥१००॥ ऋषि भन्दछन्-॥१०१॥

निशम्येति वचः शुम्भः स तदा चण्डमुण्डयोः।
प्रेषयामास सुग्रीवं दूतं देव्या महासुरम् ॥१०२॥
इति चेति च वक्तव्या सा गत्वा वचनान्मम।
यथा चाऽऽभ्येति सम्प्रीत्या तथा कार्यं त्वया लघु ॥१०३॥

चण्ड-मुण्डको यस्ता कुरा सुनेर तब त्यो शुम्भले महादैत्य सुग्रीवलाई दूत बनाएर देवीकहाँ पठायो र भन्यो- मेरो आज्ञाले तँ गएर यो यो कुरा भन्नू र त्यो जसरी यहाँ आउँछे त्यो उपाय गर्नू, जसले त्यो प्रसन्न भएर झट्ट यहाँ आओस् ॥१०२-१०३॥

स तत्र गत्वा यत्राऽऽस्ते शैलोद्देशेऽतिशोभने ।
सा देवी तां ततः प्राह श्लक्ष्णं मधुरया गिरा ॥१०४॥

दूत उवाच ॥१०५॥

देवि दैत्येश्वरः शुम्भस्त्रैलोक्ये परमेश्वरः ।
दूतोऽहं प्रेषितस्तेन त्वत्सकाशमिहागतः ॥१०६॥

त्यो दूत पर्वतको अत्यन्त रमणीय प्रदेशमा, जहाँ ती देवी थिइन्- गयो र मधुर वाणीमा नम्र वचन बोल्यो ॥१०४॥ दूत भन्दछ-॥१०५॥ हे देवि ! *दैत्यराज शुम्भ यस बखत तीनै लोकका परमेश्वर छन् । म उनैले नै पठाएर* आएको दूत हुँ र यहाँ तिमीभाठौं आएको हुँ ॥१०६॥

अव्याहताज्ञः सर्वासु यः सदा देवयोनिषु ।
निर्जिताऽखिलदैत्यारिः स यदाह शृणुष्व तत् ॥१०७॥
मम त्रैलोक्यमखिलं मम देवा वशाऽनुगाः ।
यज्ञभागानहं सर्वानुपश्नामि पृथक् पृथक् ॥१०८॥

उनको आज्ञा सबै देवता एकस्वरले मान्दछन् । कसैले पनि उनको आज्ञा लंघन गर्दैन । उनले सबै देवतालाई पराजित पारिसकेका छन् । उनले तिम्रो निम्ति जो समाचार पठाएका छन्, त्यो सुन्नुहओस् ॥१०७॥ 'तीनै लोक मेरो अधिकारमा छ । देवता पनि मेरो हुकुम मान्दछन् । सम्पूर्ण यज्ञभाग म नै पृथक् - पृथक् भोग गरिरहेको छु ॥१०८॥

त्रैलोक्ये वररत्नानि मम वश्यान्यशेषतः ।
तथैव गजरत्नं च हृत्वा देवेन्द्रवाहनम् ॥१०९॥
क्षीरोदमथनोद्भूतमश्वरत्नं ममाऽमरैः ।
उच्चैःश्रवससंज्ञं तत् प्रणिपत्य समर्पितम् ॥११०॥

तीनै लोकमा जति श्रेष्ठ रत्न छन्, ती पूराका पूरा सबै मेरै अधिकारमा छन्। इन्द्रको वाहन ऐरावत, जुन हात्तीहरूमा रत्नसमान छ, मैले खोसेको छु ॥१०९॥ क्षीरसागरको मन्थन गरेर जुन अश्वरत्न उच्चैःश्रवा नामको घोड़ा प्रकट भएको थियो, त्यो देवताहरूले मेरो पाउमा झुकेर समर्पित गरेका छन् ॥११०॥

यानि चाऽन्यानि देवेषु गन्धर्वेषूरगेषु च ।
रत्नभूतानि भूतानि तानि मय्येव शोभने ॥१११॥
स्त्रीरत्नभूतां त्वां देवि लोके मन्यामहे वयम् ।
सा त्वमस्मानुपागच्छ यतो रत्नभुजो वयम् ॥११२॥

हे सुन्दरी ! त्यो बाहेक अरू पनि जति रत्नभूत पदार्थ देवता, गन्धर्व र नाग-हरूकहाँ थिए, ती सबै मकहाँ आइसकेका छन् ॥१११॥ हे देवि ! हामीहरू तिमीलाई संसारका स्त्रीहरूमा रत्न मान्दछौं, अतः तिमी मकहाँ आऊ, किनकि रत्नहरूको उपभोग गर्ने हामी नै छौं ॥११२॥

मां वा ममाऽनुजं वाऽपि निशुम्भमुरुविक्रमम् ।
भज त्वं चञ्चलापाङ्गि रत्नभूताऽसि वै यतः ॥११३॥
परमैश्वर्यमतुलं प्राप्स्यसे मत्परिग्रहात् ।
एतद् बुद्ध्या समालोच्य मत्परिग्रहतां व्रज ॥११४॥

ऋषिरुवाच ॥११५॥

चञ्चल कटाक्ष भएकी हे सुन्दरी ! तिमी मेरो अथवा मेरो भाइ निशुम्भको सेवामा आऊ, किनकि तिमी रत्नस्वरूपा छौ ॥११३॥ मेरो वरण गर्नाले तिमीलाई तुलनारहित ऐश्वर्य प्राप्त हुनेछ, आफ्नू बुद्धिले विचार गरेर तिमी मेरी पत्नी बन, ॥११४॥ ऋषि भन्दछन्- ॥११५॥

इत्युक्ता सा तदा देवी गम्भीरान्तःस्मिता जगौ ।
दुर्गा भगवती भद्रा ययेदं धार्यते जगत् ॥११६॥

देव्युवाच ॥११७॥

सत्यमुक्तं त्वया नाऽत्र मिथ्या किंचित् त्वयोदितम् ।
त्रैलोक्याऽधिपतिः शुम्भो निशुम्भश्चाऽपि तादृशः ॥११८॥

त्यो दूतद्वारा यस्तो कहिएकी ती कल्याणमयी भगवती दुर्गादेवी, जो यस जगत्लाई धारण गर्दछिन्, मनमनै मुसुँक्क हाँसेर गम्भीर वाणीमा भनिन्- ॥११६॥ देवीले भनिन्- ॥११७॥ हे दूत ! तिम्रो भनाइ सत्य हो, यसमा अलिकति पनि झूठो छैन, शुम्भ तीनै लोकको स्वामी छ र निशुम्भ पनि उस्तै पराक्रमी छ ॥११८॥

किं त्वत्र यत् प्रतिज्ञातं मिथ्या तत् क्रियते कथम् ।
श्रूयतामल्पबुद्धित्वात् प्रतिज्ञा या कृता पुरा ॥११९॥
यो मां जयति संग्रामे यो मे दर्पं व्यपोहति ।
यो मे प्रतिबलो लोके स मे भर्ता भविष्यति ॥१२०॥

तर यस विषयमा मैले जुन प्रतिज्ञा गरेकी छु, त्यो कसरी मिथ्या पारूँ? मैले आफ्नू अल्पबुद्धिले गर्दा पहिले नै जुन प्रतिज्ञा गरिराखेकी छु, त्यो सुन ॥११९॥ 'जो मलाई संग्राममा जित्ला, जो मेरो अभिमान धूलो पार्ला र संसारमा जो मेरो समान बलियो योद्धा होला – उही मेरो स्वामी होला' ॥१२०॥

तदागच्छतु शुम्भोऽत्र निशुम्भो वा महासुरः ।
मां जित्वा किं चिरेणाऽत्र पाणिं गृह्णातु मे लघु॥१२१॥

दूत उवाच ॥१२२॥

अवलिप्तासि मैवं त्वं देवि ब्रूहि ममाऽग्रतः ।
त्रैलोक्ये कः पुमाँस्तिष्ठेदग्रे शुम्भनिशुम्भयोः ॥१२३॥

यसै निम्ति शुम्भ अथवा महादैत्य निशुम्भ आफैं यहाँ आई मलाई जितेर शीघ्र नै मेरो पाणिग्रहण गरून् ॥ यसमा ढीलो गर्ने आवश्यकता छैन ॥१२१॥ दूतले भन्यो– ॥१२२॥ हे देवि ! यस्ता घमण्डका कुरा मेरा सामु नगर । तीनै लोकमा कुन यस्तो पुरुष छ, जो शुम्भ-निशुम्भको सामुन्ने उभिन सकोस् ॥१२३॥

अन्येषामपि दैत्यानां सर्वे देवा न वै युधि ।
तिष्ठन्ति सम्मुखे देवि किं पुनः स्त्री त्वमेकिका ।।१२४।।
इन्द्राद्याः सकला देवास्तस्थुर्येषां न संयुगे ।
शुम्भादीनां कथं तेषां स्त्री प्रयास्यसि सम्मुखम् ।।१२५।।

हे देवि ! अन्यान्य दैत्यगणका सामुन्ने पनि देवता युद्धमा टिक्न सक्तैनन् भने तिमी एक्ली स्त्री भएर कसरी युद्ध गरौली ? ।।१२४।। जुन निशुम्भादि दैत्यका सामुन्ने इन्द्रादि देवता पनि युद्धमा सम्मुख हुन सकेनन्, तिनको सामुन्ने तिमी त एक्ली स्त्री छौ, कसरी सम्मुख जानेछौ ? ।।१२५।।

सा त्वं गच्छ मयैवोक्ता पार्श्वं शुम्भनिशुम्भयोः ।
केशाकर्षणनिर्धूतगौरवा मा गमिष्यसि ।।१२६।।

देव्युवाच ।।१२७।।

एवमेतद् बली शुम्भो निशुम्भश्चाऽतिवीर्यवान् ।
किं करोमि प्रतिज्ञा मे यदनालोचिता पुरा ।।१२८।।

अतः तिमी मेरो कथन मानेर शुम्भ-निशुम्भकहाँ हिंड । यस्तो गर्नाले तिम्रो गौरवको रक्षा हुनेछ, अन्यथा जब ती चुल्ठो समातेर तान्दै लैजालान् तब तिमीले आफ्नू प्रतिष्ठा गुमाएर जानुपर्नेछ ।।१२६।। देवीले भनिन् ।।१२७।। तिम्रो भनाइ उचित हो, शुम्भ अति बलियो छ र निशुम्भ पनि त्यस्तै पराक्रमी छ, तर के गरूँ ? मैले पहिल्यै विचार नगरीकन प्रतिज्ञा गरिसकेकी छु ।। १२८।।

स त्वं गच्छ मयोक्तं ते यदेतत् सर्वमादृतः ।
तदाचक्ष्वासुरेन्द्राय स च युक्तं करोतु तत् ।ॐ।१२९॥

श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये देव्या दूतसंवादो नाम पञ्चमः ॥५॥
उवाच ९, त्रिपान्मन्त्राः ६६, श्लोकाः ५४, एवम् १२९, एवमादितः ३८८॥

अतः अब तिमी जाऊ, मैले जति कुरा भनें, त्यो सबै दैत्यराजासित निवेदन गर ॥१२९॥

॥ इति पाँचौं अध्यायको टीका सकियो ॥

अथ षष्ठोऽध्यायः

ध्यानम् –

ॐ नागाधीश्वरविष्टरां फणिफणोत्तंसोरुरत्नावली-
भास्वद्देहलतां दिवाकरनिभां नेत्रत्रयोद्भासिताम् ।
मालाकुम्भकपालनीरजकरां चन्द्रार्धचूडां परां
सर्वज्ञेश्वर – भैरवाङ्कनिलयां पद्मावतीं चिन्तये ॥

नागराज(शेष)कोआसनमा बसेकी, नागकै फणाहरूले सुशोभित मणिहरूको श्रेष्ठ मालाले देह (शरीर) चम्केकी, सूर्यको समान तेज भएकी, तीन नेत्रले शोभिएकी, माला-कुम्भ (घड़ा)-कपाल (खप्पर) र कमल हातमा लिएकी, आधा चन्द्र जडेको किरीट लाएकी, सर्वज्ञेश्वर भैरवको काखमा बसेकी, परमोत्कृष्ट (सर्वशक्तिसम्पन्न भएकी) पद्मावती देवीकन म चिन्तन (ध्यान) गर्दछु ॥

'ॐ' ऋषिरुवाच ॥१॥

इत्याकर्ण्य वचो देव्याः स दूतोऽमर्षपूरितः।
समाचष्ट समागम्य दैत्यराजाय विस्तरात् ॥२॥
तस्य दूतस्य तद्वाक्यमाकर्ण्याऽसुरराट् ततः।
सक्रोधः प्राह दैत्यानामधिपं धूम्रलोचनम् ॥३॥

ऋषि भन्दछन्- ॥१॥ देवीको त्यस्तो उत्तर सुनेर झोंकिएको दूत आयो र दैत्यराजलाई सबै समाचार विस्तारपूर्वक सुनायो ॥२॥ त्यो दूतको त्यस्तो कुरा सुनेर तब दैत्यराज शुम्भ क्रोधित भयो र सेनापति धूम्रलोचनलाई भन्यो ॥३॥

हे धूम्रलोचनाऽऽशु त्वं स्वसैन्यपरिवारितः।
तामानय बलाद् दुष्टां केशाकर्षणविह्वलाम् ॥४॥
तत्परित्राणदः कश्चिद्यदि वोत्तिष्ठतेऽपरः।
स हन्तव्योऽमरोवाऽपि यक्षो गन्धर्व एव वा ॥५॥

ऋषिरुवाच ॥६॥

'हे धूम्रलोचन ! तिमी चाँडै आफ्ना सेना लिएर जाऊ र त्यस दुष्टाको चुल्ठो समाई घिस्याएर बलपूर्वक यहाँ ल्याऊ ॥४॥ त्यसको रक्षा गर्न कोही खड़ा भो भने- त्यो देवता, यक्ष, गन्धर्व जो भए पनि उसलाई मारिदिनू ॥५॥ ऋषि भन्दछन्- ॥६॥

तेनाऽऽज्ञप्तस्ततः शीघ्रं स दैत्यो धूम्रलोचनः ।
वृतः षष्ट्या सहस्राणामसुराणां द्रुतं ययौ ॥७॥
स दृष्ट्वा तां ततो देवीं तुहिनाचलसंस्थिताम् ।
जगादोच्चैः प्रयाहीति मूलं शुम्भनिशुम्भयोः ॥८॥

शुम्भको यस्तो आज्ञा पाएपछि त्यो दैत्य धूम्रलोचन साठी हजार असुर सेना लिएर तत्काल हिंड्यो ॥७॥ त्यहाँ पुगेर उसले हिमालयमा बस्ने भएकी देवीलाई देख्यो र चर्को शब्दले चिच्यायो । हे देवि ! तिमी शुम्भ-निशुम्भकहाँ हिंड ॥८॥

न चेत् प्रीत्याऽद्य भवतीमद्भर्तारमुपैष्यति ।
ततो बलान्नयाम्येष केशाकर्षणविह्वलाम् ॥९॥
देव्युवाच ॥१०॥
दैत्येश्वरेण प्रहितो बलवान् बलसंवृतः ।
बलान्नयसि मामेवं ततः किं ते करोम्यहम् ॥११॥

'यदि तिमी खुशी मनले मेरा स्वामीकहाँ जान्नौ भने, यो म बलपूर्वक चुल्ठो समातेर घिच्याउँदै लैजानेछु' ॥९॥ देवीले भनिन्-॥१०॥ तिमीलाई दैत्यहरूका राजाले पठाई सेना लिएर आएका छौं, तिमीले मलाई बलपूर्वक लैजान्छौ भने म के गर्न सक्तछु? ॥११॥

ऋषिरुवाच ॥१२॥

इत्युक्तः सोऽभ्यधावत् तामसुरो धूम्रलोचनः।
हुंकारेणैव तं भस्म सा चकाराऽम्बिका ततः ॥१३॥
अथ क्रुद्धं महासैन्यमसुराणां तथाऽम्बिका।
ववर्ष सायकैस्तीक्ष्णैस्तथा शक्तिपरश्वधैः ॥१४॥

ऋषि भन्दछन्– ॥१२॥ देवीले यति भनेपछि त्यो असुर धूम्रलोचन उनीतिर वेगपूर्वक दगुर्‍यो, तब अम्बिकाले 'हुँ' (हट्) शब्दको उच्चारण मात्रले त्यसलाई भस्म पारिदिइन् ॥१३॥ अनि रिसाएका दैत्यका विशाल सेना र अम्बिकाले परस्पर बाण, शक्ति र परशु (बञ्चरो)को वर्षा आरम्भ गरे ॥१४॥

ततो धुतसटः कोपात् कृत्वा नादं सुभैरवम्।
पपाताऽसुरसेनायां सिंहो देव्याः स्ववाहनः ॥१५॥
काँश्चित् करप्रहारेण दैत्यानास्येन चाऽपरान्।
आक्रम्य चाऽधरेणाऽन्यान् स जघान महासुरान् ॥१६॥

त्यतिमै देवीको वाहन सिंह रिसाएर भयंकर गर्जना गर्दै, याल (जग्गर) हल्लाउँदै असुरहरूका सेनामा हाम्फाल्यो ॥१५॥ उसले कतिलाई पंजाको प्रहारले, कतिलाई दाह्रा धसेर तथा अनेकलाई पछारेर घाइते पार्दै मारिदियो ॥१६॥

केषांचित् पाटयामास नखैः कोष्ठानि केसरी।
तथा तलप्रहारेण शिरांसि कृतवान् पृथक् ॥१७॥
विच्छिन्नबाहुशिरसः कृतास्तेन तथाऽपरे।
पपौ च रुधिरं कोष्ठादन्येषां धुतकेसरः ॥१८॥

त्यस सिंहले नंग्राद्वारा कतिको पेट फोरिदियो, थप्पड़ हानेर कैयौंको शिर छुट्याइदियो ॥१७॥ जग्गर हल्लाउँदै कतिका पाखुरा भाँची, कतिको टाउको निमोठी, कतिको पेट फोरेर रगत चुस्यो ॥१८॥

क्षणेन तद्बलं सर्वं क्षयं नीतं महात्मना।
तेन केसरिणा देव्या वाहनेनाऽतिकोपिना ॥१९॥
श्रुत्वा तमसुरं देव्या निहतं धूम्रलोचनम्।
बलं च क्षयितं कृत्स्नं देवीकेसरिणा ततः ॥२०॥

यसै गरी देवीको वाहन त्यो रिसाहा महाबली सिंहले एकक्षणमै असुरका सबै सेनाको संहार गरिदियो ॥ १९॥ शुम्भले जब सुन्यो देवीले धूम्रलोचनलाई मारिन् र उनको सिंहले सबै सेना समाप्त पारिदियो, तब त्यो ॥२०॥

चुकोप दैत्याधिपतिः शुम्भः प्रस्फुरिताधरः ।
आज्ञापयामास च तौ चण्डमुण्डौ महासुरौ ।।२१।।
हे चण्ड हे मुण्ड बलैर्बहुभिः परिवारितौ ।
तत्र गच्छत गत्वा च सा समानीयतां लघु ।।२२।।

दैत्यराज ओठ फट्फटाउँदै अत्यन्त क्रोधित भई, तब चण्ड- मुण्ड नामका दुई महादैत्यलाई आज्ञा दियो ।।२१।। हे चण्ड! मुण्ड! तिमी दुवै विशाल सेना लिएर त्यहाँ जाओ र त्यसलाई चाँडै यहाँ ल्याओ ।।२२।।

केशेष्वाकृष्य बद्ध्वा वा यदि वः संशयो युधि ।
तदाऽशेषाऽऽयुधैः सर्वैरसुरैर्विनिहन्यताम् ।।२३।।
तस्यां हतायां दुष्टायां सिंहे च विनिपातिते ।
शीघ्रमागम्यतां बद्ध्वा गृहीत्वा तामथाऽम्बिकाम्ॐ ।।२४।।

श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये शुम्भनिशुम्भसेनानीधूम्रलोचनवधो नाम षष्ठः ।।६।।
उवाच ४, श्लोका २०, एवम् २४, एवमादितः ४१२ ।।

जगल्ट्याएर अथवा बाँधेर घिसार्दै ल्याओ । यदि यसरी ल्याउन सन्देह छ भने युद्धमा सबै प्रकारका शस्त्रास्त्र तथा समस्त आसुरी सेनाको प्रयोग गरेर त्यसको हत्या गरिदिनू ।।२३।। त्यो दुष्टलाई मारेपछि र त्यो सिंहलाई पनि गिंडेपछि अनि त्यो अम्बिकालाई बाँधेर लिदै चाँडै आओ ।।२४।।

।। इति सप्तशतीको टीकामा छैटौं अध्याय सकियो ।।

अथ सप्तमोऽध्यायः

ध्यानम्-

ॐ ध्यायेयं रत्नपीठे शुककलपठितं शृण्वतीं श्यामलाङ्गीं
न्यस्तैकाङ्घ्रिं सरोजे शशिशकलधरां वल्लकीं वादयन्तीम् ।
कह्लाराबद्धमालां नियमितविलसच्चोलिकां रक्तवस्त्रां
मातङ्गीं शङ्खपात्रां मधुरमधुमदां चित्रकोद्भासिभालाम् ।।

रत्नमय सिंहासनमा बसेर सुगाँले सुन्दर स्वर (बोली) मा नाना नाम पढेको सुनिरहेकी, श्याम वर्णकी, यौटा पैतालो कमल-पुष्पमा टेकेकी, शिरमा अर्धचन्द्र धारेकी, कह्लार (कणेल) को फूलको माला पहिरेकी, टम्म कसेको चोलोले टिमिक्किएकी, रातो सारीले स्वाएकी, मधु (सुरा) को मधुर (मधुरो) मद (मात) चढेकी, शंख नै पानपात्र भएकी, टल्कने टीकोले निधार चम्किएकी, वीणा बजाइरहेकी मातङ्गी देवीकन म ध्यान गर्दछु ।।

'ॐ' ऋषिरुवाच ।।१।।

आज्ञप्तास्ते ततो दैत्याश्चण्डमुण्डपुरोगमाः ।
चतुरङ्गबलोपेता ययुरभ्युद्यताऽऽयुधाः ।।२।।
ददृशुस्ते ततो देवीमीषद्धासां व्यवस्थिताम् ।
सिंहस्योपरि शैलेन्द्रशृङ्गे महति काञ्चने ।।३।।

ऋषि भन्दछन् -।।१।। त्यसपछि शुम्भको आज्ञा पाएर चण्ड-मुण्ड आदि दैत्य चतुरङ्गिणी सेना सहित शस्त्रास्त्रले सुसज्जित भएर हिंडे ।।२।। अनि गिरिराज हिमालयको सुवर्णमय अग्लो शिखरमा पुगी तिनले सिंहमाथि बसेकी मुस्कुराइरहेकी देवीलाई देखे ।।३।।

ते दृष्ट्वा तां समादातुमुद्यमं चक्रुरुद्यताः ।
आकृष्टचापाऽसिधरास्तथाऽन्ये तत्समीपगाः ॥४॥
ततः कोपं चकारोच्चैरम्बिका तानरीन् प्रति ।
कोपेन चाऽस्या वदनं मषीवर्णमभूत् तदा ॥५॥

उनलाई देख्नासाथ ती दैत्यगण उनलाई पक्रने उद्योग गर्नलागे । कसैले धनुष चढाए, कसैले तरबार सद्यारे, केही देवीको नगीचै पुगेर ठिङ्ग उभिए ॥४॥ अनि अम्बिकाले ती शत्रुमाथि ठूलो क्रोध गरिन् । त्यो रिसले उनको अनुहार त्यतिखेर कालो भयो ॥५॥

सा त्वं गच्छ मयैवोक्ता पार्श्वं शुम्भनिशुम्भयोः ।
केशाकर्षणनिर्धूतगौरवा मा गमिष्यसि ॥१२६॥
देव्युवाच ॥१२७॥
एवमेतद् बली शुम्भो निशुम्भश्चाऽतिवीर्यवान् ।
किं करोमि प्रतिज्ञा मे यदनालोचिता पुरा ॥१२८॥

अतः तिमी मेरो कथन मानेर शुम्भ-निशुम्भकहाँ हिंड । यस्तो गर्नाले तिम्रो गौरवको रक्षा हुनेछ, अन्यथा जब ती चुल्ठो समातेर तान्दै लैजालान् तब तिमीले आफ्नू प्रतिष्ठा गुमाएर जानुपर्नेछ ॥१२६॥ देवीले भनिन् ॥१२७॥ तिम्रो भनाइ उचित हो, शुम्भ अति बलियो छ र निशुम्भ पनि त्यस्तै पराक्रमी छ, तर के गरूँ ? मैले पहिल्यै विचार नगरीकन प्रतिज्ञा गरिसकेकी छु ॥ १२८॥

स त्वं गच्छ मयोक्तं ते यदेतत् सर्वमादृतः।
तदाचक्ष्वासुरेन्द्राय स च युक्तं करोतु तत् ।ॐ।१२९।।

श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये देव्या दूतसंवादो नाम पञ्चमः ।।५।।

उवाच ९, त्रिपान्मन्त्राः ६६, श्लोकाः ५४, एवम् १२९, एवमादितः ३८८।।

अतः अब तिमी जाऊ, मैले जति कुरा भनें, त्यो सबै दैत्यराजासित निवेदन गर ।।१२९।।

।। इति पाँचौं अध्यायको टीका सकियो ।।

अथ षष्ठोऽध्यायः

ध्यानम् -

ॐ नागाधीश्वरविष्टरां फणिफणोत्तंसोरुरत्नावली-
भास्वद्देहलतां दिवाकरनिभां नेत्रत्रयोद्भासिताम्।
मालाकुम्भकपालनीरजकरां चन्द्रार्धचूडां परां
सर्वज्ञेश्वर - भैरवाङ्कनिलयां पद्मावतीं चिन्तये।।

नागराज (शेष) को आसनमा बसेकी, नागकै फणाहरूले सुशोभित मणिहरूको श्रेष्ठ मालाले देह (शरीर) चम्केकी, सूर्यको समान तेज भएकी, तीन नेत्रले शोभिएकी, माला-कुम्भ (घड़ा)-कपाल (खप्पर) र कमल हातमा लिएकी, आधा चन्द्र जडेको किरीट लाएकी, सर्वज्ञेश्वर भैरवको काखमा बसेकी, परमोत्कृष्ट (सर्वशक्तिसम्पन्न भएकी) पद्मावती देवीकन म चिन्तन (ध्यान) गर्दछु ।।

‘ॐ’ ऋषिरुवाच ॥१॥

इत्याकर्ण्य वचो देव्याः स दूतोऽमर्षपूरितः।
समाचष्ट समागम्य दैत्यराजाय विस्तरात् ॥२॥
तस्य दूतस्य तद्वाक्यमाकर्ण्याऽसुरराट् ततः।
सक्रोधः प्राह दैत्यानामधिपं धूम्रलोचनम् ॥३॥

ऋषि भन्दछन्-॥१॥ देवीको त्यस्तो उत्तर सुनेर झोंकिएको दूत आयो र दैत्यराजलाई सबै समाचार विस्तारपूर्वक सुनायो ॥२॥ त्यो दूतको त्यस्तो कुरा सुनेर तब दैत्यराज शुम्भ क्रोधित भयो र सेनापति धूम्रलोचनलाई भन्यो ॥३॥

हे धूम्रलोचनाऽऽशु त्वं स्वसैन्यपरिवारितः।
तामानय बलाद् दुष्टां केशाकर्षणविह्वलाम् ॥४॥
तत्परित्राणदः कश्चिद्यदि वोत्तिष्ठतेऽपरः।
स हन्तव्योऽमरो वाऽपि यक्षो गन्धर्व एव वा ॥५॥

ऋषिरुवाच ॥६॥

‘हे धूम्रलोचन ! तिमी चाँडै आफ्ना सेना लिएर जाऊ र त्यस दुष्टाको चुल्ठो समाई घिस्याएर बलपूर्वक यहाँ ल्याऊ ॥४॥ त्यसको रक्षा गर्न कोही खड़ा भो भने- त्यो देवता, यक्ष, गन्धर्व जो भए पनि उसलाई मारिदिनू ॥५॥ ऋषि भन्दछन्-॥६॥

तेनाऽऽज्ञप्तस्ततः शीघ्रं स दैत्यो धूम्रलोचनः ।
वृतः षष्ट्या सहस्त्राणामसुराणां द्रुतं ययौ ॥७॥
स दृष्ट्वा तां ततो देवीं तुहिनाचलसंस्थिताम् ।
जगादोच्चैः प्रयाहीति मूलं शुम्भनिशुम्भयोः ॥८॥

शुम्भको यस्तो आज्ञा पाएपछि त्यो दैत्य धूम्रलोचन साठी हजार असुर सेना लिएर तत्काल हिंड्यो ॥७॥ त्यहाँ पुगेर उसले हिमालयमा बस्ने भएकी देवीलाई देख्यो र चर्को शब्दले चिच्यायो । हे देवि ! तिमी शुम्भ-निशुम्भकहाँ हिंड ॥८॥

न चेत् प्रीत्याऽद्य भवतीमद्भर्तारमुपैष्यति ।
ततो बलान्नयाम्येष केशाकर्षणविह्वलाम् ॥९॥
देव्युवाच ॥१०॥
दैत्येश्वरेण प्रहितो बलवान् बलसंवृतः ।
बलान्नयसि मामेवं ततः किं ते करोम्यहम् ॥११॥

'यदि तिमी खुशी मनले मेरा स्वामीकहाँ जान्नौ भने, यो म बलपूर्वक चुल्ठो समातेर घिच्याउँदै लैजानेछु' ॥९॥ देवीले भनिन्-॥१०॥ तिमीलाई दैत्यहरूका राजाले पठाई सेना लिएर आएका छौं, तिमीले मलाई बलपूर्वक लैजान्छौ भने म के गर्न सक्तछु? ॥११॥

ऋषिरुवाच ॥१२॥

इत्युक्तः सोऽभ्यधावत् तामसुरो धूम्रलोचनः।
हुंकारेणैव तं भस्म सा चकाराऽम्बिका ततः ॥१३॥
अथ क्रुद्धं महासैन्यमसुराणां तथाऽम्बिका।
ववर्ष सायकैस्तीक्ष्णैस्तथा शक्तिपरश्वधैः ॥१४॥

ऋषि भन्दछन्- ॥१२॥ देवीले यति भनेपछि त्यो असुर धूम्रलोचन उनीतिर वेगपूर्वक दगुर्‍यो, तब अम्बिकाले 'हुँ' (हट्) शब्दको उच्चारण मात्रले त्यसलाई भस्म पारिदिइन् ॥१३॥ अनि रिसाएका दैत्यका विशाल सेना र अम्बिकाले परस्पर बाण, शक्ति र परशु (बञ्चरो)को वर्षा आरम्भ गरे ॥१४॥

ततो धुतसटः कोपात् कृत्वा नादं सुभैरवम्।
पपाताऽसुरसेनायां सिंहो देव्याः स्ववाहनः ॥१५॥
काँश्चित् करप्रहारेण दैत्यानास्येन चाऽपरान्।
आक्रम्य चाऽधरेणाऽन्यान् स जघान महासुरान् ॥१६॥

त्यतिमै देवीको वाहन सिंह रिसाएर भयंकर गर्जना गर्दै, याल (जग्गर) हल्लाउँदै असुरहरूका सेनामा हाम्फाल्यो ॥१५॥ उसले कतिलाई पंजाको प्रहारले, कतिलाई दाह्रा धसेर तथा अनेकलाई पछारेर घाइते पार्दै मारिदियो ॥१६॥

केषांचित् पाटयामास नखैः कोष्ठानि केसरी।
तथा तलप्रहारेण शिरांसि कृतवान् पृथक् ॥१७॥
विच्छिन्नबाहुशिरसः कृतास्तेन तथाऽपरे।
पपौ च रुधिरं कोष्ठादन्येषां धुतकेसरः ॥१८॥

त्यस सिंहले नंग्राद्वारा कतिको पेट फोरिदियो, थप्पड़ हानेर कैयौंको शिर छुट्याइदियो ॥१७॥ जग्गर हल्लाउँदै कतिका पाखुरा भाँची, कतिको टाउको निमोठी, कतिको पेट फोरेर रगत चुस्यो ॥१८॥

क्षणेन तद्बलं सर्वं क्षयं नीतं महात्मना।
तेन केसरिणा देव्या वाहनेनाऽतिकोपिना ॥१९॥
श्रुत्वा तमसुरं देव्या निहतं धूम्रलोचनम्।
बलं च क्षयितं कृत्स्नं देवीकेसरिणा ततः ॥२०॥

यसै गरी देवीको वाहन त्यो रिसाहा महाबली सिंहले एकक्षणमै असुरका सबै सेनाको संहार गरिदियो ॥ १९॥ शुम्भले जब सुन्यो देवीले धूम्रलोचनलाई मारिन् र उनको सिंहले सबै सेना समाप्त पारिदियो, तब त्यो ॥२०॥

चुकोप दैत्याधिपतिः शुम्भः प्रस्फुरिताधरः ।
आज्ञापयामास च तौ चण्डमुण्डौ महासुरौ ॥२१॥
हे चण्ड हे मुण्ड बलैर्बहुभिः परिवारितौ ।
तत्र गच्छत गत्वा च सा समानीयतां लघु ॥२२॥

दैत्यराज ओठ फट्फटाउँदै अत्यन्त क्रोधित भई, तब चण्ड- मुण्ड नामका दुई महादैत्यलाई आज्ञा दियो ॥२१॥ हे चण्ड! मुण्ड! तिमी दुवै विशाल सेना लिएर त्यहाँ जाओ र त्यसलाई चाँडै यहाँ ल्याओ ॥२२॥

केशेष्वाकृष्य बद्ध्वा वा यदि वः संशयो युधि ।
तदाऽशेषाऽऽयुधैः सर्वैरसुरैर्विनिहन्यताम् ॥२३॥
तस्यां हतायां दुष्टायां सिंहे च विनिपातिते ।
शीघ्रमागम्यतां बद्ध्वा गृहीत्वा तामथाऽम्बिकाम्ॐ ॥२४॥

श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये शुम्भनिशुम्भसेनानीधूम्रलोचनवधो नाम षष्ठः ॥६॥
उवाच ४, श्लोका २०, एवम् २४, एवमादितः ४१२ ॥

जगल्ट्याएर अथवा बाँधेर घिसार्दै ल्याओ । यदि यसरी ल्याउन सन्देह छ भने युद्धमा सबै प्रकारका शस्त्रास्त्र तथा समस्त आसुरी सेनाको प्रयोग गरेर त्यसको हत्या गरिदिनू ॥२३॥ त्यो दुष्टलाई मारेपछि र त्यो सिंहलाई पनि गिंडेपछि अनि त्यो अम्बिकालाई बाँधेर लिदै चाँडै आओ ॥२४॥

॥ इति सप्तशतीको टीकामा छैटौं अध्याय सकियो ॥

अथ सप्तमोऽध्यायः

ध्यानम्-

ॐ ध्यायेयं रत्नपीठे शुककलपठितं शृण्वतीं श्यामलाङ्गीं
न्यस्तैकाङ्घ्रिं सरोजे शशिशकलधरां वल्लकीं वादयन्तीम् ।
कह्लाराबद्धमालां नियमितविलसच्चोलिकां रक्तवस्त्रां
मातङ्गीं शङ्खपात्रां मधुरमधुमदां चित्रकोद्भासिभालाम् ।।

रत्नमय सिंहासनमा बसेर सुगाँले सुन्दर स्वर (बोली) मा नाना नाम पढेको सुनिरहेकी, श्याम वर्णकी, यौटा पैतालो कमल-पुष्पमा टेकेकी, शिरमा अर्धचन्द्र धारेकी, कह्लार (कणेल) को फूलको माला पहिरेकी, टम्म कसेको चोलोले टिमिक्किएकी, रातो सारीले स्वाएकी, मधु (सुरा) को मधुर (मधुरो) मद (मात) चढेकी, शंख नै पानपात्र भएकी, टल्कने टीकोले निधार चम्किएकी, वीणा बजाइरहेकी मातङ्गी देवीकन म ध्यान गर्दछु ।।

'ॐ' ऋषिरुवाच ।।१।।

आज्ञप्तास्ते ततो दैत्याश्चण्डमुण्डपुरोगमाः ।
चतुरङ्गबलोपेता ययुरभ्युद्यताऽऽयुधाः ।।२।।
ददृशुस्ते ततो देवीमीषद्धासां व्यवस्थिताम् ।
सिंहस्योपरि शैलेन्द्रशृङ्गे महति काञ्चने ।।३।।

ऋषि भन्दछन् -।।१।। त्यसपछि शुम्भको आज्ञा पाएर चण्ड-मुण्ड आदि दैत्य चतुरङ्गिणी सेना सहित शस्त्रास्त्रले सुसज्जित भएर हिंडे ।।२।। अनि गिरिराज हिमालयको सुवर्णमय अग्लो शिखरमा पुगी तिनले सिंहमाथि बसेकी मुस्कुराइरहेकी देवीलाई देखे ।।३।।

ते दृष्ट्वा तां समादातुमुद्यमं चक्रुरुद्यताः ।
आकृष्टचापाऽसिधरास्तथाऽन्ये तत्समीपगाः ॥४॥
ततः कोपं चकारोच्चैरम्बिका तानरीन् प्रति ।
कोपेन चाऽस्या वदनं मषीवर्णमभूत् तदा ॥५॥

उनलाई देख्नासाथ ती दैत्यगण उनलाई पक्रने उद्योग गर्नलागे । कसैले धनुष चढाए, कसैले तरबार सद्यारे, केही देवीको नगीचै पुगेर ठिङ्ग उभिए ॥४॥ अनि अम्बिकाले ती शत्रुमाथि ठूलो क्रोध गरिन् । त्यो रिसले उनको अनुहार त्यतिखेर कालो भयो ॥५॥

धनुर्ज्यासिंहघण्टानां नादाऽऽपूरितदिङ्मुखा ।
निनादैर्भीषणैः काली जिग्ये विस्तारिताऽऽनना ॥१०॥
तं निनादमुपश्रुत्य दैत्यसैन्यैश्चतुर्दिशम् ।
देवी सिंहस्तथा काली सरोषैः परिवारिताः ॥११॥

यसरी धनुषको टङ्कार, सिंहको गर्जन र घण्टाको ध्वनिले सम्पूर्ण दिशाहरू गुञ्जायमान भए । त्यो कठोर शब्द सँगै कालीले विकराल मुख अझ ठूलो पारिन् र ती विजयिनी भइन् ॥१०॥ त्यो तुमुल नाद सुनेर दैत्यका सेनाले चारैतिरबाट आएर चण्डिका देवी, सिंह र काली देवीलाई क्रोधपूर्वक घेर्दा भए ॥११॥

एतस्मिन्नन्तरे भूप विनाशाय सुरद्विषाम् ।
भवायाऽमरसिंहानामतिवीर्यबलान्विताः ॥१२॥
ब्रह्मेशगुहविष्णूनां तथेन्द्रस्य च शक्तयः ।
शरीरेभ्यो विनिष्क्रम्य तद्रूपैश्चण्डिकां ययुः ॥१३॥

हे राजन् ! उसै बीचमा असुरहरूको संहार र देवगणको कल्याण गर्नका लागि ॥१२॥ ब्रह्मा, विष्णु, शिव, कार्तिकेय र इन्द्र आदि देवताका अति पराक्रमी बलिया शक्तिहरू, ती-ती देवताहरूको शरीरबाट निस्केर उनकै रूपमा चण्डिका देवीभाठौं गए ॥१३॥

यस्य देवस्य यद्रूपं यथाऽऽभूषणवाहनम् ।
तद्वदेव हि तच्छक्तिरसुरान् योद्धुमाययौ ॥१४॥
हंसयुक्तविमानाऽग्रे साक्षसूत्रकमण्डलुः ।
आयाता ब्रह्मणः शक्तिर्ब्रह्माणी साऽभिधीयते ॥१५॥

जुन देवताको जस्तो रूप, जस्ता वेश भूषा र जस्ता वाहन थिए, उस्तै साधनले सम्पन्न भई ती शक्ति दैत्यहरूसित लड्न युद्धभूमिमा आए ॥१४॥ हाँसले युक्त भएको विमानमा बसेर अक्षसूत्र र कमण्डलु लिएकी ब्रह्माकी शक्ति ब्रह्माणी उपस्थित भइन् ॥१५॥

माहेश्वरी वृषाऽऽरूढा त्रिशूलवरधारिणी ।
महाहिवलया प्राप्ता चन्द्ररेखाविभूषणा ॥१६॥
कौमारी शक्तिहस्ता च मयूरवरवाहना ।
योद्धुमभ्याययौ दैत्यानम्बिका गुहरूपिणी ॥१७॥

शिवकी शक्ति वृषभमा चढेर हातमा त्रिशूल लिई महानागको कङ्कण पहिरी, मस्तकमा चन्द्ररेखा विभूषित भएर आइन् ॥१६॥ कार्तिकेयकी शक्तिरूपा जगदम्बिका उनैको रूप धारण गरी मयूरमा चढी हातमा शक्ति लिई कौमारी देवी दैत्यसित लड्न संग्राममा आइन् ॥१७॥

तथैव वैष्णवी शक्तिर्गरुडोपरि संस्थिता ।
शङ्खचक्रगदाशार्ङ्गखड्गहस्ताभ्युपाययौ ॥१८॥
यज्ञवाराहमतुलं रूपं या बिभ्रतो हरेः ।
शक्तिः साऽप्याययौ तत्र वाराहीं बिभ्रती तनुम् ॥१९॥

त्यस्तै नै भगवान् विष्णुकी शक्ति गरुडमा बसेर शङ्ख, चक्र, गदा, शार्ङ्ग धनुष र खड्ग हातमा लिएर आइन् ॥१८॥ अनुपम वाराह रूप धारण गर्ने श्रीहरिकी शक्ति पनि वाराहको -शरीर धारण गरेर आइन् ॥१९॥

नारसिंही नृसिंहस्य बिभ्रती सदृशं वपुः ।
प्राप्ता तत्र सटाक्षेपक्षिप्तनक्षत्रसंहतिः ॥२०॥
वज्रहस्ता तथैवैन्द्री गजराजोपरि स्थिता ।
प्राप्ता सहस्रनयना यथा शक्रस्तथैव सा ॥२१॥

नारसिंही शक्ति पनि नृसिह झैं शरीर धारण गरी त्यहीं आइन् । तिनको घाँटीको रौं जगल्टा हल्लनाले गर्दा आकाशका नक्षत्र पनि उछिट्याउँथे ॥२०॥ इन्द्रकी शक्ति वज्र हातमा लिएर ऐरावतमा बसी आइपुगिन् । तिनका पनि हजार नेत्र थिए, उनको रूप पनि इन्द्रको जस्तै थियो ॥२१॥

ततः परिवृतस्ताभिरीशानो देवशक्तिभिः ।
हन्यन्तामसुराः शीघ्रं मम प्रीत्याऽऽह चण्डिकाम् ॥२२॥
ततो देवीशरीरात्तु विनिष्क्रान्ताऽतिभीषणा ।
चण्डिकाशक्तिरत्युग्रा शिवाशतनिनादिनी ॥२३॥

अनि महादेव त्यहाँ आएर ती चण्डिकालाई भन्नुभयो– 'मेरो प्रसन्नताका लागि तिमी शीघ्र यी असुरहरूको संहार गर' ॥२२॥ तब देवीको शरीरबाट भयानक स्वभाव हुने उग्रचण्डी प्रकट भइन् । ती सयौं स्यालिनीहरू जस्तै प्रकट भएर कराउन लागिन् ॥२३॥

सा चाऽऽह धूम्रजटिलमीशानमपराजिता ।
दूतत्वं गच्छ भगवन् पार्श्वं शुम्भनिशुम्भयोः ।।२४।।
ब्रूहि शुम्भं निशुम्भं च दानवावतिगर्वितौ ।
ये चाऽन्ये दानवास्तत्र युद्धाय समुपस्थिताः ।।२५।।

ती अपराजिता देवीले धूम्रवर्णका जटा हुने शिवलाई भनिन्- 'हे भगवन् ! हजुर मेरो दूत जस्तो भएर तपाईं शुम्भ-निशुम्भकहाँ पाल्नुहोस् ।।२४।। ती अभिमानी दुवै दैत्य र अन्य लड्न तंसेका दानवहरूकन पनि भन्नुहोस् ।।२५।।

त्रैलोक्यमिन्द्रो लभतां देवाः सन्तु हविर्भुजः ।
यूयं प्रयात पातालं यदि जीवितुमिच्छथ ।।२६।।
बलावलेपादथ चेद् भवन्तो युद्धकाङ्क्षिणः ।
तदाऽऽगच्छत तृप्यन्तु मच्छिवाः पिशितेन वः ।।२७।।

'दैत्य हो ! यदि तिमीहरूको बाँच्ने इच्छा भए तत्काल पाताल जाओ । इन्द्रले त्रिलोकको राज्य पाऊन् र देवगण यज्ञ-भागको उपभोग गर्न सकून् ।।२६।। यदि अभिमानवश युद्धको अभिलाषा छ भने आओ, मेरा योगिनीहरू तिमीहरूको काँचो मासु खाएर तृप्त हुनेछन् ' ।।२७।।

यतो नियुक्तो दौत्येन तया देव्या शिवः स्वयम् ।
शिवदूतीति लोकेऽस्मिँस्ततः सा ख्यातिमागता ॥२८॥
तेऽपि श्रुत्वा वचो देव्याः शर्वाख्यातं महासुराः ।
अमर्षापूरिता जग्मुर्यत्र कात्यायनी स्थिता ॥२९॥

त्यस बखत शिवलाई दूत बनाएर पठाएकी हुनाले नै ती 'शिवदूती' कहिन्छिन् ॥२८॥ ती बलवान् दैत्य पनि शिवबाट देवीको कथन सुनेर रिसाई जहाँ कात्यायनी थिइन्, उतैतिर गए ॥२९॥

ततः प्रथममेवाऽग्रे शरशक्त्यृष्टिवृष्टिभिः ।
ववर्षुरुद्धतामर्षास्तां देवीममरारयः ॥३०॥
सा च तान् प्रहितान् बाणाञ्छूलशक्तिपरश्वधान् ।
चिच्छेद लीलयाऽऽध्मातधनुर्मुक्तैर्महेषुभिः ॥३१॥

उहाँ पुग्नासाथ उन्मत्त दैत्यले देवीमाथि बाण, शक्ति र ऋष्टि आदि अस्त्रको वर्षा गर्न लागे ॥३०॥ अनि देवीले पनि तिनले प्रहार गरेका सबै शस्त्रास्त्रकन आफ्ना तीखा बाणहरूले काटिदिइन् ॥३१॥

तस्याऽग्रतस्तथा काली शूलपातविदारितान्।
खट्वाङ्गपोथिताँश्चारीन् कुर्वती व्यचरत् तदा॥३२॥
कमण्डलुजलाक्षेपहतवीर्यान् हतौजसः।
ब्रह्माणी चाऽकरोच्छत्रून् येन येन स्म धावति॥३३॥

अनि असुरहरूले पनि देवीका सबै अस्त्रहरू आफ्ना वाणले काटिदिए। अनि काली सामुन्ने आएर शत्रुगणलाई शूलले विदीर्ण पार्न लागिन्॥३२॥ ब्रह्माकी शक्तिले रणभूमिमा चारैतिर दगुरेर आफ्नू कमण्डलुको जल छरेर शत्रुको पराक्रम नष्ट पार्दै थिइन्॥३३॥

माहेश्वरी त्रिशूलेन तथा चक्रेण वैष्णवी।
दैत्याञ्जघान कौमारी तथा शक्त्याऽतिकोपना॥३४॥
ऐन्द्री कुलिशपातेन शतशो दैत्यदानवाः।
पेतुर्विदारिताः पृथ्व्यां रुधिरौघप्रवर्षिणः॥३५॥

माहेश्वरी त्रिशूलद्वारा र वैष्णवीले चक्रद्वारा तथा कौमारीले शक्तिद्वारा दैत्यको संहार गर्न थाले॥३४॥ इन्द्रकी शक्तिले वज्र प्रहारद्वारा अनेक दैत्य-दानवलाई मारेर पृथ्वीमा सुताइन्॥३५॥

तुण्डप्रहार- विध्वस्ता दंष्ट्राग्रक्षतवक्षसः।
वाराहमूर्त्या न्यपतँश्चक्रेण च विदारिताः ॥३६॥
नखैर्विदारिताँश्चान्यान् भक्षयन्ती महासुरान्।
नारसिंही चचाराऽऽजौ नादापूर्णदिगम्बरा ॥३७॥

वाराही शक्तिले अनेक शत्रुलाई तुण्डाग्र भागले (थुतुनुले) हानेर नष्ट पारिन्। कति तिनका दाह्राका प्रहारले र शक्तिद्वारा छाती विदीर्ण भई ढले ॥३६॥ नारसिंही पनि अनेक दैत्यलाई आफ्ना नङले विदीर्ण पारेर खाँदै र सिंहनादले आकाश गुञ्जायमान पार्न लागिन् ॥३७॥

चण्डाट्टहासैरसुराः शिवदूत्यभिदूषिताः।
पेतुः पृथिव्यां पतिताँस्ताँश्चखादाथ सा तदा ॥३८॥
इति मातृगणं क्रुद्धं मर्दयन्तं महासुरान्।
दृष्ट्वाऽभ्युपायैर्विविधैर्नेशुर्देवारिसैनिकाः ॥३९॥

अनेक असुर शिवदूतीको प्रचण्ड अट्टहासले भयभीत भै पृथ्वीमा ढलेपछि तिनलाई आफ्नू गाँस पार्दै थिइन् ॥३८॥ यसरी रिसाएका मातृगणहरूले अनेक उपायद्वारा असुरहरूको मर्दन गरेको देखेर शेष सैनिक डराई भागे ॥३९॥

पलायनपरान् दृष्ट्वा दैत्यान् मातृगणार्दितान् ।
योद्धुमभ्याययौ क्रुद्धो रक्तबीजो महासुरः ॥४०॥
रक्तबिन्दुर्यदा भूमौ पतत्यस्य शरीरतः ।
समुत्पतति मेदिन्यां तत्प्रमाणस्तदाऽसुरः ॥४१॥

मातृगणद्वारा पीडित दैत्यहरू संग्रामबाट भाग्न लागेका देखेर रक्तबीज नामक महादैत्य रिसाई युद्धमा अगि सऱ्यो ॥४०॥ त्यसको शरीरमा चोट लागेर जति थोपा रगत भूमिमा पर्दथ्यो, उति उस्तै पराक्रमी दैत्य पृथ्वीमा उत्पन्न हुन्थे ॥४१॥

युयुधे स गदापाणिरिन्द्रशक्त्या महासुरः ।
ततश्चैन्द्री स्ववज्रेण रक्तबीजमताडयत् ॥४२॥
कुलिशेनाऽऽहतस्याशु बहु सुस्राव शोणितम् ।
समुत्तस्थुस्ततो योधास्तद्रूपास्तत्पराक्रमाः ॥४३॥

त्यो रक्तबीज महाअसुर हातमा गदा लिएर इन्द्र-शक्तिसित युद्ध गर्न लाग्यो । अनि ऐन्द्रीले वज्रद्वारा रक्तबीजलाई हानिन्, ॥४२॥ वज्रले घायल भएपछि त्यसको शरीरबाट रगत बग्नलाग्यो र त्यसैबाट उ जस्तै बल र पराक्रम हुने योद्धा उत्पन्न हुन लागे ॥४३॥

यावन्तः पतितास्तस्य शरीराद्रक्तबिन्दवः ।
तावन्तः पुरुषा जातास्तद्वीर्यबलविक्रमाः ॥४४॥
ते चाऽपि युयुधुस्तत्र पुरुषा रक्तसम्भवाः ।
समं मातृभिरत्युग्रशस्त्रपातातिभीषणम् ॥४५॥

त्यसको शरीरबाट रक्तका जति थोपा झरे, उति नै पुरुष उत्पन्न भए । ती सबै रक्तबीज जस्तै पराक्रमी थिए ॥ ४४॥ ती रक्तबाट उत्पन्न हुने पुरुष पनि उस्तै डरलाग्दा, अस्त्र - शस्त्रको प्रहार गर्दै त्यहाँ मातृगणसित घोर युद्ध गर्न लागे ॥४५॥

पुनश्च वज्रपातेन क्षतमस्य शिरो यदा ।
ववाह रक्तं पुरुषास्ततो जाताः सहस्रशः ॥४६॥
वैष्णवी समरे चैनं चक्रेणाऽभिजघान ह ।
गदया ताडयामास ऐन्द्री तमसुरेश्वरम् ॥४७॥

पुनः वज्रको प्रहारले त्यसको मस्तक फुट्यो, तब रगत बग्न लाग्यो र त्यसबाट हजारौं पुरुष उत्पन्न भए ॥४६॥ अनि वैष्णवीले त्यसमाथि चक्र प्रहार गरिन् तथा ऐन्द्रीले त्यो दैत्यसेनापतिलाई गदाले प्रहार गरिन् ॥४७॥ (ववाह आर्ष)

वैष्णवीचक्रभिन्नस्य रुधिरस्रावसम्भवैः ।
सहस्रशो जगद्व्याप्तं तत्प्रमाणैर्महासुरैः ॥४८॥
शक्त्या जघान कौमारी वाराही च तथाऽसिना ।
माहेश्वरी त्रिशूलेन रक्तबीजं महासुरम् ॥४९॥

वैष्णवीको चक्रले घायल भएपछि त्यसको शरीरबाट जति रगत बग्यो त्यसैबाट उसकै समान जो उसकै आकारका हजारौं महादैत्य प्रकट भए, ती- द्वारा सम्पूर्ण जगत् व्याप्त भयो ॥४८॥ कौमारीले शक्तिद्वारा, वाराहीले खड्गद्वारा र माहेश्वरीले त्रिशूलद्वारा रक्तबीजलाई घायल पारे र ॥४९॥

स चाऽपि गदया दैत्यः सर्वा एवाऽहनत् पृथक् ।
मातॄः कोपसमाविष्टो रक्तबीजो महासुरः ॥५०॥
तस्याऽऽहतस्य बहुधा शक्तिशूलादिभिर्भुवि ।
पपात यो वै रक्तौघस्तेनाऽऽसञ्छतशोऽसुराः ॥५१॥

रिसाएको त्यो रक्तबीजले पनि गदाले सबै मातृशक्तिमाथि भिन्ना-भिन्नै प्रहार गर्‍यो ॥५०॥ शक्ति र शूल आदिले घायल भएपछि त्यसका शरीरबाट रगतको धारा *पृथ्वीमा खस्यो, त्यसले पनि सयकडौं असुर उत्पन्न भए ॥५१॥*

तैश्चाऽसुरासृक्सम्भूतैरसुरैः सकलं जगत् ।
व्याप्तमासीत् ततो देवा भयमाजग्मुरुत्तमम् ॥५२॥
तान् विषण्णान् सुरान् दृष्ट्वा चण्डिका प्राह सत्वरा।
उवाच कालीं चामुण्डे विस्तीर्णं वदनं कुरु ॥५३॥

त्यस प्रकार महादैत्यको रगतबाट प्रकट भएका असुरहरूद्वारा संसारै व्याप्त भयो, तब देवता डरले थरथर काँप्न थाले ॥५२॥ देवताहरूलाई डराएका देखेर चण्डिकाले कालीसित झट्ट भनिन्–'चामुण्डे ! तिमी आफ्नू मुख अझ ठूलो पार' ॥५३॥

मच्छस्त्रपातसम्भूतान् रक्तबिन्दून् महासुरान् ।
रक्तबिन्दोः प्रतीच्छ त्वं वक्त्रेणाऽनेन वेगिना ॥५४॥
भक्षयन्ती चर रणे तदुत्पन्नान्महासुरान् ।
एवमेष क्षयं दैत्यः क्षीणरक्तो गमिष्यति ॥५५॥

मेरो शस्त्रपातले बग्ने रक्तबिन्दु र त्यसबाट उत्पन्न हुने महादैत्यहरूलाई तिमी खाँदै जाऊ ॥५४॥ यसरी रक्तबाट उत्पन्न हुने महादैत्यहरूको भक्षण गर्दै तिमी रणमा डुलिरहू । यसरी त्यसको सारा रक्त क्षीण भएपछि त्यो स्वयं नष्ट हुनेछ ॥५५॥

भक्ष्यमाणास्त्वया चोग्रा न चोत्पत्स्यन्ति चाऽपरे ।
इत्युक्त्वा तां ततो देवी शूलेनाऽभिजघान तम् ॥५६॥
मुखेन काली जगृहे रक्तबीजस्य शोणितम् ।
ततोऽसावाजघानाऽथ गदया तत्र चण्डिकाम् ॥५७॥

जब तिमीले ती भयङ्कर दैत्यलाई खाइसक्नेछौ, तब नयाँ दैत्य उत्पन्न हुन सक्तैनन् । कालीसित यति भनेर चण्डिकाले रक्तबीजमाथि शूल प्रहार गरिन् ॥५६॥ अनि कालीले आफ्नू मुखमा त्यसको रगत थापिन् । अनि उसले चण्डिकामाथि गदा प्रहार गऱ्यो ॥५७॥

न चाऽऽस्या वेदनां चक्रे गदापातोऽल्पिकामपि ।
तस्याऽऽहतस्य देहात् तु बहु सुस्राव शोणितम् ॥५८॥
यतस्ततस्तद्वक्त्रेण चामुण्डा सम्प्रतीच्छति ।
मुखे समुद्गता येऽस्या रक्तपातान्महासुराः ॥५९॥

तर त्यो गदाको चोटले देवीलाई कुनै वेदना हुन सकेन । रक्तबीजको घायल शरीरबाट धेरै रगत बग्यो ॥५८॥ तर त्यो रुधिर चण्डिकाले आफ्नू मुखमा थापिन् । रक्तपातले कालीको मुखमा जुन महादैत्य उत्पन्न भए ॥५९॥

तॉंश्चखादाऽथ चामुण्डा पपौ तस्य च शोणितम् ।
देवी शूलेन वज्रेण बाणैरसिभिर्ऋष्टिभिः ॥६०॥
जघान रक्तबीजं तं चामुण्डापीतशोणितम् ।
स पपात महीपृष्ठे शस्त्रसङ्घसमाहतः ॥६१॥

तिनलाई पनि खाइन् र रक्तबीजको रगत पनि पिइन् । त्यसपछि देवीले रक्तबीजलाई, जसको रगत चामुण्डाले पिइसकेकी थिइन्, वज्र, बाण, खड्ग र ऋष्टि आदि शस्त्रास्त्रले मारिदिइन् । त्यसरी अनेक शस्त्रले आहत एवं रक्तहीन भएको महादैत्य रक्तबीज पृथ्वीमा ढल्यो ॥६०-६१॥

नीरक्तश्च महीपाल रक्तबीजो महासुरः ।
ततस्ते हर्षमतुलमवापुस्त्रिदशा नृप ॥६२॥
तेषां मातृगणो जातो ननर्ताऽसृङ्मदोद्धतः ॐ ॥६३॥

श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये रक्तबीजवधो नामाऽष्टमः ॥८॥

उवाच १, अर्धश्लोकः १, श्लोकाः ६१, एवम् ६३, एवमादितः ५०२॥

हे नरेश्वर ! यसले देवताहरूलाई अपार हर्ष भयो ॥६२॥ अनि मातृगण ती असुरहरूको रक्तपानको मदले उद्धत झैं भएर नृत्य गर्न लागे ॥६३॥

॥ श्रीमार्कण्डेय पुराणमा सावर्णिक मन्वन्तरको कथा अन्तरगत देवीमाहात्म्यमा रक्तबीज-वध नामक आठौं अध्याय सकियो ॥८॥

अथ नवमोऽध्यायः

ध्यानम् –

ॐ बन्धूककाञ्चननिभं रुचिराक्षमालां
पाशाङ्कुशौ च वरदां निजबाहुदण्डैः ।
बिभ्राणमिन्दुशकलाभरणं त्रिनेत्र-
मर्धाम्बिकेशमनिशं वपुराश्रयामि ॥

बन्धूक पुष्प र सुवर्णको समान रातो-पहेंलो मिसिएको वर्ण (रङ) जस्तो वर्ण भएको, आफ्ना हातहरूले सुन्दर अक्ष (बिल्लौर माणि) को मालाकन र पाश-अंकुश तथा वरद (वर दिने) मुद्राले युक्त रहने, अर्धचन्द्रको चूड़ामणिले शोभिने, तीन आँखा भएका अर्धनारीश्वरको श्रीविग्रह – प्रति म निरन्तर शरणापन्न छु ॥

'ॐ' राजोवाच ॥१॥

विचित्रमिदमाख्यातं भगवन् भवता मम ।
देव्याश्चरितमाहात्म्यं रक्तबीजवधाऽऽश्रितम् ॥२॥
भूयश्चेच्छाम्यहं श्रोतुं रक्तबीजे निपातिते ।
चकार शुम्भो यत्कर्म निशुम्भश्चातिकोपनः ॥३॥

राजाले भने ॥१॥ भगवन् ! हजुरले रक्तबीज-वधसित सम्बन्ध राख्ने देवी चरित्रको यो अद्भुत माहात्म्य मलाई सुनाउनुभयो ॥२॥ अब रक्तबीज मारिएपछि रिसाएका शुम्भ र निशुम्भले जे काम गरे, त्यो सुन्ने इच्छा गर्दछु ॥३॥

ऋषिरुवाच ॥४॥

चकार कोपमतुलं रक्तबीजे निपातिते।
शुम्भासुरो निशुम्भश्च हतेष्वन्येषु चाऽऽहवे ॥५॥
हन्यमानं महासैन्यं विलोक्याऽऽमर्षमुद्वहन्।
अभ्यधावन्निशुम्भोऽथ मुख्ययाऽसुरसेनया ॥६॥

ऋषि भन्दछन् ॥४॥ हे राजन् ! संग्राममा रक्तबीज र अनेक दैत्य मारिएपछि शुम्भ-निशुम्भ क्रोधले आगो भए ॥५॥ आफ्ना विशाल सेना यसरी मारिएका देखेर निशुम्भ रिसाई देवीतिर दगुर्‍यो । त्योसित असुरका प्रधान सेनाहरू थिए ॥६॥

तस्याऽग्रतस्तथा पृष्ठे पार्श्वयोश्च महासुराः।
संदष्टौष्ठपुटाः क्रुद्धा हन्तुं देवीमुपाययुः ॥७॥
आजगाम महावीर्यः शुम्भोऽपि स्वबलैर्वृतः।
निहन्तुं चण्डिकां कोपात् कृत्वा युद्धं तु मातृभिः ॥८॥

त्यसको अघि-पछि र पार्श्व भागमा ठूला-ठूला असुर थिए, ती रिसले ओंठ टोक्दै देवीलाई मार्न आइलागे ॥७॥ पराक्रमी शुम्भ पनि आफ्ना सेनासहित मातृगणसित युद्ध गरेर क्रोधवश चण्डिकालाई मार्न आइपुग्यो ॥८॥

ततो युद्धमतीवाऽऽसीद् देव्या शुम्भनिशुम्भयोः ।
शरवर्षमतीवोग्रं मेघयोरिव वर्षतोः ॥९॥
चिच्छेदास्तांञ्छराँस्ताभ्यां चण्डिका स्वशरोत्करैः ।
ताडयामास चाङ्गेषु शस्त्रौघैरसुरेश्वरौ ॥१०॥

अनि देवीसित शुम्भ-निशुम्भको घोर संग्राम आरम्भ भयो । ती दुवै दैत्य पानी परेझैं बाणवर्षा गर्न लागे ॥९॥ ती दुवैले छोडेका बाणका पर्ाहरूलाई चण्डिकाले आफ्ना बाणले तुरुन्त काटिन् र शस्त्रास्त्रको वर्षा गरेर ती दुवै दैत्यलाई घायल पारिन् ॥१०॥

निशुम्भो निशितं खड्गं चर्म चाऽऽदाय सुप्रभम् ।
अताडयन्मूर्ध्नि सिंहं देव्या वाहनमुत्तमम् ॥११॥
ताडिते वाहने देवी क्षुरप्रेणाऽसिमुत्तमम् ।
निशुम्भस्याऽऽशु चिच्छेद चर्म चाऽप्यष्टचन्द्रकम् ॥१२॥

निशुम्भले तीखो तरबार र टल्कने ढाल लिएर देवीको वाहन सिंहको मस्तकमा प्रहार गऱ्यो ॥११॥ आफ्नू वाहनलाई चोट लागेको देखेर देवीले क्षुरप्र नामको बाणले निशुम्भको तरबार टुक्रा पारिदिइन् र उसको ढाल-पनि खण्ड-खण्ड पारिदिइन् ॥१२॥

छिन्ने चर्मणि खड्गे च शक्तिं चिक्षेप सोऽसुरः ।
तामप्यस्य द्विधा चक्रे चक्रेणाऽभिमुखागताम् ॥१३॥
कोपाध्मातो निशुम्भोऽथ शूलं जग्राह दानवः ।
आयान्तं मुष्टिपातेन देवी तच्चाऽप्यचूर्णयत् ॥१४॥

ढाल र तरबार नष्ट भएपछि असुरले शक्ति चलायो, तर देवीले त्यसलाई पनि दुई टुक्रा पारिदिइन् ॥१३॥ अनि रिसले उन्मत्त भएको दानवले देवीलाई मार्न शूल उचाल्यो, तर देवीले नगीच आएपछि मुड्कीले धूलो पारिदिइन् ॥१४॥

आविध्याऽथ गदां सोऽपि चिक्षेप चण्डिकां प्रति ।
साऽपि देव्या त्रिशूलेन भिन्ना भस्मत्वमागता ॥१५॥
ततः परशुहस्तं तमायान्तं दैत्यपुङ्गवम् ।
आहत्य देवी बाणौघैरपातयत भूतले ॥१६॥

फेरि उसले चण्डिकामाथि गदा प्रहार गर्‍यो, तर त्यो पनि देवीको त्रिशूलले काटिदियो ॥१५॥ अनि निशुम्भलाई परशु हातमा लिएर आउन लागेको देखेर देवीले बाणसमूहद्वारा घायल पारी पृथ्वीमा ढलाइन् ॥१६॥

तस्मिन्निपतिते भूमौ निशुम्भे भीमविक्रमे ।
भ्रातर्यतीव संक्रुद्धः प्रययौ हन्तुमम्बिकाम् ।।१७।।
स रथस्थस्तथात्युच्चैर्गृहीतपरमायुधैः ।
भुजैरष्टाभिरतुलैर्व्याप्याऽशेषं बभौ नभः ।।१८।।

त्यो अत्यन्त पराक्रमी भाइ निशुम्भ धराशायी भएको देखेर शुम्भ साह्रै रिसायो र अम्बिकालाई मार्न अगि सऱ्यो ।।१७।। रथमा बसी-बसी उत्तम आयुधले सुशोभित आठ भुजाहरूले आकाश ढाकेर त्यो अत्यन्त शोभित भयो ।।१८।।

तमायान्तं समालोक्य देवी शङ्खमवादयत् ।
ज्याशब्दंचाऽपि धनुषश्चकाराऽतीव दुःसहम् ।।१९।।
पूरयामास ककुभो निजघण्टास्वनेन च ।
समस्तदैत्यसैन्यानां तेजोवधविधायिना ।।२०।।

त्यसलाई आउन लागेको देखेर देवीले शङ्ख बजाइन् र धनुषको असहनीय टङ्कार गरिन् ।।१९।। साथै घण्टाको शब्दले-जुन समस्त दैत्य-सेनाको तेज नष्ट पार्ने थियो- सम्पूर्ण दिशाहरू व्याप्त पारिदियो ।।२०।।

तत: सिंहो महानादैस्त्याजितेभमहामदैः ।
पूरयामास गगनं गां तथैव दिशो दश ॥२१॥
ततः काली समुत्पत्य गगनं क्ष्मामताडयत् ।
कराभ्यां तन्निनादेन प्राक्स्वनास्ते तिरोहिताः ॥२२॥

अनि सिंहले पनि आफ्नू गर्जनले, जुन सुनेर ठूला गजराजको पनि मद नष्ट हुन्थ्यो, आकाश, भूमि र दशै दिशा गुंजायमान पारिदियो ॥२१॥ अनि कालीले आकाशमा उफ्रेर आफ्ना दुवै हत्केलाले पृथ्वीमा आघात गरिन् । त्यसले यस्तो भयङ्कर शब्द भयो- जसले त्योभन्दा पहिलेका सबै शब्द शान्त भए ॥२२॥

अट्टाट्टहासमशिवं शिवदूती चकार ह ।
तैः शब्दैरसुरास्त्रेसुः शुम्भः कोपं परं ययौ ॥२३॥
दुरात्मँस्तिष्ठतिष्ठेति व्याजहाराऽम्बिका यदा ।
तदा जयेत्यभिहितं देवैराकाशसंस्थितैः ॥२४॥

त्यसपछि शिवदूतीले दैत्यहरूको निम्ति अमङ्गलजनक अट्टहास गरिन् । त्यो शब्द सुनेर सबै असुर थर्र कामे, तर शुम्भलाई भने खूब रिस उठ्यो ॥२३॥ त्यस बेला देवीले जब शुम्भलाई लक्ष्य गरेर भनिन्-'हे दुरात्मन् ! पर्खी, एकछिन पर्खी ! उसै वेला आकाशमा बसेका देवगणले 'जय होस्, जय होस्' भने ॥२४॥

शुम्भेनाऽऽगत्य या शक्तिर्मुक्ता ज्वालाऽतिभीषणा।
आयान्ती वह्निकूटाभा सा निरस्ता महोल्कया ।।२५।।
सिंहनादेन शुम्भस्य व्याप्तं लोकत्रयान्तरम्।
निर्घातनिःस्वनो घोरो जितवानवनीपते ।।२६।।

त्यस बेला शुम्भ आएर ज्वालायुक्त भयानक शक्ति प्रहार गऱ्यो । त्यो अग्निको राँको झैं आउन लागेको शक्तिलाई देवीले उल्का नामको गदाले बीचैमा काटिदिइन् ।।२५।। त्यस बखत शुम्भको सिंहनादले तीनै लोक गुंजायमान भए । हे राजन् ! त्यसको प्रतिध्वनिले वज्रपात झैं शब्द भयो, त्यसले अन्य शब्दलाई जित्यो ।।२६।।

शुम्भमुक्ताञ्छरान्देवी शुम्भस्तत्प्रहिताञ्छरान्।
चिच्छेद स्वशरैरुग्रैः शतशोऽथ सहस्रशः ।।२७।।
ततः सा चण्डिका क्रुद्धा शूलेनाऽभिजघान तम्।
स तदाऽभिहतो भूमौ मूर्च्छितो निपपात ह ।।२८।।

शुम्भले प्रहार गरेका बाण देवीद्वारा र देवीले चलाएका बाण शुम्भले आफाफ्ना बाणद्वारा हजारौं टुक्रा पारे ।।२७।। अनि चण्डिकाले रिसाई शूल प्रहार गरिन् त त्यो असुर मूर्च्छित भएर तब भूमिमा ढल्यो ।।२८।।

ततो निशुम्भः सम्प्राप्य चेतनामात्तकार्मुकः ।
आजघान शरैर्देवीं कालीं केसरिणं तथा ।।२९।।
पुनश्च कृत्वा बाहूनामयुतं दनुजेश्वरः ।
चक्रायुधेन दितिजश्छादयामास चण्डिकाम् ।।३०।।

त्यतिमै निशुम्भ सचेत भएर धनुष लिएर बाणहरूद्वारा काली र सिंहलाई घायल पारिदियो ।।२९।। फेरि त्यो दैत्यराजले दस हजार बाहु धारण गरी ती सबै हातमा चक्र लिएर चण्डिका देवीलाई चारैतिरबाट ढाकिदियो ।।३०।।

ततो भगवती क्रुद्धा दुर्गा दुर्गार्तिनाशिनी ।
चिच्छेद तानि चक्राणि स्वशरैः सायकांश्च तान् ।।३१।
ततो निशुम्भो वेगेन गदामादाय चण्डिकाम् ।
अभ्यधावत वै हन्तुं दैत्यसेनासमावृतः ।।३२।।

अनि कष्टनाश गर्ने दुर्गाले रिसाई आफ्ना बाणले सबै चक्रहरू काटिदिइन् ।।३१।। त्यो देखेर निशुम्भ दैत्य - सेना साथमा लिएर चण्डिकाको वध गर्न गदा लिई वेगले दगुऱ्यो ।।३२।।

तस्यापतत एवाशु गदां चिच्छेद चण्डिका ।
खड्गेन शितधारेण स च शूलं समाददे ॥३३॥
शूलहस्तं समायान्तं निशुम्भममरार्दनम् ।
हृदि विव्याध शूलेन वेगाविद्धेन चण्डिका ॥३४॥

आउँदै गरेको त्यसको गदा चण्डिकाले तीव्र खड्गद्वारा काटिदिइन् । अनि त्यसले शूल हातमा लियो ॥३३॥ देवगणलाई पीडा दिने निशुम्भलाई शूल लिएर आउन लागेको देखेर चण्डिकाले आफ्नू शूलले त्यसको छातीमा प्रहार गरिन् ॥३४॥

भिन्नस्य तस्य शूलेन हृदयान्निःसृतोऽपरः ।
महाबलो महावीर्यस्तिष्ठेति पुरुषो वदन् ॥३५॥
तस्य निष्क्रामतो देवी प्रहस्य स्वनवत् ततः ।
शिरश्चिच्छेद खड्गेन ततोऽसावपतद् भुवि ॥३६॥

शूलले विदीर्ण भएको त्यसको छातीबाट यौटा अर्को महाबली दैत्य प्रकट भई 'पर्खी!' भन्नलाग्यो ॥३५॥ त्यो निस्केको दैत्यको कुरा सुनेर देवी उच्च स्वरले हाँसिन् र खड्गले तत्काल त्यसको शिर काटिदिइन्, अनि त्यो पृथ्वीमा ढल्यो ॥३६॥

ततः सिंहश्चखादोग्रं दंष्ट्राक्षुण्णशिरोधरान् ।
असुराँस्ताँस्तथा काली शिवदूती तथाऽपरान् ॥३७॥
कौमारीशक्तिनिर्भिन्नाः केचिन्नेशुर्महासुराः ।
ब्रह्माणीमन्त्रपूतेन तोयेनाऽन्ये निराकृताः ॥३८॥

अनि सिंह दाह्रले असुरको गर्दन थिचेर मार्दै खान लाग्यो । त्यो दृश्य निकै डरलाग्दो थियो । उता काली र शिवदूतीले पनि अन्यान्य दैत्यलाई मार्दै खाँदै गर्न लागे ॥३७॥ कौमारीको महाशक्तिले विदीर्ण भएर धेरै महादैत्य नष्ट भए । ब्रह्माणीको मन्त्रपूत (मन्त्रले पवित्र)जलले निस्तेज भएर कति महादैत्य भागे ॥३८॥

माहेश्वरीत्रिशूलेन भिन्नाः पेतुस्तथाऽपरे ।
वाराहीतुण्डघातेन केचिच्चूर्णीकृता भुवि ॥३९॥
खण्डं खण्डं च चक्रेण वैष्णव्या दानवाः कृताः ।
वज्रेण चैन्द्रीहस्ताग्रविमुक्तेन तथाऽपरे ॥४०॥

कति दैत्य माहेश्वरीको त्रिशूलले धराशायी भए । वाराहीको थुतुनोको आघातले कतिको संहार भयो ॥३९॥ वैष्णवीले पनि आफ्नू चक्रले दानवहरूको टुक्रा-टुक्रा पारिन् । ऐन्द्रीका हातबाट छुटेको वज्रले पनि कतिले प्राण गुमाए ॥४०॥

केचिद् विनेशुरसुराः केचिन्नष्टा महाहवात् ।
भक्षिताश्चाऽपरे कालीशिवदूतीमृगाधिपैः ।।ॐ ।।४१ ।।

श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये निशुम्भवधो नाम नवमः ।।९ ।।

उवाच २, श्लोकाः ३९, एवम् ४१, एवमादितः ५४३ ।।

केही असुरहरू मारिए, केही त्यो महायुद्धबाट भागे । कति काली, शिवदूती र सिंहका गाँस बने ।।४१ ।।

श्रीमार्कण्डेय पुराणमा सावर्णिक मन्वन्तरको कथा अन्तर्गत देवीमाहात्म्यमा निशुम्भ-वध नामक नवौं अध्याय सकियो ।।९ ।।

अथ दशमोऽध्यायः

ध्यानम्-

ॐ उत्तप्तहेमरुचिरां रविचन्द्रवह्नि-
नेत्रां धनुश्शरयुताङ्कुशपाशशूलम् ।
रम्यैर्भुजैश्च दधतीं शिवशक्तिरूपां
कामेश्वरीं हृदि भजामि धृतेन्दुलेखाम् ।।

खारेको सुनको जस्तो सुन्दर कान्ति भएकी, सूर्य-चन्द्रमा-आगो यिनै तीन आँखा हुने, अत्यन्त सुन्दर बाहुहरूले धनुष-बाण-अंकुश-पाश-शूल लिने, मस्तकमा अर्धचन्द्र धारण गरेकी, तथा शिवजीको शक्तिस्वरूप भएकी कामेश्वरी भगवतीकन म हृदयमा ध्यान गर्दछु ।।

'ॐ' ऋषिरुवाच ।।१।।

निशुम्भं निहतं दृष्ट्वा भ्रातरं प्राणसम्मितम् ।
हन्यमानं बलं चैव शुम्भः क्रुद्धोऽब्रवीद् वचः ।।२।।
बलावलेपाद् दुष्टे त्वं मा दुर्गे गर्वमावह ।
अन्यासां बलमाश्रित्य युद्ध्यसे याऽतिमानिनी ।।३।।

ऋषि भन्दछन्-।।१।। हे राजन् ! आफ्नू प्राण झैं प्यारो भाई निशुम्भ सेनासहित मारिएको देखेर शुम्भ-रिसाएर बोल्यो ।।२।। 'दुष्ट दुर्गे ! तिमी बलको अभिमानले व्यर्थको घमण्ड नदेखाऊ । तिमी बर्ता मानिनी बनेकी छौ, तर अरूका शक्तिहरूको भरमा युद्ध गर्दै छ्यौ, ।।३।।

देव्युवाच ।।४।।

एकैवाऽहं जगत्यत्र द्वितीया का ममाऽपरा ।
पश्यैता दुष्ट मय्येव विशन्त्यो मद्विभूतयः ।।५।।
ततः समस्तास्ता देव्यो ब्रह्माणीप्रमुखालयम् ।
तस्या देव्यास्तनौ जग्मुरेकैवासीत्तदाम्बिका ।।६।।

देवीले भनिन् ।।४।। ए दुष्ट ! म एक्ली छु, यस जगत्मा मबाहेक अर्को को छ । हेर, यी मेरा विभूति हुन्, अतः ममा नै प्रवेश गरिरहेका छन् ।।५।। अनि ब्रह्माणी आदि सबै देवीहरू अम्बिका देवीको शरीरमा लीन भइन्, अनि केवल अम्बिका देवी यौटी मात्र रहिन् ।।६।।

देव्युवाच ।।७।।

अहं विभूत्या बहुभिरिह रूपैर्यदा स्थिता।
तत् संहृतं मयैकैव तिष्ठाम्याजौ स्थिरो भव।।८।।

ऋषिरुवाच ।।९।।

अनि देवीले भनिन्- ।।७।। म आफ्नू ऐश्वर्य - शक्तिले अनेक रूपमा यहाँ उपस्थित भएकी थिएँ। ती सबै रूपहरू मैले आफ्नू देहमा लीन गराएँ। अब एक्लै युद्धमा स्थित छु। तँ पनि स्थित भइजा ।।८।। ऋषि भन्दछन् ।।९।।

ततः प्रववृते युद्धं देव्याः शुम्भस्य चोभयोः।
पश्यतां सर्वदेवानामसुराणां च दारुणम्।।१०।।
शरवर्षैः शितैः शस्त्रैस्तथाऽस्त्रैश्चैव दारुणैः।
तयोर्युद्धमभूद् भूयः सर्वलोकभयङ्करम्।।११।।

त्यसपछि देवी र शुम्भ दुवैमा, सबै देवता र दानवहरूले देख्दादेख्दै भयङ्कर युद्ध आरम्भ भयो ।।१०।। बाणहरूको वर्षा र शस्त्र एवं दारुण अस्त्रको प्रहारले ती दुवै पक्षको संग्राम सबै लोकको निम्ति साह्है भयानक प्रतीत भयो ।।११।।

दिव्यान्यस्त्राणि शतशो मुमुचे यान्यथाम्बिका ।
बभञ्ज तानि दैत्येन्द्रस्तत्प्रतीघातकर्तृभिः ॥१२॥
मुक्तानि तेन चाऽस्त्राणि दिव्यानि परमेश्वरी ।
बभञ्ज लीलयैवोग्रहुङ्कारोच्चारणादिभिः ॥१३॥

त्यस बेला अम्बिका देवीले जुन सयकडौं दिव्यास्त्र छाडिन्, त्यो दैत्यराज शुम्भले निवारक शस्त्रास्त्र द्वारा काटिदियो ॥१२॥ उसै गरी शुम्भले पनि जति दिव्यास्त्र चलायो, त्यो परमेश्वरीले भयङ्कर हुङ्कार शब्दको उच्चारण द्वारा ख्याल-ख्यालमै नष्ट पारिदिइन् ॥१३॥

ततः शरशतैर्देवीमाच्छादयत सोऽसुरः ।
साऽपि तत्कुपिता देवी धनुश्चिच्छेद चेषुभिः ॥१४॥
छिन्ने धनुषि दैत्येन्द्रस्तथा शक्तिमथाऽऽददे ।
चिच्छेद देवी चक्रेण तामप्यस्य करे स्थिताम् ॥१५॥

अनि त्यो असुरले सयकडौं बाणले देवीलाई ढाकिदियो । अनि देवी रिसाई बाण छाडेर त्यसको धनुष काटिदिइन् ॥१४॥ धनुष काटिएपछि दैत्यराजले शक्ति हातमा लियो, तर देवीले चक्रद्वारा काटिदिइन् ॥१५॥

ततः खड्गमुपादाय शतचन्द्रं च भानुमत् ।
अभ्यधावत् तदा देवीं दैत्यानामधिपेश्वरः ॥१६॥
तस्यापतत एवाशु खड्गं चिच्छेद चण्डिका ।
धनुर्मुक्तैः शितैर्बाणैश्चर्म चाऽर्ककरामलम् ॥१७॥

अनि दैत्यराज शुम्भले सय चन्द्रमा हुने शतचन्द्र ढाल र तरवार लिई देवीतिर दगुऱ्यो ॥१६॥ त्यो आउनासाथ चण्डिकाले आफ्नू धनुषबाट छाडेको तीक्ष्ण बाणद्वारा त्यसको सूर्यकिरण झैं उज्ज्वल ढाल-तरवार काटिदिइन् ॥१७॥

हताश्वः स तदा दैत्यश्छिन्नधन्वा विसारथिः ।
जग्राह मुद्गरं घोरमम्बिकानिधनोद्यतः ॥१८॥
चिच्छेदाऽऽपततस्तस्य मुद्गरं निशितैः शरैः ।
तथापि सोऽभ्यधावत् तां मुष्टिमुद्यम्य वेगवान् ॥१९॥

अनि त्यसको अश्व र सारिथि मारिए, अनि त्यसले अम्बिका देवीलाई मार्न भयङ्कर मुद्गर हातमा लियो ॥१८॥ त्यसलाई आउन लागेको देखी देवीले बाणद्वारा त्यसको मुद्गर पनि काटिन्, अनि त्यो असुर मुड्की ताकेर वेगले देवीतिर आइलाग्यो ॥१९॥

स मुष्टिं पातयामास हृदये दैत्यपुङ्गवः।
देव्यास्तं चाऽपि सा देवी तलेनोरस्यताडयत् ॥२०॥
तलप्रहाराऽभिहतो निपपात महीतले।
स दैत्यराजः सहसा पुनरेव तथोत्थितः ॥२१॥

त्यो दैत्यराजले देवीको छातीमा मुड्की बजार्‍यो, अनि देवीले पनि त्यसको छातीमा थप्पडले हानिन् ॥२०॥ देवीको थप्पड खाएर दैत्यराज शुम्भ भूमिमा ढल्यो, तर पुनः अघिझैं उठेर तत्काल उभियो ॥२१॥

उत्पत्य च प्रगृह्योच्चैर्देवीं गगनमास्थितः।
तत्रापि सा निराधारा युयुधे तेन चण्डिका ॥२२॥
नियुद्धं खे तदा दैत्यश्चण्डिका च परस्परम्।
चक्रतुः प्रथमं सिद्धमुनिविस्मयकारकम् ॥२३॥

अनि त्यो उफ्रियो र देवीलाई माथि लगेर आकाशमा उभियो, अनि चण्डिका आकाशमा पनि निराधार त्यो शुम्भसित युद्ध गर्न लागिन् ॥२२॥ त्यस बखत दैत्य र चण्डिका आकाशमा यौटा अर्कोसित परस्परमा लड्न लागे। तिनको त्यो युद्ध त मुनिहरूलाई पनि विस्मयमा पार्ने थियो ॥२३॥

ततो नियुद्धं सुचिरं कृत्वा तेनाऽम्बिका सह।
उत्पात्य भ्रामयामास चिक्षेप धरणीतले ॥२४॥
स क्षिप्तो धरणीं प्राप्य मुष्टिमुद्यम्य वेगितः।
अभ्यधावत दुष्टात्मा चण्डिकानिधनेच्छया ॥२५॥

अनि अम्बिकाले शुम्भसित निकै बेर लड़ाइँ गरिसकेपछि जुरुक्क उचालेर फन्न घुमाई भूमिमा पच्छारिदिइन् ॥२४॥ फेरि त्यो दुष्टात्मा पच्छारिनासाथ उठेर मुठी बटारी चण्डिकाको वध गर्ने इच्छाले वेगपूर्वक दगुर्दै गयो ॥२५॥

तमायान्तं ततो देवी सर्वदैत्यजनेश्वरम्।
जगत्यां पातयामास भित्त्वा शूलेन वक्षसि ॥२६॥
स गतासुः पपातोर्व्यां देवीशूलाग्रविक्षतः।
चालयन् सकलां पृथ्वीं साब्धिद्वीपां सपर्वताम् ॥२७॥

अनि समस्त दैत्यको राजा शुम्भलाई आफूतिर आउन लागेको देखी देवीले त्रिशूलद्वारा त्यसको छाती विदीर्ण पारी भूमिमा गिराइन् ॥२६॥ देवीको शूलले घायल भएपछि त्यसको प्राणरूपी पक्षी उडेर गयो, अनि त्यो समुद्र, द्वीप र पर्वतसमेत पृथ्वी थर्काउँदै भूमिमा पछारियो ॥२७॥

ततः प्रसन्नमखिलं हते तस्मिन् दुरात्मनि ।
जगत्स्वास्थ्यमतीवाऽऽप निर्मलं चाऽभवन्नभः ॥२८॥
उत्पातमेघाः सोल्का ये प्रागासँस्ते शमं ययुः ।
सरितो मार्गवाहिन्यस्तथासँस्तत्र पातिते ॥२९॥

त्यो दुष्टात्मा मारिएपछि सम्पूर्ण जगत् प्रसन्न र स्वस्थ भयो, आकाश सफा देखिन लाग्यो ॥२८॥ पहिले जुन उल्कापात आदि हुन्थ्यो, ती सबै शान्त भए, त्यो दैत्य मारिएपछि नदीहरू पनि उल्टो बाटो छाडेर सोझै बग्न लागे ॥२९॥

ततो देवगणाः सर्वे हर्षनिर्भरमानसाः ।
बभूवुर्निहते तस्मिन् गन्धर्वा ललितं जगुः ॥३०॥
अवादयँस्तथैवाऽन्ये ननृतुश्चाऽप्सरोगणाः ।
ववुः पुण्यास्तथा वाताः सुप्रभोऽभूद् दिवाकरः ॥३१॥

शुम्भ दैत्य मारिनाले सम्पूर्ण देवताको हृदय हर्षले भरियो र गन्धर्व गीत गाउन लागे ॥३०॥ अरू अनेक थरिका बाजा बजाउन लागे र अप्सरागण नाच्न लागे । वायु स्वच्छ बहन लाग्यो, सूर्यको तेज उत्तम भयो ॥३१॥

जज्वलुश्चाऽग्नयः शान्ताः शान्ता दिग्जनितस्वनाः।ॐ।।३२।।

श्रीमार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये शुम्भवधो नाम दशमः ।।१०।।

उवाच ४, अर्धश्लोकः १, श्लोकाः २७, एवम् ३२, एवमादितः ५७५।।

अग्निशालाको निभेको आगो स्वयं बल्न लाग्यो र चारै दिशाको भयंकर शब्द शान्त भयो ।।३२।।

श्रीमार्कण्डेय पुराणमा सावर्णिक नाम मन्वन्तरको कथा अन्तरगत देवी माहात्म्यमा शुम्भ - वध नामक दशौं अध्याय सकियो ।।१०।।

अथ एकादशोऽध्यायः

ध्यानम्-

'ॐ' बालरविद्युतिमिन्दुकिरीटां
तुङ्गकुचां नयनत्रययुक्ताम् ।
स्मेरमुखीं वरदाङ्कुशपाशा-
भीतिकरां प्रभजे भुवनेशीम् ।।

उदाउन थालेको सूर्यको जस्तो कान्ति भएकी, अर्धचन्द्रमा जडेको किरीट (मुकुट) लाएकी, ठाडा-ठाडा स्तन गरेकी, तीन आँखाले शोभिएकी, मुस्काइरहने मुखमण्डल भएकी, वरद (वर दिने मुद्रा)-अंकुश-पाश-अभय मुद्राले सुशोभित हात भएकी यस्ती भुवनेश्वरी देवीकन म भजन गर्दछु यानि ध्यान गर्दछु ।।

'ॐ' ऋषिरुवाच ॥१॥

देव्या हते तत्र महासुरेन्द्रे
सेन्द्राः सुरा वह्निपुरोगमास्ताम् ।
कात्यायनीं तुष्टुवुरिष्टलाभाद्
विकाशिवक्त्राब्ज - विकाशिताशाः ॥२॥

ऋषि भन्दछन्- ॥१॥ देवीद्वारा दैत्यपति शुम्भ मारिएपछि इन्द्रादि देवता अग्निलाई अगि लगाएँर ती कात्यायनी देवीको स्तुति गर्न लागे । त्यस बेला, अभीष्ट प्राप्ति हुनाले तिनको मुखकमल प्रफुल्लित थियो र तिनको प्रकाशले दिशाहरू प्रकाशित भए ॥२॥

देवि प्रपन्नार्तिहरे प्रसीद
प्रसीद मातर्जगतोऽखिलस्य ।
प्रसीद विश्वेश्वरि पाहि विश्वं
त्वमीश्वरी देवि चराऽचरस्य ॥३॥

देवता भन्दछन्- हे शरणागतको पीडा हरण गर्ने देवि ! हामीमाथि प्रसन्न होऊ । हे सम्पूर्ण जगत्की माता ! हे विश्वेश्वरि ! विश्वको रक्षा गर ! देवि ! तिमी नै चराचरकी अधीश्वरी हौ ॥३॥

आधारभूता जगतस्त्वमेका
महीस्वरूपेण यतः स्थिताऽसि।
अपां स्वरूपस्थितया त्वयैत-
दाप्यायते कृत्स्नमलङ्घ्यवीर्ये ॥४॥

तिमी नै यस जगत्‌को एकमात्र आधार हौ, किनकि पृथ्वी रूपमा तिम्रो नै स्थिति छ । हे देवि ! तिम्रो पराक्रम अलङ्घनीय छ । तिमी नै जलरूपमा स्थित भएर जगत्‌लाई तृप्त पार्दछ्यौ ॥४॥

त्वं वैष्णवी शक्तिरनन्तवीर्या
विश्वस्य बीजं परमाऽसि माया।
सम्मोहितं देवि समस्तमेतत्
त्वं वै प्रसन्ना भुवि मुक्तिहेतुः ॥५॥

तिमी अनन्त बल सम्पन्न वैष्णवी शक्ति हौ, यस विश्वको कारणभूता परामाया हौ । देवि ! तिमीले सारा जगत् मोहित पारिराखेको छौ । तिमी नै प्रसन्न भएपछि पृथ्वीमा मोक्ष प्राप्ति गराउँछ्यौ ॥५॥

विद्याः समस्तास्तव देवि भेदाः
स्त्रियः समस्ताः सकला जगत्सु।
त्वयैकया पूरितमम्बयैतत्
का ते स्तुतिः स्तव्यपरा परोक्तिः ॥६॥

हे देवि ! सम्पूर्ण विद्याहरू तिम्रो नै भिन्न-भिन्न रूप हुन् । जगत्मा जति स्त्री छन्, ती सबै तिम्रो नै मूर्ति हुन् । हे जगदम्बे ! यौटी तिमीले नै विश्वलाई व्याप्त पारिराखेकी छौ । तिम्रो स्तुति के हुन सक्तछ ? तिमी नै स्तवन गरिने योग्य पदार्थभन्दा पनि पर (श्रेष्ठ) तथा परावाणी हौ ॥६॥

सर्वभूता यदा देवी स्वर्गमुक्ति- प्रदायिनी।
त्वं स्तुता स्तुतये का वा भवन्तु परमोक्तयः ॥७॥
सर्वस्य बुद्धिरूपेण जनस्य हृदि संस्थिते।
स्वर्गाऽपवर्गदे देवि नारायणि नमोऽस्तु ते ॥८॥

जब तिमी सर्वस्वरूपा देवी स्वर्ग र मोक्ष प्रदान गर्ने हौ, अनि यही रूपमा तिम्रो स्तुति भयो । तिम्रो स्तुतिको यो - भन्दा राम्रो उक्ति के हुन सक्तछ ॥७॥ बुद्धिरूपले सबैका हृदयमा निवास गर्ने र स्वर्ग एवं मोक्ष प्रदान गर्ने हे नारायणी देवि ! तिमीलाई नमस्कार छ ॥८॥

कलाकाष्ठादिरूपेण परिणामप्रदायिनि ।
विश्वस्योपरतौ शक्ते नारायणि नमोऽस्तु ते ॥९॥
सर्वमङ्गलमाङ्गल्ये शिवे सर्वार्थसाधिके ।
शरण्ये त्र्यम्बके गौरि नारायणि नमोऽस्तु ते ॥१०॥

कला, काष्ठा आदिको रूपमा क्रमशः परिणाम (अवस्था-परिवर्तन) तिर लैजाने र विश्वको उपसंहार गर्न समर्थ हे नारायणि ! तिमीलाई नमस्कार छ ॥९॥ हे नारायणि ! तिमी सबै प्रकारका मङ्गल दिने मङ्गलमयी हौ । कल्याणदायिनी शिवा हौ । समस्त पुरुषार्थ सिद्ध पार्ने शरणागतवत्सला तीन नेत्र भएकी गौरीलाई नमस्कार छ ॥१०॥

सृष्टिस्थितिविनाशानां शक्तिभूते सनातनि ।
गुणाऽऽश्रये गुणमये नारायणि नमोऽस्तु ते ॥११॥
शरणागतदीनार्तपरित्राणपरायणे ।
सर्वस्याऽऽर्तिहरे देवि नारायणि नमोऽस्तु ते ॥१२॥

तिमी सृष्टि, पालन र संहारकी शक्तिभूता, सनातनी देवी, गुणकी आधार तथा सर्वगुणमयी हौ । हे नारायणि ! तिमीलाई नमस्कार छ ॥११॥ शरणमा आएका दीन र पीडितहरूको रक्षामा संलग्न रहने तथा सबैको पीडा हरण गर्ने नारायणी देवीलाई नमस्कार छ ॥१२॥